# महाचीन यात्रा

लेखक
धर्मालोक महास्थवीर
आनन्दकुटी

Dhamma.Digital

D

अनुवादक
नानीमैयाँ मानन्धर
छत्रपाटी

Downloaded from http://dhamma.digital

# महाचीन यात्रा

लेखक

**धर्मालोक महास्थवीर**

**आनन्दकुटी**

अनुवादक

**नानोमैयाँ मानन्धर**

**छत्रपाटी**

Dhamma.Digital

प्रकाशक

**भिक्षु अनिरुद्ध महास्थवीर**

**लुम्बिनी**

Downloaded from http://dhamma.digital

प्रकाशक :

भिक्षु अनिरूद्ध महास्थविर,

लुम्बिनी ।

बुद्ध सम्बत २५२१

नेपाल सम्बत १०९८

विक्रम सम्बत २०३४

[illegible]

मुद्रक :

'शाक्य प्रेस, ओमबाहाल टोल,

काठमाडौं । फोन० १३६०४

Downloaded from http://dhamma.digital

"नमो तस्स भगवतो अरहतो सम्मासम्बु द्धस्स"

# महाचीन यात्रा

## विषय-सूची

### पहिलो परिच्छेद


| पहिलेको कुरो | पृष्ठ |
|---|---|
| १. संकल्प | १ |
| २. किण्डोल विहार | ३ |
| ३. राहुलजी संग | ५ |
| ४. छोरो गजरत्नको विषयमा | ६ |
| ५. श्री लंकामा केही दिन | १६ |
| ६. सात दिन सम्म बन्दी | २५ |
| ७. एक पटक अक्याबमा | २७ |


### दोस्रो परिच्छेद


| | |
|---|---|
| १. कुशीनगरमा मेरो प्रब्रज्या | २६ |
| २. बर्माको चक्र | ३२ |
| ३. पिण्डपात्र | ४६ |


### तेस्रो परिच्छेद


| | |
|---|---|
| १. सारनाथमा मेरो उपसम्पदा | ५३ |
| २. ल्हासा जान | ५५ |
| ३. ल्हासामा | ५८ |


Downloaded from http://dhamma.digital

## चौथो परिच्छेद

१. फारीतिर ७८

२. दुयूमा वर्षावास ८३

३. कालिम्पोङ्गबाट कलकत्ता ८५

## पाँचौं परिच्छेद

चीनमा यताउति

१. सिङ्गापुर तथा हङ्गकङ्ग ८७

२. स्यांहे ९७

३. पेकिङ्ग १०२

४. रिपु च्वेङा १०७

५. पंकिङ्गमा बर्षावास १२०

६. थ्याँकिन् १३१

७. नांर्नकिग १३२

८. स्याँहेमा धोर्ज्येचोपा घेसींको पहेँलो फोला १३५

९. चीनको महातीर्थ १३९

१०. स्वदेश तर्फ १४२

पछिल्लो कुरो

१. नेपाल १४९


२. पुस्तक छपाई कार्यमा १५२

३. आनन्दकुटीको शिलान्यास १५५

४. फेरि यताउति १६३

५. आनन्दकुटीमा आनन्द १७०

Downloaded from http://dhamma.digital



भिक्षु धर्मालोक महास्थविर

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# दुइ शब्द

स्वर्गीय धर्मालोक महास्थविरले नेपाल भाषामा लेख्नु भएको 'महा-चीन यात्रा' को प्रस्तुत नेपाली अनुवाद सरसरती पढेर हेरें । वहाँ श्रद्धेय महास्थविर नेपालमा स्थविरवाद–बुद्ध शासनको स्थापना गर्नको निमित्त चिन्तित हुनु भएको कुरा प्रस्तुत पुस्तकबाट थाहा पाइन्छ ।

वहाँ काठमाडौं स्थित असनटोलमा एक प्रतिष्ठित ब्यापारी साहु हुनुहुन्थ्यो । १९७७ सालमा वहाँ कलकत्तामा ब्यापार गर्नको निमित्त जानु भयो । त्यहाँबाट वहाँ ल्हासामा जानु भयो । १९८१ सालमा ल्हासाबाट फर्केर स्वयम्भू क्फिण्डोलमा बस्नु भयो । १९८२ सालमा वहाँ आफ्नो कान्छो छोरो त्रिरत्नलाई लिएर श्रीलंका जान लाग्नु हुँदा श्री हस्तिरत्नको अनुरोधमा आमा पोइल गई अनाथलाई बसिरहेको मोहनरत्न भन्ने एक अर्को केटो (जो हाल महानाम भिक्षु हुन्) लाई पनि साथमा लिई श्रीलंका जानु भयो । त्यस वखत वहाँको गजरत्न भन्ने जेठो छोरो श्रीलंकामै थियो जो आजकल अनुरूद्ध महास्थविर हुनुहुन्छ । श्रीलंकाबाट फर्केर आउनु हुँदा वहाँले पूजा गरि राख्नको निमित्त एक जोर पात्र–चीवर पनि ल्याउनु भएको थियो । आडम्बर मत चलायो' भन्ने उजुरीबाट वहाँ माथि १९८८ सालमा मुद्दा चलाइएको थियो । मुद्दा सकिएपछि वहाँ पुनः केही आइमाइहरू लिई बर्माको आर्कान्तिर जानु भयो । पछि 'पैसाको कारणले दुःख बढ्दछ' भन्ने मनमा लागेर

Downloaded from http://dhamma.digital

वहाँ १९८९ सालमा स्वर्गीय चन्द्रमणी महास्थविरको छेउ कुशीनगरको महापरिनिर्वाण मञ्च अगाडि श्रामणेर हुनु भयो अर्थात् बुद्ध धर्म अनुसार गृहत्याग गर्नु भयो। गृहत्याग गर्नु भन्दा अगाडि वहाँले कुशीनगरमा आउने चारै दिशाका भिक्षुहरूलाई भोजनको निमित्त ६०० रूपैयाँको एउटा खेत किनी प्रदान गर्नु भएको थियो।

अनि श्रामणेर भएर प्रथमबार काठमाडौं आइपुग्ने वित्तिकै वहाँलाई पुलिसले समाती लगेको थियो। त्यस बखत श्री ३ जुद्ध शम्शेरको शासन-काल थियो। श्री ३ जुद्ध शम्शेरको "मेरो राज्यमा कुनै पुरुष भिक्षु वा साधु भयो भन्दैमा मेरो राज्यलाई केही हानी हुने छैन" भन्ने वचनद्वारा वहाँलाई छाडि दिए। अनि वहाँ प्रफुल्लित भई भोलिपल्टै काठमाडौं शहरमा भिक्षु धर्मानुसार भिक्षाटन् जानु भयो र वहाँले एक मुट्ठी चामल र ६ पैसा पाउनु भएको थियो। त्यसपछि वहाँ सारनाथमा पुग्नु भयो र त्यहाँको बर्मी बुद्ध विहारमा 'सीमागृह' को स्थापना भएको अवस्थामा वहाँले 'उपसम्पदात्व' अर्थात् भिक्षुत्व पाउनु भयो। त्यहाँबाट वहाँ पुनः ल्हासा जानु भयो र १९९२ सालमा अनेक कठिनाइताको सामना गरो चीनको जिउँदो महामञ्जुश्रीको दर्शन गर्ने इच्छा लिई चीन जानु भयो। चीनमा वहाँले एक वर्ष बिताउनु भयो। त्यस बखतको चीनको बयान प्रस्तुत पुस्तकमा राम्ररी भएको छ र चीनबाट फर्केर पुनः वहाँ काठमाडौं आई उही किण्डोल विहारमा बस्नु भयो। अनि त्यहाँ पुस्तक छपाउने कामको साथ साथै धर्म प्रचारको काममा पनि लाग्नु भयो।

त्यस बखत किण्डोल विहारमा शाक्यानन्द महास्थविर, सुमङ्गल श्रामणेर तथा अन्य भिक्षुहरूका साथ म पनि थिएँ। त्यस बखतको

Downloaded from http://dhamma.digital

किण्डोलको धमिलो वातावरणबाट दिक्क मान्नु भएका वहाँले ६०/७० रूपैयाँ खर्च गरी एक स्यानो झुपडी बनाइ आनन्दकुटीको सृजना गर्नु भयो। पछि गएर यसको विस्तार गर्ने कामको निमित्त श्रीमती बाटली नानी र अनगारिका विशाखा उपासिकाहरूको आर्थिक सहायता चिरस्मरणीय रहन गयो। यस सम्बन्धमा लेखक स्वयले 'आनन्दकुटीको शिलान्यास' शीर्षकमा वर्णन गर्नु भएको छ। (पृ० १५५ देखि)

त्यसपछि फेरि एक पल्ट श्री ३ जुद्ध शम्शेरकै पालामा नेपालवासी सबै स्थविरवादी भिक्षुहरूलाई देश निकाला गरिएका घटनाका कुराहरू पनि प्रस्तुत पुस्तकको अन्तमा उल्लेख भएका छन्। पछि गएर श्री ३ पद्म शम्शेरको पालामा निष्कासित भिक्षुहरूलाई फिर्ता बोलाउने काम भएको थियो र २००३ साल जेष्ठ शुक्ल षष्ठीको दिन सर्वप्रथम प्रस्तुत पुस्तकका लेखक धर्मालोक महास्थविर नेपाल आउनु भएको थियो। यो थियो श्रद्धेय नारद महास्थविरको नेतृत्वमा श्रीलंकाबाट नेपालमा आएको पाँच सदष्यीय शिष्ट मण्डलको प्रयासको फल। जुन मण्डलमा यस पंक्तिको लेखक पनि थियो।

आनन्दकुटी विहार,
स्वयम्भू, काठमाडौं,
नेपाल।

भिक्षु अमृतानन्द
माघ १०, २०३४

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

मेरा पूज्य पिता धर्मालोक महास्थविरज्युको जन्म काठमाडौंको असन टोल धालासिकोमा दिसम्बर सन १८९० ई० मा भै ५ अक्टूबर सन १९६७ ई० मा मृत्यु भएको थियो । उहाँको कुल परम्परा उदास [तुलाधर] र मुख्य व्यवसाय व्यापार नै थियो । महास्थविरज्यूको पिताको नाउँ श्री साहु केश सुन्दर तुलाधर तथा माता श्रीमती बेखालक्ष्मी थियो । वहाँको प्रारम्भिक जीवनमा वहाँ श्री साहु दशरत्न [=बारां साहु] को नामले प्रख्यात हुनुहुन्थ्यो । मेरी आमा श्रीमती दिव्यलक्ष्मी स्वर्गवास भै सके पछि वहाँको हृदयमा वैराग्य जागी वि० सं० १९८९ सालमा कुशीनगर जानु भई पूज्य गुरू श्री चन्द्रमणि भन्तेज्युको चेला भै प्रव्रजित हुनु भएको थियो । त्यहाँ देखि वहाँलाई पूज्य धर्मालोक महास्थविरको नाउँबाट पुकार्न थाले ।

पूज्य भन्तेज्यूले अपार दु:ख कष्ट अनुभव र सहन गरी आफ्नै मातृ भाषा नेपाल भाषामा लेख्नु भएको "महाचीन यात्रा" को हिन्दी अनुवाद सन् १९७४ मा प्रकाशित भए देखि नै नेपाली भाषामा पनि प्रकाशित गर्ने मेरो ठूलो आकांक्षा थियो । यो मेरो प्रबल इच्छा र आकांक्षा छत्रपाटीको सुश्री नानि मैया मानन्धरले यस महाचीन यात्रालाई नेपाली भाषामा अनुवाद गरी दिएकोमा वहाँलाई म हार्दिक धन्यवाद नदिई रहन सक्तिन ।

प्रेशको प्रुफरिडिङ इत्यादि सबै झंजत आफ्ना टाउकोमा बोकी यो

Downloaded from http://dhamma.digital

पुस्तक प्रकाशित गरि दिएको सबै श्रेय आयुष्मान भिक्षु अश्वघोषलाई नै छ। वहाँले त्यति अनुकम्पा गरि नदिएको भए यति चाँडै यो पुस्तक पाठकहरूको हातमा पुग्न सक्न थिएन।

संशोधनको लागि प्रा० श्री बटुकृष्ण "भूषण" ज्युको गुण मैले कहिले पनि बिर्सन सक्ने छैन।

यो प्रकाशित पुस्तकबाट लेखक पूज्य भन्तेज्यूको तापसीय जीवनबाट पाठकहरूलाई केहि न केहि प्रेरणा मिलेको खण्डमा म आफ्नो परिश्रम सफल सम्झने छु।

प्रकाशक

**भिक्षु अनिरूद्ध**

**उपसभापति, धर्मोदय सभा, लुम्बिनी।**

२५-१२-१९७७

Dhamma.Digital

Downloaded from http://dhamma.digital

।। नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।।

# महाचीन यात्रा

## पहिलो परिच्छेद

### पहिलेको कुरो

### संकल्प

गृहस्थमा छँदा (काठमाडौंका) टोल टोलमा पुराण भन्ने ठाउँमा गई पुराण सुन्न म साऱ्है मन पराउथें । वज्राचार्य तथा ब्राह्मण पुरोहितबाट धेरै कथा सुनिसकेको र मौखिक रूपमा सुनेका दन्त्यकथाहरूले गर्दा १९७७ सालमा व्यापारको निमित्त एक पटक कलकत्ता जांदा त्यहां मैले लंकाका मानिस-हरूलाई देखें । उनीहरूलाई देख्दा (मेरो मनमा) 'रामायण कथामा लंका राक्षसहरूको देश भनिएको ठाउँमा मानिस पनि हुँदो रहेछ भन्ने कुरालाई मैले एकदमै पत्याउन सकिन । यसै विषयमा अरूहरूसंग सोध्दा श्री लंका गइसकेकाहरूले मलाई उल्लु सम्झे ।

पछि कलकत्ताका कलेज स्क्वायर महाबोधि सभामा श्री

Downloded from http://dhamma.digital

लंकाको अनगारिक धर्मपाल द्वारा बनाईएको विहारमा जांदा अनगारिक धर्मपाल स्वयं त्यहीं हुनु भएको समय पर्न गएको र श्रीलंका सम्बन्धी विषयमा गरिएका कुराकानि राम्रोसंग सुनि सकेपछि मेरो मन दोधारमा पऱ्यो। कुरो हो जस्तो पनि लाग्यो; होइन जस्तो पनि । न कथामा विश्वास भयो; न मैले उहांको कुरोमा विश्वास गर्न सकें । त्यो कुरो त्यसै रह्यो ।

त्यस्तै पछि १६७८ सालमा म ल्हासा (तिब्बत) जाँदा पञ्चशीर्ष पर्वत अर्थात "रिपु च्वेङा" भन्ने ठाउँमा "जाम्बेयां" भन्ने महामञ्जुश्री को दर्शन गरेर फर्केका भोटेहरू (तिब्बे-तीयनहरू) संग भेट भयो। त्यस बेला पनि मलाई उनीहरूको कुरोमा बिल्कुल पत्यार भएन। यसै कुरा सम्बन्धी विषयमा बेला बेलामा अरूहरूसंग सोधेका र महामञ्जुश्रीको दर्शन गरेर आइसकेका तीन चार जनाले पनि भनेका कुरा सुन्दा मलाई हो कि होइन जस्तो भयो। धेरै जनाले भने पछि त्यस बेला मेरो मनमा "तिमीहरू जाने सकेको ठाउँमा के म मात्रै जान न सकुँला ?" भन्ने जस्तो विचार मनमा भयो । "मौका पाए अवश्य पनि एक चोटि जानेछु" भन्ने विचार आयो तर त्यो कुरो पनि त्यसै रह्यो ।

अनि ल्हासामा दुइ वर्ष जति वसि सकेपछि मलाई नेपाल फर्कनु पऱ्यो; फर्कें। फेरि ल्हासा जाँदा मेरो आठ वर्षको छोरो गजरत्नलाई साथमा लगेको थिएँ। मलाई कहिले ल्हासा, कहिले कलकत्ता र कहिले 'फारी' जानु पर्थ्यो । मेरो

Downloaded from http://dhamma.digital

वस्ने र वास ठेगाना भएन। पुत्र गजरत्नको सान्हैं चञ्चल स्वभाव भएकोले उसलाई पनि साथै लिएर जानु पर्थ्यो। त्यसैले उसलाई बनारसको सेन्ट्रल हिन्दु बोर्डिङ स्कूलमा भर्ना गरि दिएँ। महीनाको तीस रूपियाँ खर्च दिई त्यहां दुइ तीन वर्ष पढाउँदा उसको पहिलेको चञ्चलपनमा बिल्कुल सुधार भयो। त्यसैले 'बच्चाहरूलाई विद्या पढाउने पर्दो रहेछ' भन्ने मेरो मनमा पर्‍यो। बनारस बोर्डिङ्ग स्कूलबाट नेपाल फर्कने भएकोले उसलाई ल्हासामा नै झिकाएँ। ऊ ज्ञानी भएर आएको देखी सबै आश्चर्य चकित भए। बच्चाहरूलाई विद्या विना अरूले रक्षा गर्दैन भन्ने कुरामा मलाई पूरा पूरा विश्वास भयो।

## किम्डोल विहारमा

१९८१ सालमा छोरोलाई लिएर ल्हासाबाट नेपाल फर्कें। अनि पांच महिना जति घरमा बसि सके पछि गृहस्थमा वस्ने इच्छा नभएकोले वाबु छोरा दुबै स्वयम्भू नजिक किम्डोल विहारमा गएर वस्यौं। सानो छोरा चाहिं बालकै देखि मामाको घरमा बज्यै संग बसेकोले ऊ उतै पर्‍यो।

किम्डोल विहार बनि सिद्धिएको थिएन। तैपनि आफ्नो औगात अनुसार पैसा खर्च गरी फल्याक ओछ्याउने आदि काम गरी उहीं बसें। गजरत्न दिनहूँ श्रीघः (नःघल टोल) मा जोगवीरसिं साहुको कारखानामा कपडा बुन्न जान्थ्यो। म चाहिं दिन दिनै अष्ट सहश्रृका, प्रज्ञापारमिता पाठ गर्थें। झण्डै एक वर्ष पछि त्यहाँको पुजारी ज्ञिमीको शाक्यको अति-

Downloaded from http://dhamma.digital

सारको रोगले मृत्यु भयो । ऊ विरामो भएको बेला उसलाई गजरत्नले गरेको सेवा जो कोहीले गर्न गान्है पर्थ्यो । घिन नमानिकन त्यस्तो विधि दुर्गन्ध युक्त मल मूत्र सफा गरी कति पनि नघिनाई विरामीको सेवा गरिरहेको देखेर मलाई यस्तो लाग्यो कि यदि यसले बनारसमा वसी बिद्या अध्ययन नगरेको भए यति ज्ञान र यस्तो साहस कहाँबाट आउँथ्यो ? यति मात्र होइन, जुन बेला जे काम अऱ्हाए पनि 'नाँई' भन्ने चलन उसमा थिएन ।

किम्डोल विहारमा पुजारी नभएकोले 'नमो बुद्ध' मा वस्ने भादगाउँको मञ्जुहर्ष नामक व्यक्तिलाई पुजारी बनाई राखें । उनको गुरु 'सेराप्‌धोर्ज्ये' भन्ने दुक्पाको लामा गुरुलाई स्वयम्भू जिर्णोद्धार गर्न दुक्पाका मानिसहरूले दाम (रुपियां) दिई पठाइए तर उनी भने दुक्पा नफर्की नेपालमा नै केरूँ, कुटी, ह्ेलम्बू आदि स्थानमा घुमी–घुमी "न्यूने ब्रत" प्रचार गरी हिड्न थाले । "न्यूने ब्रत" (भनेको) मा एक दिन "सुचि" भनी एक छाक खाई भोलिपल्ट उज्यालो नहुँदै उठेर "द्रुम्बा" नामक शील प्रार्थना गरी एक रात एक दिन अर्थात चौबीस घण्टा सम्म करुणामयलाई त्रिकाल पूजा गरी मुखमा आएको थूक समेत ननिलिइकन निराहार बसी मौन ब्रत बस्नु पर्थ्यो । मञ्जुहर्ष ती महान् लामाका शिष्य भएकोले किम्डोल विहारमा आए देखि अष्टमी, पूर्णीमा, औंसी आदि पर्व पर्वमा उनी आफै पनि 'न्यूने ब्रत' मा बसी अरूलाई पनि ब्रत गराई काम चलाई आइरहेको झण्डै एक डेढ वर्ष विति सकेको थियो ।

Downloded from http://dhamma.digital

## राहुलजी संग

त्यसताका म पनि न्यूनि ब्रतमा नै लागिरहेको थिएँ। दुक्पारिंपोछे–सेराप्‌ध्योर्ज्ये लामा पनि काठमाडौं स्थित 'वौद्ध' (=बोधनाथ) मा आइरहनु भएको थियो। त्यस बेला राहुल सांकृत्यायन हिन्दु साधु वनी ल्हासा (तिब्बत) जाने हेतुले शिवरात्रीको मेलामा नेपाल आउनु भयो र बौद्धमा गएर ल्हासा जाने मानिस कोही भेटिन्छ कि भनी खोज्दा खोज्दै उनै सेराप्‌धोर्ज्ये लामासंग भेट भएछ। अनि उन लामालाई आफ्नो इच्छा व्यक्त गर्दा लामाले "ग्यागर पण्डित" अर्थात् विद्वान हिन्दुस्तानी साधु जान्ने–सुन्ने नै रहेछन् भन्ने विचार गरी राहुलजीलाई ल्हासामा पठाई दिने बचन दिनु भयो। राहुलजी लामाजी संगै बस्नु भयो। शिवरात्रीको मेला सिद्धिएको एक महिना बितिसके पछि हिन्दुस्तानी यात्रुहरूलाई पुलिसहरूले खोजी खोजी हिन्दुस्तान पठाउँदै थिए। राहुलजीलाई लामाजीले खान–पिनको व्यवस्था गराई सुरक्षाकासाथ राखिएका थिए। यस्तैमा एक पटक किम्डोल विहारमा पनि "न्यूने ब्रत" राख्न लगाउने उद्देश्यले दाताहरूले उक्त लामालाई उक्त विहारमा निमन्त्रणा गरे। लामा किम्डोल विहारमा आउनु हुँदा राहुलजीलाई पनि साथैमा लिएर आउनु भयो। त्यसै बेला मेरो राहुलजीसंग भेट भयो।

राहुलजी संग भेट भएकै दिनमा मैले उहांको सबै हालखबर थाहा पाएँ। पहिले उहाँको नाउँ "दामोदर बाबा" थियो। तीन चार दिन संगै बसिसके पछि उहाँले आफ्नो मनको कुरो

Downloaded from http://dhamma.digital

सबै मलाई भन्नु भयो कि उहाँ नेपालबाट ल्हासा गई ल्हासा को "कंग्यूर" "तंग्यूर" भन्ने सबै बौद्ध ग्रंथ (एकत्र पारी) संग्रह गरी ल्याएर प्राचीन नालन्दा विश्वविद्यालय जिर्णोद्धार गरी त्याहां राख्ने। उहाँको यस्तो कुरा सुनिसके पछि मेरो मनमा यस्तो लाग्यो कि– यिनीले त राम्रो विचार लिएर आएका रहेछन्। यिनलाई त हामीले सक्दो सेवा तहल गर्नु पर्ने रहेछ भन्ने विचारले चाहिंदो चाकरी पनि गर्दै रहें। पुलिसले फेला पारेर ल्हासा जान नपाउँदै भारत फर्काई देला भन्ने उनलाई ठूलो डर थियो। त्यसैले बाहिरीया मानिस संग भेट घाट नगर्ने विचारले चूपचाप बसिरहेका थिए, तर भनेर के गर्ने ? कुन मानिस उहाँलाई खोजी–खोजी भेटन आउँथे। लामाजी भने उनको थुप्रो कामले गर्दा अझै एक दुई महिनामा किम्डोल विहारबाट जान नसक्ने जस्तो अनुभव हुन थाल्यो। राहुलजी आफ्नो सब्रै कार्य विग्रन जाला भन्ने डरले "लामाजी जानु नभए सम्म कहाँ बसे सुरक्षा हुन्छ ?" भनी मलाई दिनहूँ उही कुरा दोहऱ्याउनु हुन्थ्यो।

अनि एकदिन उहाँलाई अर्कै एउटा सुरक्षित ठाउँमा लगेर राखें। विहान र दिउँसो दिनको दुई चोटि गजरत्न खाना पुऱ्याउन जान्थ्यो। दुई जना के के कुरा गर्थे त्यो मलाई थाहा थिएन। एकै ठाउँमा मात्र कोचिएर बस्नु परेकोले पन्द्र बीस दिन पछि उहाँलाई ज्वरो आयो। उहाँले मलाई बोलाएर भन्नुभयो– "मलाई यसरी राखी छाड्न हो भने म चाडै मर्छु होला ! लामाजी जाने कि नजाने ? जाने भए कहिले जाने ?

Downloaded from http://dhamma.digital

कहाँवाट जाने ? एक पटक राम्रोसंग सोध्नुहोस ।" अनि मैले लामाजीसंग सोधें ? यही दिन जान्छु भन्ने निश्चित उत्तर दिनु भएन । जाने भए कहांबाट जानु हुन्छ भनी सोद्धा "स्व"★ भन्ने दुई गट्टा फ्याँकेर हेरो 'हेलम्बुवाट जाने' भनी जवाव दिनु भयो ।

उही कुरा राहुलजीलाई सुनाउँदा मलिन मुख पार्नु भई झोक्रि रहनु भयो । उहांको मनोदशा देखि मलाई एक प्रकारले नरमाईलो लाग्यो । अनि मैले आफ्नो मनको कुरो पोखें– "तपाईलाई यहाँ सान्है तकलिफ भए हेलम्बूमा गरम पनि छैन । त्याहाँ मैले चिनेका मानिस पनि छन् । लामाजी पनि उतैवाट जाने भन्नु हुन्छ । त्यसैले अहिले हामी त्यहाँ गइ रहौं ।" मेरो कुरा सुनी उहाँले भन्नुभयो– "यहांत मलाई सान्है मुस्कील भयो हुन्छ त; हेलम्बुमा गएर लामाजी आइ-पुग्नु नभए सम्म उतै बस्छु ।" "उनको दुःख देखेर सक्दो उपकार गर्नै पर्छ" भन्ने मनसायले उहाँलाई हेलम्बु लैजाने विचार गरें । दुइ दिन पछि उहाँलाई हेलम्बूतिर लिएर गएँ । सुन्दरीजल पुग्दा उहाँको खुट्टामा जुत्ताले फोका उठाई घाउ भई रगत निस्कन थाल्यो । घाउले गर्दा उहाँले खोच्याउनु भएको देखि सुन्दरींजलको एउटा पसलनिर बसें । 'यहाँबाट पहाड कसरी चढने ? कोहि मानिस भए बोकाएर लैजान पर्ला' भन्ने विचारले अर्को पसलमा हेर्न जाँदा दैव संयोगले त्यहाँ

★"स्व"=चारकुने, एक थोप्लादेखि छ थोप्ला सम्म भएको दन्तको गट्टा ।

Downloaded from http://dhamma.digital

एउटा खूब बलियो हट्टा कट्टा तामाङ्ग बसीरहेको थियो। सोधें "तिमीले एउटा मान्छे वोकेर हेलम्बू सम्म पुऱ्याई दिन सक्छौ ?" उसले भन्यो– "ज्याला कति दिने ?" मैले कति लिने भनी सोद्धा "खाएर दिनको एक रुपैयाँ लिने" भन्यो । उसले भने जति दिन म तयार भएँ। "वोक्नु पर्ने मान्छे कहाँ छ ?" भनी भरियाले सोध्यो । अनि उसलाइ ल्याएर राहुलजी-लाई देखाएँ। अग्लो राहुलजीलाई बोकेर हेऱ्यो। उसले भने जति ज्याला दिएकोले 'नाहीं' भन्न सकेन । ऊ पनि खुसी भयो। हामी पनि खुसी भयौं । मैले अऱ्हाएँ– "जाउत डोको सोको लिएर आऊ।" भरियाले भन्यो– "डोकोमा बोक्न अप्ठेरो पर्छ । बरू एउटा फल्याकमा दुईतिर प्वाल पारी डोरी लगाएर बोके सजिलो होला ।" त्यसो भए आफ्नो सामान बनाएर ल्याऊ भनी पठाइ दिएँ। त्यसबेला बिहानको नौ–दश बजेको समय थियो। उसले उक्त फल्याक् बनाउँञ्जेल सम्म हामीले त्यही पसलमा दूध, चिउरा किनेर खायौं । खाना पनि सिद्धियो, भरीया जानलाई तयार भएर आयो । एघार बजेका टायममा राहुलजीलाई बोकाएर सुन्दरीजल तिर उक्लें। 'ताना मानां' भन्ने पसलमा सांझतिर पुग्यौं। त्यहाँ भात पकाई खाई उहीं बास बस्यौं। भोलिपल्ट बिहान सबेरै उठेर गई अर्को बासमा पुग्न गयौं। यसै गरी पर्सिपल्ट पनि सबेरं उठी हिड्यौं र नौ, दश बजेतिर 'तार्के घ्यां' भन्ने ठाउँमा 'धन्दुर' नामक हेलम्बूको एउटा भोटे कहाँ पुग्यौं । त्यहाँ भरीया भएर आउने तामाङ्गलाई धन्यवाद दिंदै उस-

Downloaded from http://dhamma.digital

लाई चाहिंदो ज्याला दिएँ। अर्को एक रुपियाँ बक्सिस दिंदा तामाङ्ग झन खुसी भएर फर्क्यो। खान पिन सिद्धिए पछि धन्दुर-लाई राहुलजीको सबै हाल सुनाएँ। "सेराप् धोर्ज्ये लामाजी आउनु नभए सम्म (ग्यागर पण्डित) जीलाई तिमीले ख्वाउने व्यवस्था गर्नू। केही भई लामाजी आउनु नभए तिमी आफै गएर "न्यालाम्" भन्ने कुटी सम्म पुऱ्याई दिनु भनी उसलाई जिम्मा लगाएर भोलिपल्ट म त्यहाँबाट फर्कें। फर्कंदा सेराप् धोर्ज्ये लामाजीका "अनिहरू" (- भिक्षुणीहरू) र उहाँका नोकर चाकरहरू बीच बाटोमा भेट भयो। "ग्यागर पण्डितजी लाई हेलम्बुमा छोडेर आएँ। राम्रोसंग हेरविचार गर्नु भनी म काठमाडौं तिर फर्कें। उनीहरू उता गए। भोलिपल्ट किम्डोल विहार आई पुगें। लामाजीलाई सबै हाल सुनाएँ। उताको कुरो राहुलजीलाई नै थाहा छ।

## छोरो गजरत्नको विषयमा

हेलम्बुमा राहुलजीलाई छोडेर आइसके पछि किम्डोल विहारमा न्यूनि ब्रत चलाई रहें। एक वर्ष जति बितेपछि न्यूनि व्रत बस्ने आइमाईहरू बढदै आए। यस व्रतमा दुइ रात यहीं उनीहरूलाई काट्नु पर्थ्यो। तर त्यहाँ लोग्नेमान्छेको नाउँमा हामी दुई बाबु छोरा र मञ्जुहर्ष सिवाय अरू नभएकाले वाहिरतिर (समाजमा) नचाहिंदो कुराहरूको चर्चा हुन थाल्यो। यस्तो कुरो पनि मेरो कानमा पऱ्यो कि– "एउटा पेट बोक्ने स्वास्नी मान्छे खोजेर न्यूनि व्रत बस्न लगाई बच्चा

Downloaded from http://dhamma.digital

पाउने बेला मलाई पन्छाई दिने, यति नगरी नछोड्ने रे।" यी वाहीयात कुराहरूले गर्दा आइमाईहरूको बीचमा वसिरह्यो भने अनेक प्रकारका उपहास निन्दाका भय आउने देखेर न्यूनि व्रतको काममा लाग्न उति मन लागेन। तैपनि एकै पटक छोड्न नमिलेकोले केहि दिन यसरी नै बिताउनु पऱ्यो।

राहुल्जी नेपालमा छँदा गजरत्नलाई श्री लंका पठाई अध्ययन गराउने विषयमा दुई जनाको कुराकानी भएको र श्री लंका जान पासपोर्टको समेत बन्दोवस्त गराएको रहेछ, यो कुरो मलाई थाहा थिएन। 'कलकत्तामा एक चोटि जानु पऱ्यो' भनी एक दिर वाबु छोरोको सल्लाह भयो। किम्डोल बिहार-मा बसीरहने इच्छा पनि भएन। स्वास्नो मान्छेहरूको संगत-बाट पनि छुट्नु पऱ्यो भन्ने विचारले सानो छोरो त्रिरत्न जो दश महिना हुँदा आमा मरे देखि बज्यैको घरमा बसीरहेकोले उसलाई उतै राखी गजरत्न र म किम्डोल विहार छोडेर व्यापार गर्न कलकत्ता गयौं। कलकत्तामा गजरत्नलाई उसको साखै मामा महाधर साहुलाई छोडेर म 'आसाम देवालगिरि गोदाम' भन्ने ठाउँमा व्यापार गर्न गएँ। यतखा वहालको साथी तुयूकाजी र महाधर साहुको छोरो मेरो साथमा थिए।

आसाममा तोन महिना सम्म व्यापार चल्यो। भूटान र आसामको दो साँधको जङ्गलमा सरकारी फौजहरू आएर थाना, पुलिस चौकिको पूरा व्यवस्था गरी व्यापार गराउने रहेछन्। व्यापारीहरू बाँसको 'कत्यारी' (झुप्री) बनाई व्यापार गर्थे। मारवाडीहरू आसामिहरू, भूटानीहरू, नांगो देशका

Downloaded from http://dhamma.digital

मानिस नांगाहरू हिन्दुस्तानीहरू आदि मानिसहरू आई दुइ तीन महिना खूब व्यापार चलाउँथे। दुप्पाहरूले कच्चा लाहा लाखौं रुपियाँको बेचेर जान्थे। नांगा मुलुकका मानिसहरूले भूलाहा ( अरण्डी) (एक प्रकारको कपडा) बुन्ने किरोको जाल, रेशम र बुनिसकेका भूलाहा ल्याएर बेच्यो। त्यसको पैसावाट तिनीहरूलाई चाहिने सामान किन्दथ्यो। दुप्पाहरूले पनि आफ्ना माल सामान आफूलाई चाहिएका सामान किनेर लैजान्थ्ये।

म त्यहाँ जानु भन्दा पहिले नेपालमा बस्दा ह्लासाबाट आउने ह्लासा भूलाहा र भारतवाट आउने कलकत्ता भूलाहा भन्ने मात्र जान्दथेँ। भूलाहा खास गरी कहाँवाट आउने हो– मलाई राम्रोसंग थाहा थिएन। त्यहाँ गए पछि मात्र यसको ज्ञान भयो। त्यही मेलामा ह्लासा र अनेक देशका मानिसहरू आई भूलाहा किनेर तिब्बतीयनहरूले तिब्बततिर र हिन्दुस्थानीहरूले कलकत्तातिर लैजान्थे। अरू कपडा–लत्ता र चिया व्यापार पनि निकै हुन्थ्यो। धेरै चियाका बारीहरू पनि छन्।

पहिले पहिले कालिम्पोङ्गबाट ह्लासा जाने बाटो न भएको बेला ह्लासाको निमित्त चाहिदो सामान नेपाल बाटै लैजान्थे। उसबेला तिब्वेतीयनहरूले 'नेपालवाट आएको सामान सबे नेपालमा बनेको' नेपाल ठूलो देश, र नेपालीहरू सुलक्षण भएको भनी समझनथे। त्यसैले नेपालीहरूलाई 'नोर्बू' (=रत्न) भनिन्थ्यो। आजकल कालिम्पोङ्गबाट ह्लासा जाने

Downloaded from http://dhamma.digital

वाटो खुले पछि नेपालीहरू प्रति भएको गौरव क्रमशः घटदै गयो । आज–भोलि तिब्वतीयनहरू आफै ठूला ठूला व्यापारी वनी कलकत्ता जाने गर्छन् । उनीहरूले नेपाल प्रति केही वास्ता नगरेकोले नेपालका महाजनहरू धेरै जसो काम नभएर बेकामी बनिरहेछन्। ल्हासा जाने काम हुँदा नेपालका महाजनहरूको धेरै काम हुन्थ्यो ।

आसाम जानु भन्दा पहिले जसरी मैले ल्हासा भुलाहा-लाई ल्हासावाट आउने सम्झन्थें त्यस्तै तिब्बेतीयनहरूले नेपालबाट झिकाइने सबै सामानहरू नेपालमा नै वनेको भनी ठानेका रहेछन्। देश–विदेशमा गएर हेरेपछि मात्र थाहा हुने रहेछ।

म आसाम गएको एक महिना जति पछि गजरत्नले श्री लंकामा गएर पढन जाने विचार गरेछ र उसको मामा महाधर साहुलाई 'श्री लंका गई पढन जान्छु ' भनेछ । मामा चाहिंले 'तिम्रो बाबुलाई नसोधी पठाउँदिन ।' भनेछ क्यारे । श्री लंका पठाएन भन्ने रीसले गजरत्न नखाइकन भोकै वस्थ्यो, रुन्थ्यो, र वाहिर गएर हैरान गर्थ्यो । त्यसैले आसाममा मलाई चिट्ठी आयो कि– "तिम्रो छोरो बहुला भयो, तुरन्त आउनू ।" चिट्ठी पुग्नासाथ भोलि पल्टै म कलकत्ता आएँ। गजरत्न दुब्लाई सकेछ । मलाई देख्ने बित्तिकै धुरु धुरु रोयो । मैले सोधें– "किन त्यसरी रोएको ?" उसले भन्यो– "मलाई यहाँ पढाउँछ भनी ल्याएर किन तेसै छोडेर जानु भएको ?" उसको कुरो सुनी– "लौ अव तिमो कहाँ पढन

Downloaded from http://dhamma.digital

जाने ? पढनको लागि पनि तिम्रीले त्यसरी रोएर दुःख दिने ?" उसले भन्यो– "म त श्रीलंका गएर पढन जान्छु ।" मैले भनें– "तिमी श्रीलंका कसरी जान्छौ ? न भाषा जानेको छौ, न कोही चिनेका मानिस नै, न तिमीलाई लिएर जाने कोही साथी नै छन् ?" मेरी कुरा सुनी उसले भन्यो– "त्यसमा केही धन्दा छैन । केवल 'जाऊ' भन्ने अनुमति र केही बाटो खर्च भए पुग्छ ।" उसको कुरा सुनेर मैले भने– "कलकत्तामा तिमीलाई जहाँ मन पर्छ, त्यहाँ गएर पढ्न जाऊ । तिमीलाई चाहिएको खर्च पुऱ्याउँछु ।" भन्दा पनि उसले मानेन । उसले जवाफ दियो– "यहाँ त म पढदै पढ्दिन, पढाउने भए मलाई उत्तै पठाउनु होस् ।" अब यसलाई मनाउन सकिंदैन भन्ने मनमा लाग्यो । पहिले पनि यसले गर्न सम्म हैरान गरेकोले बनारस बोर्डिङ्ग स्कूलमा दुई वर्ष र दश महिना राख्दा निकै ज्ञानि भएको थियो । विद्या अध्ययन गर्नै पर्छ भनी जानेर वडो साहसी देखिएको थियो । अहिले पनि यसलाई **'डर'** भनेको केहो ? थाहै छैन । जस्तो मनमा आयो त्यस्तै गर्ने । अरू उपायले यो मान्दैन पनि । उसको कर्ममा जे हुनु पर्छ; नभई छोड्दैन भन्ने विचारले "तिमी जाने भए जाऊ । जति खर्च चाहिन्छ मामा संग लिनू । अरू ओढने–ओछ्याउने लुगा–सुगा के के चीज चाहिन्छ तयार गर्नू । मामा चाहिंलाई चाहिने रुपियाँ दिई पठाउनू' भनी म फेरि आसामै गएँ ।

Downloaded from http://dhamma.digital

# पुत्रको पत्र

व्यापारको काम सिध्याई आसामवाट फर्कन लागेकै बेलामा मलाई ज्वरो आयो। ज्वरो आउँदा आउँदै मुस्कीलले म कलकत्ता आइपुगें। त्यसबेला सम्म गजरत्न श्री लंका जान सकेको थिएन। साथी खोज्दै थियो। मलाई केही सञ्चो जस्तो भएपछि नेपाल फर्कने इच्छा भयो। अरूहरूले पनि 'नेपाल गए चाडै ठीक हुन्छ'- भने। आसामवाट भारतीय रु. १०००।- जतिको भुलाहा किनेर ल्याएको थिएँ। कलकत्तामा वसी रह्यो भने खर्च धेरै हुन्छ भन्ने विचारले गजरत्नलाई चाहिंदो खर्च दिई म काठमाडौं फर्के। गजरत्नले श्र। लंका जाने व्यवस्था ऊ आफैले गरीरह्यो। काठमाडौं आइपुगे देखिन मलाई रोगले झन च्याप्यो। खाटबाटै ओर्लन सकिन। 'दुछें' मा बस्ने सिद्धिरत्नलाई बोलाउन पठाई अस्पतालमा सीट (Seat) खालि छ, छैन हेर्न पठाएँ। सीट खालि भएकोले ऊ डोली लिई म कहाँ आयो। डोलीमा वसेर म अस्पताल गएँ। डाक्टरले मलाई जाँचेर भर्ना गरे।

औषधी नख्वाइकन चार दिन सम्म राखी छोड्यो। पछि औषधी ख्वायो। सो औषधीको प्रभावले धेरे वान्ता भयो। वान्ता हुँदा डढेको भाँडा माज्दा निस्कने कालो निस्के जस्तो चोक्टा चोक्टा धैरे निस्क्यो। वान्ता नथामिएकोले मलाई सान्है वेदना भयो। न बाँच्ने लक्षण देखेर तलाछिको जगतरत्न साहुलाई भने- "मलाई कालमोचनको सतलमा राख्न लैजानुहोस्।" उहाँले- 'आज ठाउँ हेरेर आउँछु।'

Downloaded from http://dhamma.digital

भन्नु भो। त्यही कुरा सबैले थाहा पाएर सबै साथीहरू हेर्न आए। वान्ता नथामिएको कुरा डाक्टरलाई भन्दा उनले एक कुरुवा जति दूध लिन पठाई दम चूलोमा तताउन लगाए। उम्लिएको दूधमा एउटा कागती निचोरेर राख्दा दूध फाट्यो। त्यही फाटेको दूध कपडामा छानेर तातातातै एक माना जति ख्वाईदिए। त्यो खाए पछि बान्ता रोकियो। पेटमा सञ्चो भयो। भोलिपल्टदेखि आराम महसूस भयो। तर एउटा दुःख के छ भने निन्द्रा पटक्कै आएन। यसले गर्दा खाएको वस्तुहरू पच्न सकेन र रात काटन महा मुस्कील पऱ्यो। जसरी बसे पनि नहुने। पिठ्युं दुखेर आउँथ्यो। बसे ढाड दुख्यो। त्यसै बेला एउटा उपाय मनमा सुझ्यो। उपाय भनेको सान्है ठूलो हो। फाटेको दूधले वान्ता थामियो। अस्पतालमा मलाई औषधी ख्वाउन आउने र भात ख्वाउन आउनेहरूलाई दिनू भनी जगतरत्न साहुले मोहर–बट्टा जाने पाँच, छ वट्टा चुरोट दिएका थिए। रातमा चुरोट खाने बानी थिएन। तैपनि निद्रा नआएकोले आधा रातमा चुरोट भएको समझे र बिस्तारै एउटा चुरोट झिकें। सलाई कोरेर स्वीक एक सर्को के तानेको थिएँ कमजोर शरीरमा अफिम मिसाएको चुरोटले गर्दा रिङटा लाग्यो। फेरि विस्तारै दुइ तीन सर्को तानेर चुरोट निभाएँ। अनि निद्रा आयो। भोलिपल्ट बिहान ब्युंझदा उज्यालै भइसकेको थियो। जीउ हलुका भई भोक लागेर आयो। पहिले भए ख्वाउन ल्याउनेमा अघि पनि खान सक्दैनथे; निद्रा आए-

Downloaded from http://dhamma.digital

कोले सबै खाएर पनि सन्तोष भएन । भोक लागि नै रहेको थियो । त्यो दिन सहेरै बसे। भोलिपल्ट अस्पतालमा ख्वाएको न पुगेर घरबाट पनि खाना मगाएर खाएँ । उपाय भनेको गर्नै पर्ने रहेछ । उपायले गर्दा बान्ता थामियो, निद्रा आयो । चौदह दिनमा लट्ठी टेकेर घरमा आएँ । घर फर्केर एक महिना जति पछि गजरत्न श्री लंका गयो भन्ने समाचार आयो। के गरेर गयो, कसरी गयो– मलाई केही थाहा थिएन ।

छ, सात महिनासम्म पनि गजरत्न यहां वहाँ भन्ने केही खबर पाइएन । चिट्ठी पनि एउटै आएन । पछि प्रव्रजित–श्रामणेर भएर काषायवस्त्र धारण गरेको फोटो सहितको एक पत्र आयो; अनि मात्र सबै हाल खबर बुझें ।

शरणंकर भन्ते भिक्षुजीले गजरत्नलाई श्री लंकामा लैजानु भएको रहेछ । उहाँले उसलाई विहारमा खाना पिनाको वन्दोवस्त मिलाई, छ, सात महिना सम्म संगै राखेर सिंहली भाषा सिकाइ रहनु भएको रहेछ । पछि आनन्द कौसल्यायनजी घुम्दै आउँदा उनै शरणंकर भन्तेजीको विहारमा गजरत्नलाई देख्नु भएछ । आनन्दजीलाई त्यो केटो हिन्दुस्थानी जस्तो लागेर 'तिमि को हो ? भनी सोद्धा 'म नेपालबाट आएको गजरत्न हूँ" भने छ । "अहो ! तिमि यहाँ वसि रहेका छौ ? राहुलजीले तिम्रो विषयमा पत्र पठाई राख्नु भएको छ । तिमी यहाँ रहेको मलाई थाहा थिएन । तिमी यहाँ वस्ने होइन । हामी वसेको विहार 'विद्यालंकार परि-

Downloaded from http://dhamma.digital

वेण'मा तिमीलाई राख्नु भनेर राहुलजीको चिट्ठी आइरहेको छ । तिमी यहाँ कसरी आइपुग्यो ? हामी कहाँ आउनु" भनी आनन्दजीले शरणंकरजीको विहारले रोक्दा रोक्दै पनि विद्यालंकार परिवेणमा गएको रहेछ । उनै आनन्दजीकहाँ बसेर केही दिन पढिसके पछि गजरत्न त्यहीं श्रामणेर भएछ र उसलाई अनिरुद्ध नामकरण गरेको रहेछ । यसरी श्रामणेर भएको अनिरुद्धले सबै हालखबर लेखी पठाएको पत्र र फोटो देखे पछि "अब भने सार्‍है राम्रो हुने भयो" भन्ने मनमा लाग्यो । तर त्यसको साथ साथमा म पहिले ह्लासामा बस्दाखेरि– "नेपालमा नागर्जुनमा 'ब्लिरिंनबु' भन्ने एक लामाजीको धर्म सम्बन्धी व्याख्यान सुनेर चित्त बोध भएपछि महाप्रज्ञा सहित पाँच जनाले भिक्षुत्व ग्रहण गरी भिक्षा माग्न जाँदा तिनिहरूलाई पुलिसले समात्दा पनि तिनिहरूले आफ्नो चर्या न छोडेकोले देशबाट निकाला हुन पर्‍यो " भन्ने पहिलेनै सुनी राखेको कुरो झ्वास्स सम्झे । उसबेला ह्लासामा बस्दा भिक्षुहरूलाई देश निकाला गरेको खबर सुन्ने बित्तिकै मलाई यस्तो विचार आयो कि– "अब नेपालमा अवश्य पनि भिक्षु चर्या भगवान बुद्धको शासन र धर्म समारम्भ हुन्छ ।" अहिले पनि मलाई उही कुरोको स्मरण भयो ।

पहिले भिक्षुहरूलाई देश निकाला गरेको कुरो सम्झन्दा पनि मलाई कत्ति पनि डर लागेन । बरू यो चित झन दृढ भयो । "अनिरूद्ध नेपाल आउँदा उसलाई देश निकाला गरे पनि आखिर हुन्छ के ?" भन्ने कुराले मनमा अझ उत्साह

Downloaded from http://dhamma.digital

बढाइदियो। विस्माद कति पनि भएन। उनको चीवर लाएको फोटो देखेदेखिन् मनमा आनन्द अनुभव भयो। केही चिन्ता भएन। वरू अनिरूद्धको चिट्ठी हेर्थे कि उही हर्ष मात्र बारम्बार मनमा पैदा हुन्थ्यो।

पछि श्रीलंकामा आफुले सक्दो खर्च र चीजबीज पठाउँदै गरे। सेतो चामर, नेपालका पुस्तक, इत्यादि आफुसंग भएको र आफुले सकेको पठाउँदै गरेँ। त्यसबेला ती सामान पठाउन लैनचौरको पोष्ट अफिसमा जानु पर्थ्यो। त्यहाँ आइरहने हाम्रा नेपाली दाजुभाइहरूले 'श्रीलंका सम्म पनि चिट्ठी पार्सल जाँदो रहेछ! भनी आश्चर्य मान्थे। त्यसमाथि पनि मेरो छोरो नै श्रीलंकामा छ भन्दा उनीहरू झन चकित हुन्थे। अनिरूद्ध श्रीलंका गएको एक डेढ बर्ष पछि उसको भाई त्रिरत्नको उमेर करीव १३–१४ वर्ष पुग्न आयो। अनिरूद्धले भाइलाई यहाँ श्रीलकामा पठाई दिए राम्रोसंग पढाएर राख्नेछु भनी निकै पत्र पठायो। 'यो छोरोले पनि राम्रो संग पढेर ज्ञानी भयो भने उही चर्यामा राखी दिनेछ' भन्ने मनमा लाग्यो। अनिरूद्धले बारम्बार चिट्ठी पठाइरहेकोले "यो केटोलाई पनि श्रीलंका पुऱ्याउन जाउँ। फेरि पहिले रामायण कथामा श्रीलंका विषयमा धेरै बयान सुनी राखेकोले लंका भनेको कस्तो रहेछ हेरेर पनि आऊँ" भन्ने मनमा लाग्यो। रामायणमा सुन्दा अर्को कुरो के छ भने– "विभिषण भन्ने चिरंजीवि प्राप्त अर्थात उनी कहिल्यै मर्न नपर्ने, उनी आजसम्म पनि जीवित छन्– भनी सुनी राखेकोले 'नमरेको भए

Downloaded from http://dhamma.digital

उनलाई अवश्य देख्ने छु' भन्ने विचारले त्रिरत्नलाई लिएर श्रीलंका जाने ठूलो इच्छा भयो । यस्तै मनमा लागिरहेको बेला यो कुरो ककस्ले कहांबाट थाहा पाएछन् कुन्नि । काठ-माडौं बस्ने हस्तिरत्न बिचारीले भन्न आयो– "मोहनरत्न भन्ने एउटा केटोको बाबुको मृत्यु भयो र उसकी आमा हख-लानी पोइल गई । केटो निस्सहाय भई बरवाद भइरहेको छ । ती केटो एउटालाई पनि श्रीलंकामा अनिरूद्ध कहाँ राखेर विद्योपार्जनको निमित्त साथमा लैजाऊँ ।" आमा वाहिं पनि आएर सान्है कराए । 'विद्या पढाउने भनेको महान उत्तम कार्य हो जस्तो लाग्यो र त्यो केटालाई पनि साथै लैजाने विचार आयो ।

## श्री लंकाम्मा केह्री दिन

१९८२ सालमा श्रीलंका जाने विचार भयो । अनि मेरो मनमा यस्तो विचार आयो– "पहिले व्यवहारमा बस्दाखेरीको दु:ख वेदना, अत्याचार र यो संसारमा कसैको भरोसा नभएको धोखा खाएका सबै कुराहरू सम्झदा यस विषय वासनामा बस्नु र कसैलाई राख्नु भन्दा प्रब्रजित हुनु नै बेस । दाजु चाहिं त प्रब्रजित भइसकेकै थियो । यो छोरो पनि यही मार्गमा भई दिए सान्है राम्रो हुनेछ ।" अहिले सानो छोरो-लाई श्रीलंकामा पुऱ्याएर आउँछु र त्यहांको छाँट काँट पनि हेरेर आउँछु भन्ने विचारले मोहनरत्न र त्रिरत्नलाई लिएर कलकत्ता गएँ ।

Downloaded from http://dhamma.digital

कलकत्ताको हरिसनरोड माधोभवनमा मामाहरूको कोठी थियो। त्यहीं गएर बसें । आज भोलि श्रीलंका जाने कोही साथी भेटिएला कि भनी कलेज स्क्वायर महाबोधि सोसाइटीमा सोध्न गएँ। 'चार, पाँच दिन पछि एक सज्जन जांदैछ' भन्ने जवाफ पाएँ । ती सज्जन जहाजमा नोकरी गरी रहेछन् । उनको ठेगाना जहाजको नम्बर र नाऊँ दिएर "हावडा तिर खोज्न जाऊँ" भनी पठाए। त्यहाँ गएर खोज्न जांदा जहाजमा ती सज्जनसंग भेट भयो। उनलाई भने– "श्रीलंकाको विद्यालंकार परिवेणका भिक्षुजीहरूले दुइ केटाहरूलाई विद्या अध्ययन गराउन पठाउनू" भनेर ल्याउनु भएकोले बच्चाहरूलाई त्यहाँ पुऱ्याउन जाने विचारले महाबोधि सोसाइटीमा गएर सोध्न जांदा 'तपाई चार पाँच दिनमा जाँदै हुनुहुन्छ' भन्ने खबर पाएकोले यहाँसंग भेटन आएको हुँ" भनी सबै कुरो गरें । मेरो कुरा सुनी ती सज्जन साऱ्है खुशी भए। 'हुन्छ म लगी दिनेछु' भनी खूब भरोसा दिनु भयो। कुरा कानी सिद्धयाएर फर्कन लाग्दा उहाँले साऱ्है आग्रह गरी चिया, बिस्कुट, पाउरोटी, फलफूल आदि खुवाउनु भयो।

"मेरो मालिकले छुट्टी दिए पछि म आफै तपाई कहाँ आउँछु" भनी मेरो ठेगाना लिनु भयो। म फर्कें। सात, आठ दिन पछि उहाँ छुट्टी लिइ मलाई खोज्न आउनु भयो। भेट भए पछि "छुट्टी लिइ सकें", तपाई कहिले जान सक्नु हुन्छ?" भनी सोध्नु भयो। वेले भनें "तपाईलाई अनुकूल परेको वेला म जान तयार छ। अनि उहाँले एक हप्ता भित्रमा

Downloaded from http://dhamma.digital

जाने निश्चय गर्नु भई महाबोधि सोसाइटीमा जानु भयो। केटाहरूलाई चाहिने लुगा, कोट, आदि सबै सामान तयार गरेर दुबैलाई लिई महावोधि सोसाइटीमा गएँ। एक रात त्यहाँ काटेर भोलिपल्ट खानासाना खाएर मोटरबाट हावडा स्टेशन गएँ। मद्राससम्म गाडीको टिकट लिई हामी दुइ र दुइ केटाहरू चारै जना मद्रास तिर लाग्यौं। गाडीमा उहाँले हामीलाई खूब हेरचाह गर्नु भयो। मद्रास पुगेपछि धर्मशालामा गयौं। उहांको त्यहाँ अलि काम भएकोले दुइ रात त्यहीं बसी होटलमा खानपिन गरी मद्रासको सबै बजार धुम्यौं। त्यहाँका आइमाईहरूले सुनका डल्लाका गहना कानमा लाउने भएकोले उनीहरूको कान तन्किएर लामो भएको अनुभव हुन्थ्यो। ती कान देख्दा नेपालमा भगवान बुद्धको मूर्तिको कान सम्झना भयो। स्वास्नी मान्छेको फरिया पनि लोग्ने मान्छेले धोती कसे जस्तै पछिल्तिर कसी राखेको हुन्थे। समुद्र र इनारको पानी खाने नसक्ने नुनिलो छ। धाराको पानी मात्र खाइन्थ्यो।

उक्त सज्जनको काम सिद्धिए पछि तेस्रो दिनमा श्रीलंका सम्मको इण्टर टिकट काट्नु भयो। 'इण्टरको टिकट् किन लिनु भएको' भनी सोद्धा– "यो टिकट नलिए मण्डपममा डाक्टर जाँच हुने ठाउँमा सात दिन सम्म बस्नु पर्ने हुन्छ"। पास दिई पठाउंदैन। त्यहां बस्नु पर्दा खर्च पनि बढी लाग्छ। त्यहाँ बसी केहो भई ज्वरो आई बिरामी भयो भने श्रीलंकामा पठाउँदैन। त्यसैले इण्टरमा गएर बसे पछि डाक्टर गाडीमा नै जाच्न आउँछ। त्यहाँ कुर्न पनि परेन। चाडैनै पासपोर्ट

Downloaded from http://dhamma.digital

पाईन्छ। नत्र सार्है गार्हो हुन्छ" भन्नु भयो। उहाँले त्यस्तो कुरो सबै थाहा पाएकोले सुबिधाका साथ कोलोम्बो पुग्यौं। शहर खूब राम्रो लाग्यो।

ती सज्जनले आफ्ना दुइटा बाकस घरमा पुर्‍याएर आउञ्जेल 'तपाईहरू यहीं बसीरहनुस्' भनी हामीलाई एक दोबाटोमा छोडेर उही मोटरमा जानु भयो। त्यसबेला उहां नफर्कुञ्जेल कोहीसंग कुरा गर्न जान्दैनथ्यौं। टाढैबाट एक दुइ भिक्षुहरू देखिन्थे। अनिरूद्ध आएका होकि ? हेर्दा, अर्कै पर्थ्यो। निकै बेर सम्म पनि ती सज्जन नआउँदा डर पनि लागेर आयो। भाषा बिल्कुलै नजानेकाले कुरा गर्न नजानेर के गरूँ के गरूँ जस्तो भयो। फेरि 'ती सज्जनले छकाउन त नपर्ने हो' भन्ने विचार पनि आयो।

धेरै बेर पछि उहाँ (ती सज्जन) मोटरमा बसेर आउनु भयो। 'तपाईहरूलाई म आउँदैन कि भन्ने डर लाग्यो होला' भनी सोध्नु भयो। हामीले केही भनेनौं। अनि हामीलाई पनि मोटरमा राखी विद्यालङ्कार परिवेणमा पुर्‍याइदिनु भयो। तर त्यहाँ अनिरूद्ध थिएन। चिनेको पनि कोही थिए-नन्। उहांले नै सबै कुरा बताई दिनु भयो। बस्नलाई एउटा कोठा देखाई दिए। त्यहाँ बस्ने पूज्य धर्मानन्द हामुदुरु भन्ने अनिरूद्धको गुरुले चाहिंदो सबै बन्दो बस्त मिलाई दिनु भयो। अनिरूद्ध आइपुगेपछि ती सज्जन फर्के।

श्रीलंका पुगेदेखिन् दिन दिनै अस्पतालमा गएर डाक्टर देखाई त्यहाँबाट दिइएको औषधी खाइ रहनु पर्‍यो। त्यसरी

Downloaded from http://dhamma.digital

डाक्टर देखाएर रसिद लिई राख्नु पर्थ्यो । त्यसरी त्यहाँ देखाउन नगए ठूलो सजाय दिन्थ्यो रे। त्यसैले दिनहूँ मोटरमा बसी देखाउन जानु पर्थ्यो । 'उनीहरूले भयो' न भने सम्म गइरहनु पर्ने । त्यो दस्तुर मलाई मात्र होइन सबैलाई रे। दश दिन सम्म गइरहें । एक पैसा पनि दिनु पर्दैनथ्यो ।

त्यहाँ बसेको चार, पाँच दिन हुँदा दाल, तरकारी आदि खाने कुरोमा धेरै जसो नरीवल तेल राख्ने भएको र त्यस माथि पनि हावा पानी न मिलेकोले अलि अलि रुघा लाग्यो । पछि ठीक भयो।

केही दिन पछि रावणको दरवार हेर्ने इच्छा भयो । तर पुराण सुनेको कुरामा र त्यहाँको मानिसको छाँट काँटमा निकै फरक देखिन्थ्यो । कति राम्रो मिजास, कस्तो श्रद्धा। त्यहाँ हेर्दा त नेपालमा साच्चै केही पनि छैन भन्ने मनमा लाग्यो ।

मोटरमा बसो 'अनुराधपुर', श्रीलंकामा सवभन्दा पहिले अर्हत महिन्द्र महास्थविर आकाश मार्गबाट जानु भई पाइला टेक्नु भएको पर्वत, एउटा सिंगो ढुङ्गामा अठार हात लामो भगवानको मूर्ति भएको ठाउँ ( = औकन) एक ठूलो ढुङ्गा भित्र पाँच वटा विहार जस्ता कोठाहरू भएको गुफा मन्दिर, भगवान बुद्धको दन्त धातु राखिएको स्थान, श्री महाबोधि वृक्ष, आदि सबै ठाउँको दर्शन गरें । त्यस जंगलमा 'दुटु-गेमुनु' आदि पहिलेका राजाहरूका दर्बार, पत्थरको घर बनाएर राखेको, फेरि पत्थरकै खम्बा प्रशस्त देखें । अनु-राधपुरवाट अलि पर रावणकोट भन्ने ठाउँमा म जाँदा

Downloaded from http://dhamma.digital

अघि मात्र निर्माण पूरा भइरहेको 'महाचैत्य' देखें। यो चैत्य यति ठूलो थियो कि एका पट्टि बसेर बाजा बजाइएको अर्को-पट्टि सुनिन्दैनथ्यो। केवल सिमेन्टले मात्र बनाएको थियो। चैत्य निकै ठूलो भएकोले त्यहाँ काम गरिरहेका मानिसहरूलाई तलबाट हेर्दा साना देखिन्थ्यो। शायद तिनीहरूले तल हेर्दा पनि त्यस्तै हुँदो हो। चन्दा लिई रसिद दिइरहेको आफिस पनि त्यहीं थियो। मैले पनि आफुसंग भएको भारू १०।- चन्दा राखी रसिद लिएँ। त्यति ठूलो चैत्य चन्दाले मात्र बनिरहेको थियो। दर्शनीय स्थलमा दर्शन गरेर शहर, बजार घुमिसके पछि दुइटै केटाहरूलाई अनिरूद्धका जिम्मा लगाई दिएँ। त्यस बेला कलकत्ताबाट एउटा तार आयो— "जोगमान् स्वर्गीय भयो, चाडै आउनू।"

त्यसैले एक महिना पछि फर्कनु पर्‍यो। फर्कन लाग्दा मेरो मनमा यस्तो विचार आयो कि— "नेपालमा 'पात्र चीवर' देख्न पाउदैन यहाँबाट एक जोर मागेर लैजान पाए पूजा गरी राख्न हुन्थ्यो।" पछि 'नेपालमा पनि यस्तो देखाउनै पर्छ' भन्ने मनमा लागेर धर्मानन्द (हामुदुरू) नायक भिक्षुजी संग एक जोर चीवर र एउटा भिक्षा पात्र मागें। उहाँले भन्नु भयो— "तिमिलाई के काम?" "चीवर पात्र हामी कहाँ पाइदैन, एक जोर यहाँबाट लगेर पूजा गरि राख्छु।" भनी बिन्ति गरेपछि मुस्कुराउँदै उहाँले एक जोर चीवर र एक पात्र दिनु भयो। म एकलै फर्कें।

नयाँ चीवर भएकोले जहाजमा भा. रू. ४।— भन्सार

Downloaded from http://dhamma.digital

लियो । भनेको जति दिई जहाजवाट ओर्लेर मम्डपम् गएँ। मद्रास सम्मको टिकट लिई मद्रास आई त्यहाँ दुई दिन बसेँ । त्यहांबाट कलकत्ता आएँ । मैले सोचेँ– "बल्ल अब मैले स्वतन्त्रता पाएँ ।" कलकत्तावाट नेपाल आइ पुगें ।

## सात दिन सम्म बन्दी

नेपाल आइपुगे पछि किण्डोल विहारमा नै बस्न गएँ। उही चीवर पात्र राखी नेपाली नियमानुसार मण्डल बनाई अष्टमी व्रत पूजा गरेरै रहँदा यस पूजामा धेरै मानिसहरू सम्मिलित हुन थाले । त्यस पूजा–व्रतको निमित्त मुट्ठी–दान लिनको लागि एउटा पर्चा छापेर सबलाई बाँडि दिएँ । अष्टमी–ब्रत राम्रोसँग चल्न थाले पछि नेपालका धेरै जसो मान्छेले हेर्न सकेनन् । अनि किम्डोल विहारमा जासूसी (सी०आई० डी०) गर्न थाले । भएको नभएको कुरो राजा कहाँ पुग्यो । यसै प्रकारले एक दुइ वर्ष ब्रत चलिसके पछि 'किम्डोल विहारमा आडम्बर मत चल्यो' भनी नरदेवीको सप्तरत्नले एक उदासलाई नै पोल्न लगाइयो ।

त्यस ताक नेपालमा उदासको हातबाट भात खाने र नखाने बज्राचार्यहरूको झगडा भइरहेको थियो । उदास तर्फ लागेका बज्राचार्यहरूलाई चाहिंदो मद्दत गरी 'व्यवहार कम गरी सामाजिक सुधार गर्नु पर्छ' भनेर हिंडेका जो किम्डोल विहारमा आउँदै नआएकाहरूलाई समेत गांभिएर– जोगवीरसिं, माणिकमान, करुणारत्न, सिद्धिरत्न, मानदास, हर्षदास, मानदेव, चित्तधर, धर्ममान, मञ्जुहर्ष र म समेत एघार जनालाई

Downloaded from http://dhamma.digital

ज्यावलाखेल सम्म वर्ष भरी तारिखमा झुण्डिनु पऱ्यो। साऱ्है दु:ख दियो। पछि भीम शम्शेर महाराजलाई भएको नभएको मुद्दा देखाई दिए। राजा रीसले चुर्लुम्व भई जोगवीरसिं, माणिकमान, सिद्धिरत्न, करुणारत्न, मानदासहरूलाई चुट्न सम्म चुट्न लगाए भोलि नै देश निकाला गर्ने हुकुम दिई तिनी-हरूलाई थानामा पठाई दिए। फेरि जोगवीरसिं एक जना-लाई थानाबाट फर्काई ल्याएर उही रातमा गारथमा राखी दिए।

यसरी १९८८ कार्तिक २१ गते मुद्दा सिध्याएर उही रातमा हामी चारै जनालाई समात्न पठाए। मानदेव, चित्तधर र मलाई समेत समातेर लगी गारथमा थुने। हर्षदास एक जनालाई भेट्टाउन सकेनन्। रातभरी सबै सिपाहीहरूले 'किन होला यिनाहरूलाई यति ठूलो सजाय दिएका ?' भनी गजब भइरहे। थानामा लगी राखेकाहरूलाई भोलिपल्ट विहान सबेरै टुँडीखेलमा ल्याई माणिकमान, मानदास दुइ जनालाई पश्चिमतिर र सिद्धिरत्न, करुणारत्न दुइ जनालाई पूर्व तिर निकाला गरो दिए। हामो तीन जना र जोगवोरसिं एक जना गारथमा नै पऱ्यो। त्यो दिन दिउँसो चीफ साहब जुद्ध शम्शेर मोटर चढी राजा कहाँ सवारो भयो। राजा र चीफ साहेब दुइ जना पटांगिनीमा सवारी भई हामीलाई बोलाउन पठाए। चीफ साहेबले "अब उप्रान्त त्यस्तो उपद्रव गर्दैन भन्नु, महाराजबाट तिमीहरूलाई माफ गरी बक्स्यो "भनी मर्जी भयो। चोफ साहेवले यति मर्जी हुने वित्तिकै जांग-

Downloaded from http://dhamma.digital

वीरसिंले दाम राखी दौडेर ढोकाबाट बाहिर गयो। हामी तीनजनालाई फेरि जाउलाखेलको चीफ साहेबको ढोकामा लैजानु' भने। त्यहाँ लगी गारथमा राखी छोडे। भोलिपल्ट देखी अड्डा बिदा परेर त्यही गारथमा अर्को छ दिन वस्नु पऱ्यो। तर त्यसो वस्नु परे पनि हामीलाई लगेकै रातमा 'चीफ साहेबको मनमा के पऱ्यो कुन्नी' उनी आफै ढोकामा सवारी भई "नेवारको जात भात खान पाएन भने बिरामी हुन्छ।' उनीहरूलाई भात पकाउने ठाउँ भाडा वर्तन, खानुलाई दाल, चामल जो जो चाहिन्छ, सबै दिनू" भनो मर्जी भएछ क्यारे। ती पालो बस्नेहरूले भोलिपल्ट हामीलाई भात पकाउने ठाउँ देखाई दिए। खुव मान मिजास् पनि गरे। दिशा पिसाब गर्न जानलाई पनि खुव सुबिधा दिए। अड्डा खुलेपछि हामीलाई अड्डामा लगेर कागत गरायो। म एक जनालाई 'मुट्ठी दान लिएको विषयमा पर्चा छाप्यो' भनी मोरू ५०।– जरीवाना गऱ्यो। त्यति गरे पछि १९८८ कार्तिक २८ गते हामीलाई छोडे। निकाला गरिसकेकाहरूलाई पनि फेरि फीर्ता बोलाएर कागत गराई छोडी दिए।

## एक पटक अक्याबमा

त्यस बेला देखी मलाई काठमाडौंमा बस्न मन लागेन। धर्मको केही कुरा जान्न सुन्नको लागि अक्याव जाने इच्छा भयो। चार पाँच जना आइमाईहरू पनि जान इच्छा गरे। पाँच, छ महिना पछि आउँछु भन्ने जातिलाई लिएर नेपाल बाहिर गई बुद्धको तीर्थस्थल घुमे। कुशीनगरमा गुरू चन्द्र-

Downloaded from http://dhamma.digital

मणि मार्फत चिट्ठि–पत्र लिई सबै अक्याब गयौं ।

अक्याबमा पुगेपछि त्यहां दाताहरूले यिनीहरू नेपालका बौद्ध हुन् भनीं मान मर्यादा गरेर राखे । त्यसमा पनि भिक्षू महाप्रज्ञालाई गुरुले उही पठाइ दिएको थियो । फेरि कर्मशील भिक्षु पनि त्यस बेला श्रामणेर भई आउनु भएका थियो । बुद्ध रत्न (ज्ञानगोपाल) पनि उहाँको साथमा थियो। अक्यावमा बुद्ध–शासनको नियम–नीति निकै देखें र थाहा पाएँ । त्यहाँ एक डेढ महिना बसेपछि म एक्लै फेरि रंगूनमा आएँ । रंगूनमा महाप्रज्ञा र शासनज्योति श्रामणेरहरूलाई उपसम्पदा गरोदिने दाता 'एमाउँ' भन्ने कहां बसें । कुशीनगरको चन्द्रमणि गुरुले 'तिमीहरू बर्मा घुम्ने भए रंगूनमा आउनु भनेर ल्याउनु भएकोले रगून आएका थियौं। गुरु आउनलाई खर्च नभएका कुरा मलाई थाहा थिएन । गुरु आउनु होला भनो म पर्खेर वसें, तर आउनु भएन । पछि चिट्ठि आउँदा "आउनु नआउनु तिम्रो खुशी" भनी लेखेर पठाउनु भएको रहेछ। उहाँसंग खर्च नभएको पनि मलाई थाहा थिएन । "खर्च पठाई दिउँ" भन्ने विचार पनि आएन। यसैले एक महिना रंगूनमै बसें । 'एमाउँ'ले नै खान पानको बन्दोबस्त गर्नु भएको थियो। रंगूनमा सबै ठाउँमा घुम्दा पनि गुरु आउनु नभएकोले 'म आफै लिएर आउँछु' भन्ने विचारले कलकत्ता आएँ ।

★

Downloaded from http://dhamma.digital

# दोश्रो परिच्छेद

## कुशीनगरमा मेरो प्रव्रज्या

म एकलै कलकत्ता आइपुग्दा माधो भवनमा ज्ञानमान-लाई भेटें । उसले मसंग सबै कुरा सोधे। उनी पनि (रंगून) बर्मा घुम्ने इच्छाले आफ्नो काम सब सिध्याएर नेपाल आउन लाग्दा मसंग भेट भएकोले दुबै मिलेर बसिरहेका थियौं। त्यसै बेला अक्याबबाट 'साँगे दोर्ज्ये' श्रामणेरसंग लक्ष्मीनानी र दानमाया दुबै कलकत्तामा आई धर्मांकुर विहारमा बसी मलाई खोजी भेट्टाए। अरू तीन जना कर्मशील भन्ते र बुद्ध रत्नहरूलाई अक्याबमानै छोडेर आएछन्। उनीहरूलाई नेपाल पठाएर म र ज्ञानमान दुइ जना कलकत्ताबाट कुशीनगर गयौं।

कुशीनगरमा गुरुसंग भेट गरें । 'गुरु आउनु होला' भनी म रंगूनमा पर्खिरहें र आउनु नभएकोले म आफै आई लिन आएँ" भन्दा "तिमोले यो चिट्ठी पठायौ खुट्टा पठाएनौ" भन्नु भयो। "अब के गर्ने त जानु हुन्छ ?" भनी सोधें। "खुट्टा भए जाउँला" भन्नु भयो। अनि मैले बूझे । "त्यस

Dhamma.Digital

Downloaded from http://dhamma.digital

विषयमा धन्दा मान्नु पर्दैन" भने । "त्यसो भए हुन्छ; जाउँला' भन्नु भो । त्यसबेला मसंग एक हजार जति दाम थियो । त्यो लिएर हिड्न मन लागेन । बर्मा घुम्नको लागि ज्ञानमान संग पनि रु. सात, आठ सय जति थियो । 'यी रुपियाँ कुशीनगरको भिक्षु संघहरूलाई भोजन प्रदान गराउनको निमित्त दान दिनु पर्‍यो' भन्ने विचारले ज्ञानमानसंग सल्हाह गरें । "तपाईको विचार, खर्च गर्ने त मसंग पनि छ" भने ।" "त्यसो भए यो छसय रूपियाँ जमीन किन्न संकल्प गरी दिन्छु ।" भन्ने मनमा आयो । त्यस बेला श्रावस्तीको पूज्य महिन्द्र भन्तेज्यू पनि उहा हुनुहुन्थ्यो । उहांहरूको समक्षमा 'कुशी-नगरमा चतुर दिशाबाट आउने श्रावक संघहरूलाई भोजनको निमित्त' भनी जल धारा सहित छसय रूपियाँ प्रदान गरें । त्यहाँ केही दिन अलमलिएकोले ज्ञानमानको घरवाट चिट्ठी आयो । फेरि 'मसंग घुम्न नजानु' भनी स्वास्नी चाहिंको चिट्ठी पनि आयो ।

त्यही मौकामा 'नासः ननी'को मोतिकृष्ण पनि बम्बैई वांट कुशीनगर आइपुग्यो । त्यो अलि हावा बिग्रेको जस्तो थियो । उसको रङ्गढङ्ग देखेर उस माथि अश्रद्धा भई एक दिन उसको निमित्त भात पकाइएन । त्यसै विषयमा ज्ञान-मानलाई चित्त दुखेछ र ऊ त्यही दिन नेपाल फर्क्यो । म मात्र त्यहां परें । मलाई दिनहूँ वैराग्य उत्पन्न हुन्थ्यो । "अब मलाई के चाहिन्छ र । दुइटै छोराहरू साथमा छैनन् ! भरोसा कसैको भएन । पैसा कमाये पैसाको कारणमा अनेक

Downloaded from http://dhamma.digital

टन्ता–लन्टा आउँछ। जति जति भयो उति उति नहुने। त्यही पैसाको निमित्त ठूल ठूला मान्छेहरूले पनि मुलाइजा इमान-जमान राख्तैनन् । पैसाले गर्दा कसैले दाजु, भाई भन्दैन, आमा बाबु समेत भन्दैनन् । जान देखि यो दुःख कै कारण रहेछ।" भन्ने मनमा लाग्यो ।

पहिले व्यापार गर्दा साहु महाजनहरूको छल–कपट, दुर्व्यवहार सम्झन्दा विल्कुलै ती काम गर्न मन लागेन। फेरि ती रूपियाँ साथमा राख्दा को भय, माया, ममता र त्यसको परिणाम पनि सबै विचार गरें । पहिले 'बालाको' भन्ने स्तोत्र लेख्ने सर्वज्ञ मित्रको इतिहास सुनी राखेको सम्झें । फेरि धनको महिमा र धन त्यागको महिमालाई तुलनात्मक दृष्टिले हेर्दा त्याग गर्दा नै बढी गुण हुने देखेर त्यागेर गएको इतिहास सम्झें । पछि गुरुलाई बिन्ति गरें– "गुरुजी ! मलाई यस्तो लाग्यो कि नेपालमा शासनको लागि अरूले गर्ने कुरा यस्तै हो। अर्काको आशा किन गर्नु ? मलाई त प्रव्रजित हुने विचार आयो । भए सम्म र सके सम्म नेपालमा भिक्षुहरूबाटै शासन चलाउँला। नभएको खण्डमा देश निकाला गरे गरोस् । यत्तिको जाने, वस्ने ठाउँ छँदै छ। मलाई पृथ्वी नभएको ठाउँमा निकाल्न सक्दैन क्यारे ? जहाँ सम्म पृथ्वी छ, त्यहाँ सम्म त भोकले मर्छिन् परि। मैले त गृहस्थ-वस्त्र छोडने नै निश्चय गरें ।" मेरो कुरा सुनी गुरूजी खुशी हुनु भयो। शासनको विषयमा अशोक महाराजको छोटकरी कथा सुनाउनु भयो। गुरूजी प्रसन्न भए पछि एक

Downloaded from http://dhamma.digital

सुदिन गुरूजीले नै हेर्नु भयो ।

१९८९ सालमा म परिनिर्वाण मूर्तिको मन्दिरमा श्रामणेर भएँ । श्रामणेर भइसके पछि आफ्ना लुगा, टोपी, कोट, जुत्ता, पार्सल गरी नेपालमा छोरो तुलसीरत्नको नाउँमा पठाएँ । यस पछि नेपालीहरूले पनि म प्रब्रजित भएको खबर थाहा पाए होलान् ।

## बर्माको चक्र

त्यस पछि चन्द्रमणि गुरूसंग फेरि रंगून गएँ। रंगूनमा 'जेतवन च्याऊँ' भन्ने विहारमा दश, बाह्र दिन बसें । त्यस विहारका महास्थविरलाई सरकारले हप्ताको एक पटक बन्दीहरूलाई शील दिन जाने काम दिएको रहेछ । हामी पुगेको तीन दिन पछि जेलको पागल खानामा शील दिने दिन भएकोले 'हेर्ने भए जाउँ' भनी मलाई साथमा लगे। जेलमा पालो वस्नेहरूको अफिसमा गयौं । हामी दुबैलाई एक एक वटा मेच राखी दिए। त्यहां केही बेर वस्यौं । पछि जेलखानाको एक झुप्पा साँचो लिएर हामीलाई साथमा लगे। पाँच, छ ठाउँमा ताल्ला लगाई फलामे ढोका खोली दिए । जेलको गाऱ्हो (भित्ता) मा बन्दीहरूलाई केही दिन र कुरा गर्नलाई तीन चार प्वाल पारी राखेका थिए। ती वन्दीहरूका जहान परिवारहरू खाने, लाउने चीज ल्याउने, र कुरा गर्न आउनेहरूको ती प्वालहरूमा भीर भइरहन्थ्यो । हामी भित्र पस्ने वित्तिकै 'भन्तेहरू पाल्नु भयो' भन्दै सबैले दण्डवत् गर्न आए । जेल भित्रै भगवान बुद्धको मूर्ति स्थापना

Downloaded from http://dhamma.digital

गरिएको ठाउँमा लगे। त्यहाँ पनि दुइटा मेच ल्याइ दिए। हामी दुबै बस्यौं। सबैलाई पञ्चशील, अष्टशील दिइसके पछि अलि-कति धर्म देशना गऱ्यौं। त्यहाँवाट ज्यानमाराहरूलाई ठुण्ड्याई राखेको ठाउँमा गयौं। फलामको पिंजडामा दुइ लाइन गरी राखेका, गर्दनमा फलामको चक्का ठुण्ड्याई, सिक्रीले बाँधी ताला लगाई राखेका करोव दश बीस जना जति छन्। त्यहाँ बोवमा एउटा मेच राखी दिए। पहिले केही उपदेश दिइसके पछि सबैलाई शील दियौं। त्यहाँवाट अर्को तलामा लगे। त्यहाँ दर्जावाल अफिसरहरूलाई थुनी राखेको रहेछ। अंग्रेजहरू तीन, चार जना पनि रहेछन्। तिनिहरू-लाई पनि धर्मोपदेश दिई शील दियौं। संसारमा दुःख परे पछि मात्र मानिसमा धर्मको चेतना आउने रहेछ। किन भने ती बन्दीहरूले शील प्रार्थना गर्दा तिनीहरूमा श्रद्धा, भक्तिको भाव निकै देखिन्थ्यो। साच्चै शील नियमलाई पालन गर्नेले जस्तै श्रद्धा र गौरव पूर्वक शील प्रार्थना गरे। त्यहाँ हामीलाई पाउरोटी, बिस्कुट र चिया आदि जलपान पनि गराए। माथि झ्यालबाट हेर्दा सबैले थाल, कचौरा लिई बाहिर आए। गोलो पर्खाल लगाएको ठाउँमा गए। त्यहाँबाट घुमेर आउनेहरूले दाल, भात लिंदै आए। त्यहीं गएर हेर्न जाँदा उही प्वालहरूवाट ठूला पन्यौले एक एक पन्यौ भात र दाल दिइरहेका थिए। यस्तो दृश्य हेरेर आउँदा बाहिर बस्नेहरूलाई ताल्चा खोलि देऊ, भनी खबर दिए। बाहिर आएर अफिसमा पुगे पछि मोटर भाडा भनी २, कम्पनी

Downloaded from http://dhamma.digital

दिए। सरकारले अरू के, कति दिने गरेको छ, मलाई थाहा छैन।

त्यहाँबाट मोटरमा बसी पागलखानामा गयौं। त्यहाँ पनि ढोका पालेलाई भनी ताल्चा खोल्न लगाई भित्र पस्यौं। अलि-कति भित्र जांदा अलि अलि मात्र बहुलाएकाहरू दश–बान्ह जना दौडेर आई हामी दुबैलाई अंगालो हाल्दै जुरूक्क उचालेर उफ्री उफ्री नाच्न थाले। बाटामा हिडदा कोही हात समाउन आउने कोई खुट्टा समाउन आउने। तिनीहरू सान्है खुशी भएर आफूलाई जेजस्तो मनमा लाग्यो त्यसै गर्न थाले। पछि शील दिने ठाउँ दलान जस्तोमा पुगे पछि मेचमा बस्यौं। शील लिन पचास–साठी जवान जति आए। केही धर्म व्याख्यान गरे पछि शील दियौं। त्यस पछि ती पागलहरूलाई खाजा दिएको बाट 'भन्तेहरूलाई दान दिनु पर्छ' भनी वचाएर राखेको प्रत्येकले ल्याउँदै दान दिए। कस्तो धर्ममा श्रद्धा। कस्तो संघमा भक्ति। पागल भए पनि न हराएको। तिनीहरू राखेको ठाउँमा सफा सुग्घर छ। त्यहीं औषधी गराइरहेको छ। डाक्टर र अस्पताल त्यहाँ भित्रै छ। कोही पागल हाँसेर मात्रै बस्ने, कोही बाजा बजाइ रहने, कोही उभिएर मात्रै रहने नबस्ने, कोही वोल्दै नबोल्ने कोही कोही त जथा भावी कराइ रहने। यस्ता किसिम किसिमका बहुलाहरू एक सय भन्दा बढी होलान्। त्यहांबाट फर्कन्दा ढोकामा बस्नेले 'मोटर भाडा' भनी दुइ रुपियाँ दिए। हामी विहारमा फर्क्यौं।

भोलिपल्ट कुशीनगरमा धर्मशाला बनाई दिने महावीर

Downloaded from http://dhamma.digital

बाबाको दाता ख्येजारी बाबुका छोरीले थाहा पाएर निमन्त्रणा गर्न पठाइन् । तिनले श्रद्धापूर्वक भोजन गराइन् । 'रंगूनमा बसुञ्जेल हाम्रो भोजन स्वीकार गर्नु होस्' भनी चन्द्रमणि भन्ते-लाई बिन्ति गरिन् । पछि हामी बसेको बिहारमा दिनहूँ दाल भात तरकारीं पुऱ्याउन पठाउँथिन् । त्यस बिहारमा पनि विहारमा बस्ने स्थविर ऊ आनिन्द भन्तेका दाताहरू धेरै थियो । एक जना दाताले 'कुशीनगरमा भिक्षुहरूलाई उपसम्पदा गर्ने र उपोसथ गराउने एउटा सीमा बनाउँछु' भनेर चन्द्र-मणि भन्तेसंग सल्हाह गरे । गुरुजीले 'हुन्छ' भनी स्वीकार गर्नु भयो । पाँच, छ दिन पछि सीमा बनाउने दाताले पचास, साठी जना भिक्षुहरूलाई निमन्त्रणा गरी भव्य रूपले भोजन दान दिई सबै दाताहरूका नाता कुटुम्ब, इष्ट मित्रहरूलाई बोलाई सबैको पैसा राखी कुशीनगरमा सीमा बनाउने विषयमा जल धारा खन्याई धन सँकल्प गरे। 'ती काम विना विघ्न बाधा चाँडै सफल होस' भन्ने उद्देश्यले परित्राण पाठ गराए। काम सिध्याएर विहारमा फर्के ।

रंगून शहरमा हामी बसेको जेतवन च्याउँबाट नजिकै नेपालको स्वयम्भू जस्तै अति ठूलो र प्रसिद्ध 'स्वेदगुं पेगोडा' भन्ने एउटा चैत्य छ। त्यस चैत्यमा बर्मा देशको कुनाकाप्चा बाट मानिस आई आ आफ्नो श्रद्धा र समर्थानुसार सुनको टपक् चढाउन आउँथे। ती चैत्यको सबै भागमा सुनको जलप लगाएकोले पहेँलो छ र टल् टल् टल्किन्छ । चैत्य दर्शन गर्न जान चारै तरफ ढुङ्गाका खुड्किलाहरू छन् ।

Downloaded from http://dhamma.digital

खुड्किलाको दाँया–बायाँ पसलमा धूप, मैनवत्ती, फूल, फूल-माला, चीवर, पात्र, छाता, आदि अष्ट परिष्कार र अनेक प्रकारका बस्तुहरू पनि बिक्री गर्न राखेका छन् । दायाँ–बायाँ दुबै तर्फ तलदेखि माथि सम्मै जस्ताको छाना राखी तलतिर ढोका राम्रोसंग बनाई राखेका छन् । चैत्यको सतहमा सेतो सिंगमरमरको ढुङ्गाले बिछ्याइएका छ। बिजुली बत्तीको व्यवस्था राम्रो छ । चारै तरफ पाउ–पोस राखिएकोले सार्है सफा–सुग्घर छ । खकार र फोहर, मैला फ्याकन ठाउँ ठाउँमा बाकस राखिएको छ। चैत्यमा पूजा गर्न आउनेहरूले एक, दुइ जना भिक्षुहरूलाई लिएर आउँथे । त्यहीं शील प्रार्थना गरी, धूप–दीप बालेर भिक्षुहरूलाई दान–प्रदान गरी फर्कन्थे । दिन दिनै मानिस त्यस्तै किसिमले आउने जाने गर्थे। बर्मा देशमा बौद्धहरूको संख्या धेरै भएकोले धर्मको गौरव थियो। अझ पर्व पर्वमा निकै भीड हुन्थ्यो । त्यस चैत्यको गजुर मरम्मत गर्न झिकी राखेको त्यसमा थुप्रै रत्न जडी राखेको रहेछ। 'एक निश्चित दिनमा ती सबै देखाउने' भनेकाले त्यहाँ लाखौं संख्यामा मानिसको भीड भयो। दक्षिणा मात्र तीन, चार हजार छ रे। म हेर्न गएँ तर हूलले गर्दा हेर्न सकिन। रंगूनमा चार पाँच ठाउँमा निमन्त्रणा गई बार्‍ह दिन जति बसें ।

त्यहाँबाट रेल (गाडी) मा बसी बर्माको पुरानो राज-धानी 'माण्डले'मा गयौं । त्यहाँ चक्खुपाल महापण्डितको विहारमा बस्यौं । त्यहाँ विहार दाताले भोजन ल्याउने गर्थे

Downloaded from http://dhamma.digital

तापनि उनी अलि अशक्त जस्ता देखिएकाले होकि चन्द्रमणि गुरुजीले 'हामीलाई यहाँ अलि अप्ठेरो छ अन्तै जाऊँ' भन्नु भयो । अनि ञानोत्तर भिक्षुको 'खेमागंटाइ' विहारमा लग्नु भयो । त्यस विहारमा भिक्षुहरू थुप्रै थिए । अभिधर्म पढने शैयौं भिक्षुहरू पनि थिए । त्यहाँका भिक्षुहरूका दाताहरू पनि धेरै थिए। त्यहाँ बसेर सबै ठाउँमा घुमें । पहिले माण्डलेमा आउने सबै भिक्षुहरूलाई बर्मा सरकारले खाने, लाउने र पढाउने व्यवस्था गराई राखेको थियो। अंग्रेजले राज्य लिए पछि यस्तो व्यवस्था गर्न सकेनन् । तै पनि 'अभिधर्म पढछु' भनी आउने आगन्तुक भिक्षुहरूलाई जनताले भिक्षा दिएर आजसम्म चलाई राखेका छन । वजारमा सात, आठ बजे देखि एघार साढे एघार बजे सम्म भिक्षुहरू भिक्षा आउने भएकोले माण्डले शहरनै पहेंलो देखिन्थ्यो । बान्ह बजे पछि भिक्षुहरू एक दुईवटा मात्र देखिन्थे । त्यहाँका निवासीहरू 'धर्म गर्नु भनेकै भिक्षुहरूलाई दान प्रदान गर्नु हो' भनी सम्झने भएकाले त्यतिका भिक्षुहरू पालि राख्न सकेका रहेछन् ।

वर्मा देशका 'मेंहुं' भन्ने राजाले चार हात लम्बाई, दुइ हात चौडाई र छ अंगुल मोटो सेतो सिंगमरमरको आसन बनाई सारा त्रिपिटक त्यसको दुबै तिर कोरेर डेढ डेढ हात जति फरक पारी लहरै गाडेका छन् । त्यसमा पानीले नभिज्ने गरी जस्ताले छाएर राम्रोसंग तजबिज मिलाई राखेको देखेर मलाई लाग्यो "अहो ! कस्तो मेहनत । कति धन

Downloaded from http://dhamma.digital

खर्च भयो होला। कति श्रद्धा भक्ति भएकाहरू। फेरि त्यस्तै पत्थरका भगवानका मूर्तिहरू पनि कतिमात्र भएको ठाउँ!"

अभिधर्म अध्ययन गर्ने भिक्षुहरूलाई भावना गराउन बनाई राखेका तीन चार वटा ठाउँहरू देखाउन लगे। भावना गर्नेहरूलाई खुबै व्यवस्था मिलाई बनाई राखेका रहेछन्। अनागारिकाहरू बस्ने ठाउँमा एक पटक देखाउन लगे। त्यहां पनि त्यस्तै बन्दोबस्त मिलाई राखेको रहेछ। चीनबाट बहेर आएको ऐरावती नदी पार तर्न डुङ्गामा बसेर जानु पर्थ्यो। त्यस पहाडमा पनि निकै चैत्य बनाइ राखेका छन्। ध्यान, भावना गर्न बनाइएका एक एक जना मात्र अटाउने कुटीहरू पनि थुप्रै रहेछन्। त्यस पहाडमा पानी लैजान 'ऐरावती' नदीबाट मोटरले पानी तानी पाइपद्वारा माथि टुप्पा सम्म लगेर सैयौं मुरी पानी अटाउने तीन वटा ट्याङ्की प्रयोगमा ल्याई सबै कुटीमा धाराको व्यवस्था गराई राखेको रहेछ। कुनै कुनै भिक्षुहरू भावना गर्न त्यहाँ जान्थे। अनागारिकाहरूले उनीहरूलाई भोजनको व्यवस्था गरी दिन्थे। अनागारिकाहरू हप्ताको एक पटक नदी पार गई शहरमा भिक्षा मागेर लगी आफू पनि खान्थे। भिक्षुहरूलाई पनि दान दिन्थे। नदी किनारमा एउटा असमर्थ सेबा आश्रम छ। त्यहाँ गई हेर्न जाँदा, बाटामा एउटा घण्टा झुण्ड्याई राखेको देखें। त्यो घण्टा नेपालको ठूलो घण्टा भन्दा सात, आठ गुणा ठूलो होला। घण्टाको बीचमा डण्डा रहेन छ, काठको मुग्गेले हानेर बजाउँथे। त्यहाँबाट अलिपर अघि

Downloaded from http://dhamma.digital

मात्र वनाई सिध्याएको खूब ठुलो एउटा चैत्य पनि रहेछ। बनाई नसिद्धिदै दाता मरेकोले अधूरो भएको रहेछ । त्यहीं हात्ति जत्रा ठूला दुइवटा सिंह पनि बनाई राखेका छन् । एउटा बिग्रिसक्यो, अर्को राम्रै अवस्थामा रहेछ। त्यहाँबाट 'माउजु'ले बनाईएका असमर्थ बुढा–बुढीलाई पाल्ने ठाउँ हेर्न गएँ। तिनीहरू बस्न साना साना एक एक जना अटाउने कुटी जस्तो वनाएर तिनीहरूलाई खवाई पियाई सुख पूर्वक राख्ने वन्दोबस्त रहेछ। ती घरहरू काठका थिए र खरले छाएका थिए । बुढा-बुढी करीब पचास, साठी जबान होलान् । तिनीहरू मध्ये जसको मृत्यु हुन्छ त्यसको ठाउँमा अर्को भर्ना गर्ने व्यवस्था रहेछ । ती वृद्धाश्रम बनाउने एकली आईमाई थिइन रे। दुइ दिन बसी सबै ठाउँमा हेरेर माण्डले मै फर्क्यौं । एक दिन एउटा गृहस्थले घरमा निमन्त्रण गरे। उसको घरमा आमा बाबु र एउटा छोरो मात्र थिए। छोरो चाहिं साह्रै शिक्षित र केही माथिल्लो तहको जागिरे पनि रहेछ। तर चार, पाँच दिनको रोगले उसको मृत्यु भएछ। चन्द्रमणि गुरुजी र मलाई साथैमा उसको घर लगेर तीनै जना मेचमा बस्यौं। उसले मरेको छोरोको विषयमा केही कुरो गर्‍यो। उसको छोरो मरेको सात दिन मात्र भएको रहेछ क्यारे। त्यो मान्छेले त्यहाँ अगाडि भएका वस्तुहरू लिंदै दान दिंदै गरे। हामी बसेका तीन वटै मेच पनि दान दियो। उसले दान गरेको देखेर उसका घरका नोकर–चाकर हरूलाई साह्रै रीस उठे जस्तो लाग्छ तर उसलाई त केही

Downloaded from http://dhamma.digital

भनेनन् । तैपनि तिनीहरूको व्यवहार देखेर चाडै घरबाट बिदा भई आयौं । यसबाट थाहा पाएँ कि बर्मा निवासीहरू दान दिनमा कत्रो धर्म मान्द रहेछन् । हामीलाई भन्दा अघि धेरै ती घरका वस्तुहरू अरूहरूलाई पनि निकै दान दिई सकेका रहेछन्। त्यसैले त्यहाँका मानिसहरू भिक्षुहरू घरमा आएको नै मन पराउदैनन् जस्तो छ । तर मालिकलाई छोरोको मृत्युले ठूलो चोट परी वैराग्य उठेको रहेछ। तैपनि दान दिनमा सबैको श्रद्धा छँदैछ । अरू देशमा भन्दा बर्मा देशमा दानीहरूको संख्या निकै ठूलो छ।

अर्को दिन एक रुपियाँको टिकट लिई माण्डलेको राज-दरबार हेर्न गयौं । दरवारको वाहिर चारैतिर पर्खालले घेरिएको, चारै तर्फ ढोका, पर्खाल बाहिर बीस, पच्चिस हात जति खाडल खनेर पानी भरी राखेको थियो चारै वटा ढोकामा ताल्चा मारेर ढोका भित्र अगाडि पट्टि तोप र गोली राखि-एको थियो। भित्र तिर मैदानको बीचमा भुमी तल्ला गरी तीन वटा गद्दी बैठक बनाइएका थिए। दरबार भित्र त केही पनि थिएन, खालि थियो । एक ठाउँमा राजाहरूको पोसाक, जुत्ता, टोपी आदि वस्तुहरू जम्मा पारेर दर्शाईएको एउटा कोठा थियो। पानीले र पर्खालले घेरिएको दरबारको छाँट पहिले त्यहाँ देख्दा त केही विचार आएन । पछि चीन गएर चीनको वादशाहको दरवार देखेपछि वर्माको ती दरबार त हाम्रा केटा केटीहरूको खेलौना जस्तो भएर गयो । त्यस शहरमा अरू विहारहरू र भिक्षुहरू पनि पूर्णिमा, औंसी,

Downloaded from http://dhamma.digital

अष्टमी आदि पर्व पर्वमा संघहरूलाई दान–प्रदान गरी धर्म कथा सुन्ने परित्राण पाठ गर्ने गराउँथे। त्यसकारण त्यहाँका वासिन्दाहरू अरू धर्म-कर्ममा नलागी केवल त्रिरत्नकै शरण गई 'गौरवपूर्वक दान दिई शील पालन गरे मात्रै यस भव दुःखबाट मुक्त होइन्छ' भन्ने दृढ विश्वास लिई सीधा मार्गमा गई रहेका थिए। त्यसैले त्यस देशमा बुद्ध–शासन निकै बलियो देखिन्छ। सबै ठाउँबाट अभिधर्म अध्ययन गर्न आउँथे। आजसम्म पनि ठूला ठूला त्रिपिटकाचार्य विद्यमान छन्। त्यहींबाट श्रीलंका, थाइलैण्ड, चीन, यूरोप आदि सबै ठाउँका विद्यार्थी आई धर्म अध्ययन गरी फर्कन्थे।

माण्डलेमा बीस दिन जति बसेपछि त्यहाँका भिक्षुले 'म्येम्यू' मा पनि एउटा ठूलो विहार छ' भनी देखाउन लगे। रेलगाडीमा बसी पहाड चढ्नु पर्थ्यो। गाडी पहाड माथि लगे। कहीं कहीं त सुरुङ्ग खनेर पनि लगिएको थियो। पहाडमा नेपाली गुरुं, मगर, तामाङ्ग, लाप्रेहरूका गाउँका गाउँ नै धेरै देखें। भोलिपल्ट विहान सबेरै म्येम्यू पुग्यौं। स्टेशनबाट ओर्लेर एक पाउ (ठण्डै एक किलो मिटर) जति पैदल हिंडेपछि विहारमा पुग्यौं। त्यहाँ पन्ध्र जना जति भिक्षुहरू थिए। सबै घरहरू काठद्वारा बनाइएका थिए। त्यहाँ पुग्दा माण्डलेमा भन्दा खुबै ठण्डा महसूस भयो। जङ्गलमा चियाका बारीहरू र अनेक प्रकारका फल–फूलहरू थुप्रै थिए। गर्मीको बेला त्यहाँ बर्माका भाइसराय बस्ने गर्दथे। त्यस बंगलाको अगाडि पोखरीमा कमल फल फुलिरहेका र राजहंस खेलिरहेका दृश्य अत्यन्त मनो-

Downloaded from http://dhamma.digital

हर थियो । त्यहाँबाट उतापट्टि 'स्याम्'हरूको मुलुक रे । विहारै पिछे स्याम्का भिक्षुहरू घेरै थिए, बर्माका अलि अलि मात्र तैपनि गुरु आचार्य भइरहेका सबै बर्माकै थिए । बस्न, खानमा सान्है सुविस्ता जस्तो देखिन्थ्यो । त्यहाँ भारतका सिख र पञ्जाबीहरू पनि थिए । हावापानी नेपालका जस्तै होला । जंगल घेरै र चिया बगान पनि निकै रहेछन् । पहिले त्यस देशमा घिउ खाने चलन थिएन रे । खालि तेल मात्र खान्थे रे । जहिले देखि नेपाली आई जङ्गल फाडी पाखा–बालि गरी गाउँ बसाले । गाई, भैंसी पालेर त्यस शहरमा घिउ बेच्न थाले, त्यसै बेलादेखि घिउ खान जानेको रे । हुन पनि बर्मे-लीहरू गाई पालेर दूध खान्छन् तर घिउ बनाउने चलन भने अहिले सम्म पनि देखिन्दैन । एक दुइ जनाले गरे पनि तिनी-हरूलाई समाजले मान्यता दिन्दैन । तिनीहरूले गाई, गोरु, भैंसी पाल्छन् र गोरु पनि जोत्छन् । तर ती पशुहरूलाई ख्वाउने र हेरचाह गर्ने व्यवस्था अरू ठाउँमा भन्दा निकै राम्रो रहेछ । त्यसैले त्यहाँका पशुहरू ल्हासा र चीनमा भन्दा निकै मोटा देखिन्छन् । बाछाहरूलाई तीन थुन दूध ख्वाएर एक थुन मात्र मानिसले दुहुँदारहेछन । कसै-कसैले त सबै नै दूध बाछाहरूलाई पिलाउँथे । किनभने घिउ खानै जान्दैनथे । अहिले मात्र हिन्दुहरूको संगतले गर्दा घिउ खान जानेका रहे-छन् । म्येम्यूमा छ, सात दिन बस्दा दुइ, चार ठाउँमा निमन्त्रणा गई माण्डलेमा फर्केर चार पाँच दिन त्यहीं बसें ।

त्यहाँबाट हामी 'पेगू' गयौं । त्यहाँ जङ्गलमा भावना

Downloaded from http://dhamma.digital

गरिरहेका बृद्ध भिक्षुहरूलाई देखाउन लगे । त्यहाँका भिक्षु-हरूलाई हेर्दैमा शान्त मूर्ति । उहांलाई गाउँमा गएर भिक्षा लिएर आउने श्रामणेरहरू कहीं एक जना कहीं दुइ जना बसेका रहेछन् । कुचो लगाउने, पानी ल्याउने, सेवा टहल गर्ने कप्पिय कारकहरू पनि एक एक जना रहेछन् । शान्त र आनन्दपूर्वक बसेका, सामानहरू पनि कसैको लोभ नलाग्ने साधारण मात्र छन् । ती सबै देख्दा मनमा अनेक विचार आयो– "संसारमा कलंक रहित भएर बस्न सांसारिक मान, अपमान सुख-दुःख सबै संग डराएर भागे मात्र यी सुख–दुःखरूपी झगडा-लाई जित्न सकिने रहेछ । यो संग जति सामना गरी रह्यो उति अशान्ति मात्र बढ्छ ।" ती भिक्षुहरू देखे सम्म चित्तमा वैराग उत्पन्न भएर आउँथ्यो । उहाँहरूको प्रभावले त्यहाँ जाने सबैलाई त्यस्तै होला जस्तो लाग्छ । त्यहां-बाट फर्कंदा एउटा विहारमा भगवानको सिंह–सय्या मूर्ति बनाइराखेको थियो । त्यस मूर्तिको लम्बाई एकशय पचास हात जति होला । त्यसको सबै अङ्गप्रत्यङ्ग मिल्ने गरी बनाइएका थिए । दाहिने हात माथि टाउको राखिएकोले टाढै देखि बुद्ध मूर्तिको शीर्ष मात्र देखिन्थ्यो । त्यस मूर्तिको रक्षार्थ जस्ताको छाना राखिएको थियो । त्यस विशाल मूर्ति देख्दा 'बर्मेलीहरूको श्रद्धा र त्यस मूर्ति बनाउन कति धन खर्च गऱ्यो होला' भन्ने मनमा लाग्यो । त्यहां एक दिन बसेर 'मोलमेन्' मा आयौं ।

मोलमेन्मा चक्षपाल महापण्डितजीको 'तौँपोक् च्याउँ'

Downloaded from http://dhamma.digital

भन्ने विहारमा वीस दिन जति बस्यौं। त्यहाँ पनि सबै ठाउँ घुमे। मोलमेन् शहर साह्रै राम्रो लाग्यो। एकातिर 'सेन्ल्वीन्' भन्ने नदी त्यसको नजिकै शहर र शहर पछाडि पहाड, जङ्गल। त्यहाँ माथि च्याउँ (विहार)। भिक्षुहरू मात्र बस्ने ठूला ठूला विहार छन्। माथि पानीको अभाव भएकोले नुहाउन, पिउन, भाँडा माझ्न र लुगा धुनको लागि आकाशबाट पर्नें पानी जम्मा पार्ने ठाउँ ठाउँमा ठूला ठूला पोखरीहरू बनाइ राखेका थिए। विहारको छानामा पर्ने जति पानी उही पोखरीमा जाने गरी ढल बनाइ राखेको थियो। समुद्रको किनारामा परेकोले बरा-वर पानी पर्थ्यो। त्यहाँ बस्ने सबै भिक्षुहरू दिनहुँ शहरमा भिक्षा जानु पर्थ्यो। शहरको सडकमा विहारका इलाका इलाका बनाई राखेका थिए। बिहारका भिक्षुहरूलाई आ-आफ्नो इलाकामा मात्र भिक्षा जाने नियम थियो। बिहान सबेरै उठेर सबै भिक्षुहरू पहाडबाट ओर्लेर शहर नपुग्दै एक ठाउँमा भेला हुन्थे। प्रत्येक विहारमा काठको खोक्रो बाजा जस्तो बनाइ राखेका हुन्थे। त्यसैमा काठको मुगरले पिटेपछि ध्वाँ-ध्वाँ गरी आवाज निस्कने बित्तिकै सबै भिक्षुहरू निश्चित स्थानमा जम्मा हुन्थे। सबै भन्दा पहिले जेष्ठ भिक्षुहरू भिक्षा जान्थे अनि क्रमैसंग लहरै पछि लाग्थे। दान दिने उपासकहरू पनि सधैं विहान सबेरै उठेर भोजन प्रदान गर्ने सामान जोर्दाम गरी आ-आफ्नो ढोका वाहिर टेबुल या कुर्सी माथि भाँडामा भोजन राखेर सुकिलो लुगा लगाई एक एक वटा चमचा हातमा लिएर दान गर्न तयार भई बस्थे। भिक्षुहरू नजिक आएपछि

Downloaded from http://dhamma.digital

एक एक चमचा भात, दाल, तरकारी र अरू रोटी, फलफूल आदि के के छ प्रत्येक भिक्षुहरूलाई दान दिइसकेपछि आ–आफ्ना भाडा–कुडा लिई घर भित्र पस्थे। भिक्षुहरू भिक्षा आउँदा आ-आफ्ना इलाका भन्दा बाहिर जाँदैनथे। भिक्षा गएर फर्कंदा विहान तीन चार घण्टा तबिथ्यो। भिक्षा सहितको पात्र कप्पियकारलाई दिन्थे। तिनीहरूले त्यसमा केलाएर तताउनु पर्ने तताएर राख्थे। बिहान सबेरै 'यागु' (=जाउला) पकाई राखेका जलपान गरी आ-आफ्नो कोठामा गएर केही समय आराम गरेपछि दस, एघार बजेतिर सबैले पोखरीबाट पानो तानी नुहाई धुवाई गरी, भोजनशालामा जान्थे। त्यहाँ पाँच छ जना बसेर खान हुने गोलो टेबुलमा तातो भात, तरकारी आदि चाहिदो जति थालमा पस्काएर चमचा, पानी सब तयार गरी राखेको ठाउँमा गई भोजन गर्थे। त्यहाँ विहारका दाताले सबै भिक्षुहरूको लागि दाल र तरकारी बनाइ राख्थे। भात भिक्षाबाटै प्राप्त हुने भएकोले विहारमा भात पकाउने तन्ता गर्नु पर्दैनथ्यो। हामी बसेको 'तौंपोक् च्याऊँ' भन्ने विहारमा करीब पचास, साठी भिक्षुहरू होलान्। यस्तै प्रकारले भगवान बुद्धको शासन रक्षार्थ 'ऊ टोलु' भन्ने दायकले दानशाला बनाई, भिक्षुहरूलाई दान प्रदान गरी, शील पालन गर्न र विद्या अध्ययन गर्न लगाएर राखेका थिए। यस्तो टाउँमा भिक्षा जान पर्छ भन्ने विचारले 'जानु पर्दैन' भने पनि चार पाँच पटक तिनीहरूसंगै भिक्षा गएँ। एक दिन विहार दाताले दिन भरीको निमित्त दुइवटा मोटर दिए। त्यसमा बसी 'चेखमी' भन्ने

Downloaded from http://dhamma.digital

ठाउँमा हेर्न गयौं । त्यहाँ समुद्रको गर्भमा जस्तै एउटा मन्दिर छ । त्यहाँ जान काठको खम्बा गाडी त्यसमाथि फल्याक बिछ्याएर पुल जस्तो बनाइ राखेका छन् । ती समुद्रबाट नाग-राज आएर भगवानलाई स्वागत गरेको भनी एउटा ठूलो नागको मूर्ति पनि छ । ती नागराजको आँग भरी चारै तरफ भगवान बुद्धका मूर्तिहरू छन् । त्यहाँ जाँदा हामीहरू बान्ह जना थियौं । हामी त्यहाँ पुग्ने बित्तिकै समुद्रको किनारामा बस्ने एउटा उपासकको घरमा गयौं । मन्दिर गई फर्कंदा खाने सामान हामीले लगेका थियौं तैपनि ती उपासकले भिक्षुहरूको लागि भोजन तयार गरी ठूलो श्रद्धाका साथ भोजन गराए । त्यस मन्दिरमा स्वास्नी मान्छेहरू दर्शन गर्न जान हुँदैनथ्यो । उनी-हरूलाई दर्शन गराउन एउटा सतल बनाइ राखेको रहेछ र त्यहींबाट दर्शन गर्दा रहेछन् । त्यहाँ एक दुइ घण्टा बसेर मोटर-बाट फर्कंदा बाटोमा पहिले प्रव्रजित भएर त्रिपिटक अध्ययन गरी सकेका एक गृहस्थसंग भेट भयो । उनले लेमलेट् शरवत पिलाए । चन्द्रमणि गुरुजीसंग नेपालको बुद्ध शासनको बिषयमा बर्मी भाषाले सबै कुरा सोधे । म अलि अलि बुझथें । "नेपालमा बुद्ध धर्म यही धर्मालोकको माध्यमबाट यसो यसो भया" भनी धेरै कुरा गर्नु भयो । त्यहाँ उनको छापाखानाको काम र त्रप पत्रिकाहरू पनि निकाल्ने गर्थे क्यारे । एक घण्टा जति त्यहाँ बसेर सायंकालतिर तौंपोक् च्याउँमा फर्क्यौं । तीन दिन पछि त्यही मान्छे आएर चन्द्रमणि गुरुजीलाई "धर्मालोक श्रामणेरलाई म उपसम्पदा गराई दिन्छु, यो कार्य एउटा मलाई

Downloaded from http://dhamma.digital

गराउन दिनु होस्" भनी कुराकानी गरे। अनि रातमा गुरुजीले 'उपसम्पदा' कै विषयमा सोध्नु भयो । त्यस बेला मैले भिक्षु विनय राम्रोसंग नजानेकोले गुरुजीको कुरो स्वीकार गरिन । त्यसैले गुरुजी मदेखि सार्है रिसाउनु भयो। गुरुजी रिसाउँदा पनि मैले त्यो कुरो मञ्जूर नगरेकोले गुरुजी मसंग बोल्नु भएन । भारतमा नफर्काउने जस्तो कुरा पनि गर्न थाल्नुभयो । तर जस्तोसुकै गरेता पनि मैले सहेर बसें। तौँपोक् च्याउँ विहार दाता हजारौं विघा जमीनका मालिक र अत्यन्त श्रद्धावान रहेछन्। हामी भारत फर्कन लाग्दा फेरि एक पटक अक्याव गयौं।

पहिले अक्यावमा छोडेर गएका केटीहरूमा शीलप्रभा, ज्ञानदेवी, सानु र नन्दगोपालको छोरो ज्ञानगोपाल, कर्मशील भन्ने फेरि पछि थपिएका धर्मपालि, रत्नपालि र संघपालि आठ जनालाई त्यहीं छोडेर लक्ष्मीनानी, दानमाया र सांगे ध्वर्जे तीन जना कलकत्तामा मलाई भेट्न आएका थिए। तिनीहरूलाई नेपाल पठाई दिएँ । अक्याब्मा बाकी रहेका आठ जनामा छ जना स्वास्नीमान्छेहरू त्यहाँ बस्न नसकेर नेपाल फर्कन जहाजमा बसी रहेका थिए। हामीहरू अक्याबमा पुगेर तिनीहरूलाई देख्ने वित्तिकै 'किन तिमीहरू कहाँ जान लागेको ?' भनी गुरुजीले सोध्नु भयो। उनीहरूले आफूलाई भएको दुःखको कुरा हामीलाई भने।

"पर्ख न जानु पहिले कुरो बुझेर हेरौं" भन्नु भयो। बुझेर हेर्दा त "काम नलाग्ने, खाएर मात्रै बस्ने कसैलाई मन नपरेका

Downloaded from http://dhamma.digital

बुढीहरू" भनो त्यहाँ बस्ने अनागारिका महाधम्मचारी भन्नेले जाल झेल गरी निकालेर पठाएकी रहेछन्। यसको कारण बुझ्दा उनीहरूको चूक यही भेटियो कि– संघपालि भिक्षा जाँदा एक होकि दुइ कम्पनी 'नाई नाई' भन्दा भन्दै एक उपासकले दिएर पठाए छन्। पछि 'तिमीले त्यसरी पैसा छुनै नहुने, किन लिएर आएको' भनी? तिमीहरूलाई अव यहाँ राख्न सकिन्न भनी दोष देखाएर निकालिएको रहेछ।

निकाले पछि अक्याबमा गोर्खाली पल्टन बस्ने ठाउँमा गई "हामीलाई यस्तो यस्तो पऱ्यो" भनी चन्दा मागी खर्च पुऱ्याएर नेपाल फर्कन जहाजमा बस्न आइराखेका रहेछन्। गुरुजीले यीं सबै कुरो थाहा पाएर तिनीहरूलाई नेपाल पठाई दिए। कर्मशील भन्तेलाई अर्को ठाउँमा राखी ज्ञानगोपाललाई विद्या अध्ययन गराउन दुइवटा दाताहरू ठीक पारी दिनु भयो। महाप्रज्ञा भन्तेलाई जंगलमा पठाई दिनु भयो। त्यति काम सिद्धयाएर हामी पन्ध्र दिन जति त्यहाँ बसेर रंगून फर्क्यौं। रंगूनबाट कलकत्ता आयौं। अनि कुशीनगरमा आई पाँच, छ महीना त्यहाँ बसी बुद्धचर्या नेपाल भाषामा अनुवाद गरें। नजानेको गुरुजीसंग सोधें अनुवाद गर्न पनि सिद्धयाएँ। वर्षावास पनि सिद्धयो।

पहिले संघको भोजनको निमित्त संकल्प गरी प्रदान गरेको रुपियाँको 'थारु घाट' भन्ने बेतिया जिल्लामा जमीन किनेर म काठमाडौं फर्कें।

Downloaded from http://dhamma.digital

## पिण्ड पात्र

अमलेखगञ्ज आइपुग्दा राहदानी दिने मान्छेले राहदानी नदिइकन 'त्यस्तो पहेंलो वस्त्र किन लगाएर आएको' भनी अनेक कुरा सोध्न थाल्यो 'राहदानी पनि दिदैन' भने। त्यसबेला मोटरबाट आएर चौकी अड्डानिर राहदानी लिनु पर्थ्यो। सबैलाई राहदानी दिए मलाई भने दिएन। अनि मैले 'दिने कि नदिने' भनी सोद्धा 'त्यस्तो पहेंलो वस्त्र किन लगाएको त' भने। 'यो वस्त्र मैले भविष्य सुधारको लागि लाएको' भनी जवाब दिएँ। 'फेरि राहदानी दिने कि नदिने' भनी सोधें। ड्राइभर पनि करायो। बल्ल राहदानी लेखिदियो। त्यहाँबाट भीमफेदी आईपुगें। त्यहाँ एक रात बसेर भोलिपल्ट बिहान सात, आठ बजेतिर गडी आइपुगें। गडीमा पनि 'त्यस्तो वस्त्र किन लगाएर आएको?' भनी धेरै कुरो सोधे। उनीहरूलाई पनि 'भविष्य सुधार्ने' भनी जवाफ दिएँ। चितलाङ्गमा वास बसी भोलिपल्ट दिउँसोको दुइ बजेतिर किण्डोल विहारमा आइपुगें।

किण्डोलमा आइपुगेको दुइ घण्टा पनि भएको थिएन एउटा पुलिस आएर मिजासले मसंग सबै कुरो सोधेर गयो। राति सुतिसकेको थिएँ। अन्दाजी नौ बज्यो होला, दुइ जना पुलिसले 'तिमीलाई थानामा बोलाएको छ' भनी थानामा लगे।

भोलिपल्ट अड्डा बसे देखिन्– "तिमी किन त्यसरी कपाल मुण्डन भएर आएको?" भनी सोधे। "भविष्य सुधार गर्ने" भनी जवाफ दिएँ। चन्द्रबहादुर मेजरले गालि गरे– "नेपा-

Downloaded from http://dhamma.digital

लमा यस्तो छाँटले आउनु हुँदैन । तिमीले नेपालका धेरै केटाकेटीहरूलाई बर्मा लगेर के के गऱ्यौ ?" भनी विभिन्न कुराहरू सोधे । जे भएको थियो साँचो साँचो भनि दिएँ। 'जति लगेको थिएँ सबै नेपालमा आइसके' पनी भने। "नेपालमा त्यसरी मुण्डन भएर आउन नहुने, तिमी आयौ। महाराजलाई जाहेर नगरेसम्म तँलाई छोडदिन" भने। हुन्छ, 'जे जाहेर गर्नु पर्छ, गर्नु स्' भनें । खोरमा पनि राख्न लगेको होइन, अड्डामा नै राखी छोड्यो । दानमायाले दिनहूँ खाना ल्याउँथिइन् । चिउरा मात्र खाएकोले गरम भई पिसाब पोल्यो । राजा कहाँ जाहेर गर्ने 'आज पर्ख भोलि पर्ख' भनेर विस्तार गरे ।

त्यस्ताक जुद्ध शम्शेर राजा भएको चार पाँच महीना मात्र भएको थियो, अनि छ दिनपछि मेरो विषयमा कहाँसम्मको दोष देखाउन सम्भव छ; दोष देखाएर भएको नभएको कुरो बिन्ति गरे । जसरी भने पनि "त्यो भिक्षु–साधु भयो त मेरो राज्यमा के हानी छ ?" भनेर मात्र राजाले हुकुम दिए । बिन्ति गर्ने सुब्बाले कुरा थपी थपी अनेक तरहले तीन पटक सम्म बिन्ति चढाए पछि राजालें रीसले– "जा ! तँलाई पनि साधु हुने इच्छा छ भने जा, मलाई केही हानी हुने छैन" भनेर रिसाए पछि केही भन्न नसकी उधों मुन्टो लगाएर गयो। भोलिपल्ट मलाई केही गर्न नहुने भएकोले छोडिदिए । त्यहाँबाट किण्डोल विहारमा नै आएर बसें । भोलिपल्ट भिक्षा पात्र लिएर शहरमा भिक्षा माग्न जानु पऱ्यो । चीवर लगाई,

Downloaded from http://dhamma.digital

पात्र लिएर किण्डोल विहारबाट बाहिर आएँ। बिष्णुमती नाघेर तामसि पाखा नपुगेसम्म त यो मन हडबडाएन। तर तामसिपाखा पुगेदेखि शरमजे भन्ने कि पीरले भन्ने मनमा कसो कसो अप्ठेरो अनुभव भयो। 'नजाउँ कि फर्कौं कि' जस्तो लाग्यो। किन भने तुँछेमा मेरो ससुराली नरदेवीमा सबै नाता कुटुम्बहरू थिए। त्यहींबाट जानु परेकोले 'कसो गरौं, कसो गरौं' जस्तो भयो। अनि भिक्षा जाँदा भिक्षु नियममा बताइए जस्तै 'आँखाले चार हात भन्दा वर-पर हेर्न नहुने नियम सम्झेर' यो मनलाई कतै नपठाई केवल भिक्षु नियम अनुसार हिंडिरहें। यता उति कतै नहेरी विस्तारै शुरू-शुरू जाँदा जाँदै नरदेवी काटेर गएँ, टेङ्गल घुमेर न्ह्योखा पुगें। त्यहाँ मामाको घर थियो। त्यहाँबाट असन पुगें। असन आफ्नै टोल भयो। माछा ढुङ्गे घुमी मत्स्येन्द्र (मछिन्द्र) बहाल भई इन्द्रचोक ओर्लें। हनुमान ढोका, थाना हुँदै काठमाडौं पुगें। त्यहाँबाट चिकंमुगल भई न्हूघलबाट क्वहिटि ओर्लेर विष्णुमतीको पुल टरी छाउनी भएर किण्डोल विहारमा फर्कें।

भिक्षा पात्रमा एक मुठी चामल र छ पैसा थिए। त्यसबेला बाटामा हिंड्दा मानिसहरूले भन-सुन गरेको वाक्य कुनै सुनें, कुनै सुनिन। कोही कोही मलाई देखेर रोए। कोही मलाई देखेर भागे। यता उति नहेरेकोले सबै देखिन तैपनि त्यो तामसिपाखा चढ्दा मनमा परेको वेदना दाँत किटेर गएको फस-फस सम्झिन्थ्यो। भोलिपल्ट पनि त्यसरी नै गएँ। पहिलो

Downloaded from http://dhamma.digital

दिन जस्तो अप्ठेरो अनुभव त भएन । पहिलो पल्ट जहाँबाट गएको थिएँ त्यहीं त्यहींबाट दिन दिनै जान थाले । पछि पछि हुँदा हुँदै पात्र भरो चामल र दुइ तीन रुपियाँ पैसा पनि प्राप्त हुन थाल्यो ।

त्यति भए पछि न भए नभएको बेलामा मात्र भिक्षा जान्थें । लगनमा कुलुमां गुरुजुको पञ्चदान दिंदा देवता राखेको ठाउँमा भिक्षा गएँ । देवताको थानमा आउने सबैले 'भिक्षु आयो–भिक्षु आयो' भनेर हेरे । म पाइला नरोकी सरासर हिंडि रहें ।

★

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# तेश्रो परिच्छेद

## सारनाथमा मेरो उपसम्पदा

त्यति भएपछि भिक्षुको विषयमा कसले केही पनि सरकारलाई चुकली गर्न सकेनन् । वर्षै पिछे भारत घुम्न जान्थें । सारनाथको बर्मी विहारमा रंगूनका दाताहरूले 'भिक्षुत्व दिने सीमा उपोसथागार बनाउन आए ।

त्यसबेला म कुशीनगरमा थिएँ। चन्द्रमणि गुरुजीलाई निमन्त्रणा पत्र आयो । त्यसमा धेरै भिक्षूहरू चाहिने रहेछन् । गुरुजी सारनाथ जाने भएकोले 'सीमा बनाउने भनेको कस्तो रहेछ हेर्न म पनि आउँ कि' भनी सोधें । गुरुजीले 'हुन्छ' हेरी राख्नु पर्छ; हिंड, जाउँ' भन्नु भो ।

भोलिपल्ट भोजन पछि गुरुजीसंग सारनाथ गएँ । त्यहाँ पुगेको तेस्रो दिनमा सोमा स्थापनाको साइतमा भिक्षुहरू, (श्रामणेरहरू) बीस, पच्चीस जना सबैले सीमा स्थापना गरे । भव्य रूपले भोजन गराए ।

सबै काम–धन्दा सिद्धिए पछि त्यही रातमा माथि ती

Downloaded from http://dhamma.digital

दाताहरूको के के कुरा भयो कुन्नि । भोलिपल्ट उही सीमामा मेरो उपसम्पदा गर्ने विषयमा एउटा दाता निस्केछ । मलाई गुरुजीले राति नै उठाउन पठाए । 'माथि आऊ' भने । 'किन भनेर' जांदा त गुरुजी मुस्कुराएर भन्नु भयो– "तिमी साह्रै भाग्यमानी छौ । पहिले पनि मोलमेन्मा छँदा तिमीलाई उपसम्पदा गराउन दाता भेटिएको थियो तर तिमीले इच्छा गरेनौ । म रिसाउँदा पनि तिमी मानेनौ । त्यो कुरो गइसक्यो । तिम्रो भाग्यले आज चौबीशौंशय वर्षभित्र भगवान बुद्धले सर्वप्रथम भिक्षु–उपसम्पदा गर्नु भएको यस स्थानमा आज नयाँ सीमा स्थापना हुनुका साथै तिमीलाई उपसम्पदा गराउने दाता पायौं । सबै भिक्षुहरू पनि उपस्थित भइरहेको बेला उपसम्पदा हुनु तिम्रो कत्रो भाग्य । यो मौका तिमीले नचुकाउनू ।" मैले यसो त्यसो केही भन्न सकिन ।

पहिले मोलमेन्मा भन्नु भएको बेला म केही गरे पनि मानिन । अहिले पनि केही नजानेकोले 'के गरुं के गरुं' जस्तो मनमा लाग्यो । 'नाईं' भन्न चाहिं सकिन । "मैले केही जानेको छैन, म के गरुं" भनी गुरुजीलाई सोद्धा "तिमीले केही धन्दा मान्न पर्दैन । म छैन र ?" भन्नु भयो । मैले भने "त्यसो भए म तपाईंको वचन शीरमा राख्छु ।" अगाडि बसिरहने सबै खुशी भए ।

'भोलि उपसम्पदा गर्ने पक्का भयो' भनी सुनाए । म फेरि आएर सुतें । भोलिपल्ट साइत हेरी ... साल ... मिति ... बजेमा मलाई उपसम्पदा गरे । गुरुजीले 'त्यसको नियम,

Downloaded from http://dhamma.digital

विधि सबै कुशीनगरमा सिकाई दिन्छु' भन्नु भयो । काम सिद्धिए पछि भोलिपल्टै गुरुजी संगै कुशीनगरमा आएँ । चार, पाँच दिन पछि गुरुजीले त्यसको नियम नीति सबै बताई दिनु भयो ।

## ल्हासा जान

कुशीनगरमा बसिरहँदा त्यहाँ बस्ने ऊ ज्ञानिन्द भन्ने भिक्षु र अर्को एक जना भिक्षुले "हामीलाई पनि एक पटक ल्हासा लगी देऊ" भनी दिन दिनै ल्हासा कै विषयमा कुरा गर्थे। "ल्हासामा तपाईहरू जान सक्नु हुन्न" भन्दा नसक्ने के छ ? भनी जवाफ दिए । दिन दिनै ल्हासा जाने कुरा गरिरहने भएकाले साच्चै नै जान चाहेका हुन् कि जस्तो लागेर 'एक पटक यिनीहरूलाई घुमाएर ल्याउनु पऱ्यो' भन्ने मनमा लागेर सोधें– "लौ त जाने पक्का हो ?" 'पक्कै जाने हो' भनी शुरसार करन लागे। पैसाको निमित्त दाताहरूकहाँ तार, टेलिफोन, पठाए । केही पैसा पनि आइपुग्यो । सबै जोरजाम भएपछि मात्र महिनाको शुरूमै कुशीनगरबाट निस्क्यौं । 'यिनीहरू साच्चै हिंड्न सक्ने हुन् कि होइनन् हेर्नु पऱ्यो' भन्ने विचारले 'म त यहाँबाट पहिले 'लुम्बिनी' गएर मात्र कालिम्पोङ्ग जान्छु' भन्दा उनीहरू पनि सहमत भए । तीनै जना नौतनवा आइ पुग्यौं । एक रात त्यहाँ बसेर भोलिपल्ट विहान सबेरै हिंड्यौं र लुम्बिनी गयौं । दिनको एघार वजे-तिर लुम्बिनी पुग्यौं । बजारमा किनेर खाने केही थिएन। अनि गाउँतिर जाँदा सीताराम चौधरीको घर भेटियो । उनले

Downloaded from http://dhamma.digital

भिक्षु नियम जानेका रहेछन् । सरकारले पनि यात्रुहरूलाई रेखदेख गर्न उनैलाई काम अऱ्हाई राखेको रहेछ । नुहाउन जान लागेकोले हामीलाई देख्ने बित्तिकै नमस्कार गरे । 'तपाईंले भोजन गरी सक्नु भयो' भनी सोधे । 'छैन' भन्ने वित्तिकै 'समय बित्न लाग्यो' भनेर भित्र गई फ्टाफट चिउरा, दूध, सखर र तरकारी ल्याएर भोजन गराए । भोजन सिध्याएर दुइ घण्टा जति त्यहाँ वसेर नौतनवा नै फर्क्यौं । जाँदा खेरि नै दुवै भिक्षुहरूको खुट्टा दुखेको अनुभव गरी सकेका थिए । फेरि फर्केर आउँदा त गाऱ्हो माने । तर केही भनेन; आइ नै रहे । बानी नभएकाहरूले कहाँ सक्थ्ये र ? अघि बाटो नै आइ पुग्नु भन्दा पहिल्रै साऱ्है खुट्टा दुखाये । बिस्तारै आउँदा आउँदै रात पऱ्यो । बाटो देखिएन । गाडाको बाटो खाल्टा साल्टा परेकोले बल्लतल्ल रातको नौ बजेतिर नौतनवा पुग्यौं । एक जनाको खुट्टा नै सुनियो । दुबै जनाले साऱ्है कष्ट पाए । उनीहरूको खुट्टा दुखेको कष्ट देखेर नून–पानी तताई, सेकाई दिएँ र सुत्न गएँ । भोलि सम्म पनि उनीहरूको खुट्टा सुन्नेको सुन्यै थियो । राम्रोसंग पाइला नै टेक्न सकेनन् । कालिम्पोङ्ग मा कसरी पुग्ने' भन्दा 'अब हिंड्न पर्ने ठाउँ सकिइ सक्यो, रेल र मोटरबाट मात्र जाने त होनि, जसरी भए पनि जाउँला' भने । त्यसो भने पछि तीनै जना कालिम्पोङ्ग जान रेलमा वस्यौँ ।

सिलुगुडी पुग्यौं । एक जना त खोच्याउँदै थियो । मोटरबाट कालिम्पोङ्गमा गई भाजुरत्न साहुको लाइब्रेरीमा बस्यौं ।

Downloaded from http://dhamma.digital

खुट्टा दुखेकोले अस्पताल लगेर औषधी गराउँदा गराउँदै दुइ हप्ता बित्यो । त्यसै बीचमा 'नाथान्' भन्ने पहाडमा हिउँ पऱ्यो, दुइ तीन दिन बाटो पनि बन्द भयो' भन्ने खबर आयो ।

त्यहाँ हिउँ परेकोले कालिम्पोङ्गमा चिसो बतास आयो । विहान, बेलुका हावा आउँदा अलि–अलि जाडो पनि भयो । उनीहरूले त्यति जाडो पनि सहन नसकी सान-साना भेडाहरूको भुवा भएको 'पाक्चा' भन्ने छालाको लुगा, ऊनीको गंजी, मोजा र टोपी किने । त्यस बेला कालिम्पोङ्गमा 'धोमो घेशे रिम्पोछे' नामक लामाजी बसिरहेका थिए । हामी तीनै जना उनलाई भेट्न गयौं । 'ल्हासा जाने' भन्ने कुरा सुनेर लामाजी साऱ्है खुशी भई, पर्दैन भन्दा पनि पच्चीस रूपियाँ दिए । हामी त्यहाँ-बाट फर्क्यौं ।

लामाहरूको मिजास देखेर तो वर्मी भिक्षुहरू पनि खुशी भए । ल्हासा जाने भनेर सबैले थाहा पाए । जाडो भने उनीहरूको लागि झन् झन् बढ्यो । बाटाको कुरो सुनेपछि 'जान सकिंदैन कि भन्ने मनमा पऱ्यो क्यारे, अर्कै किसिमबाट कुरा गर्न थाले । "अहिले निकै जाडो भइरहेछ । एक डेढ महीना जति हामी रंगूनमा गएर आऔं" भन्न थाले । "ल्हासा जाने भनी सबैलाई भनी सकेर फेरि रंगून कसरी जाने ? म त जान्न । जहाँ जान्छु भनी आएको हो त्यहाँबाट एक पाइला पनि पछि सर्दिन" भन्दा उनीहरूलाई अप्ठेरो पऱ्यो ।

पहिले धेरै पटक 'तपाईहरू ल्हासा जान सक्नु हुन्न' भन्दा उनीहरूले जिद्दी गरी सकेकाले र अहिले जाने आँट न आउँदा

Downloaded from http://dhamma.digital

उनीहरूलाई साह्रै अप्ठेरो परी बन्धनमा परेको जस्तो भयो । उनीहरूको सबै मनोभाव जानि सकेकोले 'यिनीहरूलाई किन सास्ती दिएर राखौं' भन्ने विचारले, उनीहरूलाई भनें– "तपाईंहरू जाने भए जानुस् त; म यहीं पर्खी बसौंला ।" मेरो कुरा सुनी उनीहरूले भने "हुन्छ त, यहाँ साह्रै जाडो छ । एक महीना जति हामी कलकत्तामा बसेर आउँला ।" अनि दुबै जना कलकत्ता तिर गए ।

## ह्लासामा

कालिम्पोङ्गबाट गएर तिनीहरू दुइ जना भोलिपल्ट कलकत्ता पुगे । "कलकत्ता पुगेकै दिन ऊ आनिन्द भिक्षुलाई प्लेग रोगले समात्यो । अस्पताल लगियो । उही दिन उनको मृत्यु पनि भयो" भन्ने तार आयो । तार देख्ने बित्तिकै 'अहो ! यो कस्तो संसार' कलकत्तामा उनलाई कालैले बोलाएको जस्तो भयो । मलाई साह्रै अपशोच भयो । मनमा पत्यार पनि लागेन । लाश उठाउन चन्दा मागेर ल्याएको खबरले मात्र पत्याएँ । पछि ती अर्का भिक्षुले "ऊ आनिन्द स्वर्गे भई सकेकोले म आउन सक्दिन" भन्ने चिट्ठी पठाए । अब ती भिक्षु आउने आशा पनि निराशमा परिणत भयो । मेरो ल्हासा जाने इच्छा भने छुटेकै होइन । अर्को दुइ हप्ता जति कालिम्पोङ्गमा बस्दा ल्हासा जानको निमित्त राहुल सांकृत्यायनजी आइपुग्नु भयो । उहाँलाई भेटेर मेरो सबै हाल भनें । उहाँले पनि आफ्नो सबै कुरा बताउनु भयो । उहांले पहिले हेरेर आइसकेका ल्हासाको शाक्याको पुस्तक भारतको निम्ति निकै

Downloaded from http://dhamma.digital

आवश्यक पुस्तक हुन्' भन्नु भयो ।

त्यही पुस्तकको फोटो खिचेर भारतमा ल्याउने इच्छाले उहाँ फोटो खिच्ने (क्यामरा) सबै लिएर आउनु भएको रहेछ। त्यसैले ल्हासा जाँदा संगै जाउँ' भन्नु भयो । मैले 'हुन्छ' भनें । कालिम्पोङ्गमा भाजुरत्न साहुको कोठीमा एक महीना जति दुइजनै बसें । उहाँले अक्षर लेखाउन राजनाथ भन्नेलाई साथमा ल्याउनु भएको थियो । म समेत तीनै जनाले कालिम्पोङ्गमा चाहिने बन्दोबस्त मिलाई ल्हासाको निमित्त प्रस्थान गऱ्यौं ।

बाटामा 'धोमो पेमुकं' भन्ने ठाउँमा खच्चरवाला (थेवा) हरूको घरमा एक दिन विस्तार भयो । राहुलजीले विनय–पिटक हिन्दी भाषामा अनुवाद गर्ने काम थाल्नु भयो । बाटामा बास बस्दै जाँदै 'ग्याँची' पुग्यौं । त्यहाँ दुइ, तीन, दिन बस्यौं । त्यहाँ पनि उहाँ चुप लागेर बस्नु भएन । यसरी ल्हासा नपुगे-सम्म अनुवाद गर्दै जानु भयो । चैत्र पूर्णिमाको दिन ल्हासा पुग्यौं ।

ल्हासामा 'छुंसिस्या' धर्ममान साहुको कोठीमा राहुलजी बस्नु भयो । म दुइ दिन जति संगै बसें । छ दिन पछि ल्हासा-बाट तीन चार माइल टाढा पर्ने 'फोरंखा' भन्ने गाउँमा जहाँ मानिसको लास काटेरै पक्षिहरूलाई ख्वाउने एउटा मसान छ, त्यहीं बस्न गएँ । समय समयमा ल्हासामा पनि आउँदै गर्थे ।

राहुलजीले आफ्ना सबै काम छ, सात महिना भित्र सिध्याउनु भयो । त्यति भित्रमा म पहिले ल्हासामा व्यापार गर्न जाँदा नगएका जति ठाउँ थिए ती सबै ठाउँमा चौध वर्षको

Downloaded from http://dhamma.digital

एउटा केटो साथमा लिई हेर्न गएँ। सबभन्दा पहिले 'धायबों' भन्ने चिहान हेर्न गएँ। त्यहाँ पाँच दिन जति बसें। त्यहाँ हेर्न लायकका ठाउँ सबै घुमें। त्यहाँ सबभन्दा गजबको चीज के छ भने एउटा कालो ढुङ्गामा बाख्रोको थुनबाट दूध चुहेर 'ओं मणि पद्मे हूँ' भन्ने सेतो रेखाङ्कन परेको साच्चै कालो ढुङ्गामा सेतो ढुङ्गा नै मिसिएको जस्तो देखिन्थ्यो। त्यहाँको एउटा हेर्न लायकको एउटा मसान पनि हेरें। त्यहाँबाट नर्फाकिकन 'गन्धे' गुम्बा पनि हेर्न जाने मनसायले गन्धे गुम्बातिर लागें।

दुइ दिनमा दुबैजना गन्धे गुम्बामा पुगें। गुम्बामा बस्ने लामा भिक्षुहरूले हामीलाई खूब स्वागत गरी एउटा कोठा दिए, खानाको बन्दोबस्त पनि गरिदिए। भोलिपल्ट सबै गुम्बाहरू देखाउन लगे। गन्धे भन्ने साच्चै पहाडको दुलो भित्र रहेछ। पहाड घुमेर भित्र जानु पर्थ्यो। त्यस गुम्बा बनाई राखेको पहाडमा देखाउन लैजाँदा एउटा भिक्षुले ठाउँ ठाउँमा नेपालका र काशीका चिन्हहरू र अरू अनेक प्रकारका पुराना ऐतिहासिक कुराहरू एक एक गरी बताउँदै देखाउँदै लगे।

भोलिपल्ट ल्हासाको एउटा ठूलो अफिसर मरेको रहेछ। उसको लास जलाउन खटमा राखी भारी जात्रा गरी गन्धे गुम्बासम्म ल्याइ पुऱ्यायो। गन्धे पर्वतका तलतिर पुग्ने बित्तिकै गन्धे गुम्बामा बस्ने सबै लामा भिक्षुहरूले त्यो मृत लासलाई लिन गए।

मसानमा पुगे पछि ठूलो विधिपूर्वक पूजा–पाठ गरी त्यहाँ

Downloaded from http://dhamma.digital

जम्मा भएका तीन हजार पैंतीससय जति लामा भिक्षुहरूलाई 'ग्ये' भन्ने जनैपिच्छे दुइ दुइ मोहर दक्षिणा दिए। दुर्गति परि-शोधन धारणी उच्चारण गराउँदै श्रीखण्ड, अवीर, कपूर, कुश-जराको धूप इत्यादि राखेर दाह संस्कार गरे। दान-प्रदान गरी त्यहाँको काम सिध्याए।

तिनीहरूको फौजमा मलाई पनि सम्मिलित गराई दान दिए। सबैले मान मर्यादा गरे। तिनीहरू साह्रै खुशी भए। दाताहरूले मलाई 'ग्यागर घेलुं' अर्थात भारतीय भिक्षु भने। गन्थेमा सबै ठाउँ हेरेर पाँच, छ दिन बसी फर्के। बीच बाटोमा 'समेदुर्ति' भन्ने समे गुम्बाको मेलामा जान लागेका मानिसहरू भेटें। तिनीहरू कहाँ जाने भनी सोद्धा उनीहरूले 'समे गुम्बा हेर्न जाने' भने।

उनीहरूको कुरो सुनी फेरि समे गुम्बा हेर्न जान मन लाग्यो। तुरन्तै समे गुम्बातिर जाने बाटो पक्रें। जाँदा जाँदै अबेला भयो। एउटा जङ्गलको कुनामा दुइ, तीन घर देखें। त्यहीं गएर बस्न जाने विचारले जाँदा त बीचमा एउटा नदी तर्नु पर्ने रहेछ। नदी गहिरो थियो। कुनै कुनै ठाउँबाट मात्र तर्न हुन्थ्यो। रात परी सकेको थियो। बोलाउँदा पनि कसैले सुनेका होइनन्। कुकुरहरू निस्फिक्री भुकिरहेका थिए। बल्ल तल्ल नदी तरें। फेरि कुकुरहरूको महा भय। बोलाएँ, कोही आएन। पछि बल्ल एक जनाले 'को हुन्' भनेर सोध्यो। 'हामी, हामी'। 'छाउरालाई बाँधि देऊ' भन्दा 'बाँधिराखेको छ, केही गर्दैन भनेर भन्यो। डराउँदै घर नजिक पुगेपछि घर-धनी

Downloaded from http://dhamma.digital

बाहिर आएर कुकुरलाई पन्छाए हामीलाई भित्र लग्यो। त्यहाँ अरू चार–पाँच जना पनि समे गुम्बा जान बसेका थिए। एक रात त्यहीं बसेर बिहान सबेरै उठी उनीहरू संगै 'घोंघाला' भन्ने पहाड चढें। जाँदा, जाँदा बान्ह बजेतिर बल्ल माथि पुग्न मात्र पुग्यौं सारा पर्वत सेताम्य हुने गरो हिउँ परे। ढुङ्गा घाँस कहीं केही देखिएन। घाम लागिरहेको थियो। जहाँ हेरे पनि घामको तेजले हेर्नै सकिएको थिएन। (रंगीन) चस्मा (गगल्स) पनि थिएन। भांज्याङ्गमा पुग्दा "इमालु" भन्ने गुम्बामा भीमसेन आउने कुश्यो भिक्षुसंग भेट भयो। उसका सात जना मानिस छन्। घोडा र याक् भन्ने गाई पनि छन्। टुप्पामा उनीहरू खाजा खाँदै थियो। हामी पनि त्यहाँ पुग्यौं। उनीहरूले 'कहाँ जाने ?' भनी सोधे। 'समे जाने' भनें। 'हुन्छ हुन्छ, आऊ, संगै जाऊँ हामी पनि जाने हो' भनें। फेरि 'तिमी-हरूले खाई सक्यौ' भनी सोधे। 'खाएको छैन' भनें। 'कों फुइ' 'तिरिपाली' भन्ने तीन चार वटा रोटी दिए। 'रक्सी खाने कि ?' भनी सोधे। 'हामीले खाँदैनौं' भने। रोटी सोटी खाइ सकेर उनीहरूसंगै पहाडबाट ओलें। जाँदा जाँदै दुबै आँखामा पीरो अनुभव हुन थाल्यो। झन झन पीरो हुँदै गयो। सायंकाल तिर उनीहरू इमालु तिर गए। हामी दुइजना मात्र समेतिर लाग्यौं।

समे पुग्न भोलिसम्मको आधा दिन जति हिंड्न बाँकि थियो। हामी त्यहीं एउटा गाउँमा बास बस्यौं। रात परे देखिन् आँखा दुखेको सहनै सकिन। आँखा दुखेको यति असह्य

Downloded from http://dhamma.digital

भयो कि बरू आँखा निकाले त्यति दुख्ने थिएन होला। यस्तो किसिमले रात भरी आँखा दुख्यो।

त्यहाँ बस्ने मानिसहरूले हुन सम्मको उपाय गरीदिए। केही सीप लागेन। मेरो मनमा 'अब मैले आँखा देख्दिन होला' जस्तो लाग्यो। म निराश भएँ। पछि त्यस्तो वेदना अनुभव भइसकेको एकजना मान्छेले भने– "धन्दा लिनु पर्दैन, त्यस हिउँको बिष जुन बेला लागेको हो, उही बेलामा निको भएर जान्छ। यसमा अरू उपाय छैन। जाँडले आँखा पखालि दिनु।" जाँड किन्न पठाएर आँखा पखाले पछि अलि शित्तल भएको जस्तो लाग्यो तर दुखेको बेग त छँदै थियो। रात भरी प्राणान्त हुने गरी यस्तै किसिमले कष्ट खाएँ। भोलिपल्ट ऐना हेर्दा त दुइवटै आँखा रातो भई कालो चक्का माथि माथि आएको जस्तो लाग्यो। आँखाले देख्ला भनी मलाई आशा भएन। सहेर बस्दा बस्दै हिउँको बिष लागेको बेला, बान्ह बजेसम्म दुखेको कम भएन। बान्ह बजे पछि बिस्तार बिस्तारै दुख्ने कम हुँदै तीन खण्डको एक खण्डमात्र बाँकी भयो।

भोलिपल्ट अलि अलि मात्र रातो बाँकी रह्यो। दुख्न छोडे पनि अलि अलि घोचेको जस्तो अनुभव भइरह्यो। त्यसैले माथि भांज्याङ्गमा भेटिएको भीमसेन देवता आउनेले 'त्यहाँ आउनू, नआई न छोडनू' भनेर गएकोले समे नगइकन फर्केर पहिले इमालुँमा गयौं।

उसका नोकरहरूले खाने बस्ने सबै वन्दोवस्त मिलाई दिए। त्यहीं बस्यौं। आँखा राम्रोसंग निको भएको थिएन।

Downloaded from http://dhamma.digital

प्रकाशमा राम्ररी हेर्न सकिँदैनथ्यो। रातो भएको पनि अलि अलि बाँकी नै थियो। मेरो आँखा दुखेको देखेर एक जना मान्छेले तेल रंगको एउटा चस्मा दियो। चस्मा राखे पछि निकै सुविधा भयो। भोलिपल्ट भीमसेन द्यौता आउनेले भीमसेन प्रवेश गराउन (जगाउन) राम्रा राम्रा घेरै मोल पर्ने क्वेँचि (तिनिखाप) का लुगा लगाए। आँखा भएको, चुच्चो मुख परेको जुत्ता लगाए। कार्चोपी भरेको कुखुराको प्वाँख भएको मुकुट लगाए। चरेस (ढलोट) को चक्काको घेरामा सुनको जलप लगाएको जन्त्र लगाएर उच्च आसनमा बसे। एक मुठो चामल लिई के के मन्त्र जप्नु पर्ने हो जप्दै अक्षता चढाउँदै गरे पछि देवता चढ्यो। अनुहारको रङ्ग बदलियो। जथा-भावी चल्न थाल्यो। अनि सबैले देवता चढ्यो भनी प्रार्थना गरे। देवता चढ्ने उफ्रिन थाल्यो। समाउन नै नसक्ने गरी चल्यो। त्यसो चल्दा मलाई अलि डर लागेर आयो। सब-भन्दा पहिले आउने देवता कराउँदा पंछिको आवाज जस्तो 'च्याँय्–च्याँय्' करायो। पछिल्लो पल्ट आउने देवता कुकुर कराएको जस्तो करायो। ऊ संग दुइवटा देवता आएको देखें। देवता बक्न थाल्यो ल्हासामा ज्योतिषहरूले 'एक वर्ष भित्र यस्तो हुन्छ, त्यस्तो हुन्छ' भनेर भने जस्तै भन्यो। एक घण्टा जति आइसके पछि देवताले छोडेर गयो। ऊ त्यसै निदायो। एक घण्टा जति पछि ब्यूँझ्यो। अनि जस्ता तस्तै जस्तो भयो। त्यति हेरि सकेर भोलिपल्ट समेतिर लाग्यौं।

समेमा एउटा घरमा बस्यौं। त्यहाँको मुख्य गुम्बाको मध्य

Downloaded from http://dhamma.digital

भागमा ठूलो शाक्यमुनि बुद्ध मूर्ति थियो । अरू देवताका मूर्तिहरू पनि धेरै थिए । बाहिरतिर पर्खालले घेरिएको थियो । पर्खाल माथि–माथि चैत्य बनाइएको थियो । त्यस पर्खाल भित्रतिर एक चक्कामा नै अलि–अलि फरक गरी देव मन्दिर-हरू बनाइएको थियो । 'समे दुर्ति' भनी सात, आठ दिन सम्म जात्रा जस्तै भयो । भीमसेन देवता प्रवेश गराउने तीन जना थिए । तीनै जनाले देशको विषयमा भविष्यवाणी गर्थे । ल्हासाको सरकारले 'खाता' लगाइदिन एउटा 'क्वटाः' ( = हाकिम) पठाइदिनु पर्थ्यो । रेशमको कार्चोपी भरेको, भुराहाको भित्री कपडा राखेको अन्दाजी पच्चीस, तीस हात लामो पद्मसम्भवको थन्का (=पौभाल) देखाउन पर्खाल ठाउँ पनि बनाइराखेको थियो । त्यस ठाउँमा पौभाल सिंगारेर सबैलाई देखाउँथे । त्यहाँ पनि भीमसेन देवता प्रवेश गराएर डेढहात जति लामो खड्गले मानिसहरूलाई बेगले हिर्काइयो । अनि एक जनाको टाउकोमा लाग्यो र प्वाल परी रगत निस्क्यो । तर यसलाई देवताले हानेको हो भन्ने विश्वासले उनीहरू माथि कुनै द्वेष भाव लिएनन् । झन खुशी भए ।

त्यहाँ छ, सात दिन बसेर सबै ठाउँमा हेऱ्यौं । त्यहाँबाट पूर्वतिर दिनभरी हिंडेर एउटा पहाडमा पुग्यौं । त्यहाँ तीन, चारवटा गुम्बाहरू थिए । एउटा गुम्बामा जटा पालेको, कानमा शंख चक्का लगाएका 'खाम' प्रदेशको लामासंग भेट भयो । उनी निकै प्रसिद्ध ज्योतिष रहेछन् । त्यस कहाँ गएर म चीनमा पंचशीर्ष पर्वत गएर आउन सकिन्छ कि सकिंदैन"

Downloaded from http://dhamma.digital

भनी सोचें। उनले 'राम्रो संग विचार गरेर हेरौंला' भनी 'स्व' फ्याँकेर हेर्दै भने– "तिमीले चिताएको कुरो पूर्ण नभई छाड्ने छैन। वर्ष नबित्दै पूरा हुनेछ। यसमा केही शंका नै छैन।" उनले यति भनेपछि यो मन साह्रै खुशो भयो। 'कहिले जान सकुँला' भन्ने कल्पना मनमा बारम्बार आउन थाल्यो।

त्यहाँबाट फर्की समे गई दुइ दिन बस्यौं। त्यहाँबाट 'चितं' भन्ने ठाउँमा गयौं। वाटोमा तीन दिन बिस्तार भयो। त्यहाँ पेटी बुन्नेहरूको संख्या धेरै थिएं। नेवारहरू उति थिएनन्, खच्चरहरू मात्र थिए। त्यहाँ 'गें बुन्हि' भन्ने एउटा पर्वत घुम्ने मेला थियो। त्यसै बेला सबै त्यहाँ घुम्न जान्थे। हामी पनि गयौं। अन्दाजी तीन कोश जति घुम्नु पर्‍यो। त्यहाँ जाने मानिसहरू खानेकुरो लिएर भोज जाने जस्तो गरेर जान्थे।

'चित्त' मा जान एउटा ठूलो नदी पार गर्नु पर्‍यो। डुङ्गा जस्तो 'स्यमि' मा बसेर नदी पार गर्‍यौं। चार, पाँच दिन त्यहाँ बसेर 'चंपालीं छु दीं' भन्ने मेलामा गयौं। त्यहाँ ल्हासाको सबै नेवार व्यापारीहरू व्यापार गर्न आउँथे। 'नंबू' भन्ने ऊनी कपडाको किन–बेच खूब हुन्थ्यो। सात आठ दिन भित्रमा सबैले किनमेलको काम सिद्धयाउँथे। त्यहाँ एउटा निकै ठूलो चैत्य थियो। सबै नेवारहरू मिलेर त्यस चैत्यमा एउटा 'पता:' (=ध्वजा) चढाउनु पर्‍यो। तिनीहरू सबै मिलेर भोज मनाउँथे। म त्यहाँ जाँदा व्यापार गर्न आउनु भएका मेरा दाजुसंग भेट भयो। दुइ रात त्यहाँ बसी 'छु दी' मेलाको व्यापार हेरी सकेर 'मंदुलीं' गुम्बा हेर्न गयौं। त्यहाँबाट 'फोखंबु'

Downloded from http://dhamma.digital

'धायांजू' हेर्न गयौं। धायांजू भन्ने ठाउँमा बीस तीस खुड्किला भएको भऱ्याङ्ग उक्लेर गएपछि ढुङ्गाको पहाडको एउटा सुरुङ्गमा डोरी समातेर भित्र पस्नु पर्थ्यो। त्यो सुरुङ्गको तल-तिर अर्को भऱ्याङ्ग राखी छोडेका थिए। अंध्यारो भएकोले बत्ती बालेर जानु पर्थ्यो। भित्र ठाउँ ठूलो थियो त्यहाँबाट उक्लेर अर्को प्वाल भित्र पसें। अंध्यारो कोठामा पद्मसम्भवको मूर्ति स्थापना गरिएको थियो। त्यहाँ दर्शन गरेर बाहिर आंएँ। खाना खाएर फेरि 'क्ओ खंबू' हेर्न गएँ। क्ओ खंबूमा पहाड भित्र एउटा धाराबाट नदी जस्तै भित्रै भित्र पानी बगीरहेको थियो। बत्ती लिएर त्यो बगेको पानी संग संगै जानु पर्थ्यो। त्यहाँ भित्र पोखरी रहेछ। अनेक देउताहरू रहेछन्। दुइ तीन घण्टा सम्म भित्र गएर हेरें। त्यहाँबाट भित्र भित्रै चार, पाँच दिन सम्म पनि जान सकिन्छ रे। त्यहाँ भित्र दही पोखरी छ। त्यहाँ भित्र बसेर खाएको चीजको स्वाद दहीको जस्तो हुन्छ रे। यस बाहेक अरू अनेक प्रकारका चीजहरू हेर्न पाइन्थ्यो रे। हामी दुइ, तीन घण्टामात्र हेरेर फर्क्यौं। त्यही गाउँमा एक रात बसी अर्को दिन फर्क्यौं।

छ दिन पछि ल्हासा पुग्यौं। तीन, चार दिन मात्र घुमेर आउँछु भनेर गएको एक महीना सात दिन बित्दा पनि न जाँदा त बच्चाका आमा-बाबु निराश भएर बसेका रहेछन्। देखाउने सम्म ज्योतिषहरू संग पनि पुगेछन्। ठूलो हाहाकार मच्चि-रहेको रहेछ। 'धायर्वा' सम्म गएर आउँछु भनेर गएको मानिसको अहिले सम्म केही पत्तो छैन। "अवश्य यिनीहरू

Downloded from http://dhamma.digital

डाकाको हातमा परे होलान् । उनीहरूले नै सिध्याइ दिए होलान्" भन्ने विचारले बसिरहेका रहेछन् ।

जहाँ ज्योतिष देखाउन गए पनि 'केही हुँदैन, फर्कन्छ' भनेर जवाफ दिएकोले मात्र त्यही आशामा बसिरहेका छौं भने । हामीलाई देख्दा अत्यन्त खुशी भए । बच्चाले हेरेर आएको ठाउँको बयान गरे पछि 'धन्य तिमीहरूको साँच्चै बलियो भाग्य रहेछ' भनेर दङ्ग परे । त्यति घुमेर आइसके पछि ल्हासाको 'मुरू" गुम्बामा श्रावण एक महिना धर्म कथा सुनें । धर्म कथा 'सारा' गुम्बाको लामाजीले सुनाएका थिए ।

ल्हासा देशमा धर्म उपदेश दिने नियम, रीतिथिति असाध्य राम्रो रहेछ । मुरू गुम्बाको धर्म व्याख्यान गराउने ठाउँमा हजारौं मानिस अटाउँथे । बीचमा साढे दुइ तीन हात अग्लो व्याख्यान गराउन निमित्त धर्मासन बनाइएको थियो ।

त्यसको वरिपरि श्रोतावर्गहरूले एक एक जना बस्ने चक्टी एक एक आ–आफैले ल्याएर व्याख्यान गर्ने चार, पाँच दिन अगाडि देखि ओछ्याएर ठाउँ ओगटी राख्दा रहेछन् । पछि आउनेहरू जहाँ जहाँ खाली ठाउँ छ त्यहाँ त्यहाँ बस्थे । ठाउँ लिन त्यहाँ बस्ने 'कुनिप्व' भन्ने पुजारीलाई खुसामद गर्न सके मात्र अगाडि ठाउँ पाउँथे । अगाडि वस्ने मानिस पहिले नै आएर बसिरहनु पर्थ्यो, किन भने पछि गयो भने बसीरहेका मानिस-हरूलाई हटाएर आइ पर्ने झन्झट हुने भएकोले जति सक्दो पहिले नै आएर बस्थे । व्याख्यान कालमा बिल्कुल निःशब्द हुँद्रो रहेछ । कोही एक शब्द पनि बोल्दा रहेनछन् । खोकी

Downloaded from http://dhamma.digital

सम्म पनि रोक्थ्यो। श्रोतावर्गमा यतिको श्रद्धा रहेछ कि के भनूँ ? सबभन्दा पहिले धर्म कथिकले आदरपूर्वक व्याख्यान सुन्नु पर्ने नियम राम्रोसंग सुनाई दिंदारहेछन्। त्यही रूल नियमानुसार एक जना पनि फिट्टिक्क चल्दैनथे। यही किसिमले दिनहूँ ठीक समयमा आएर धर्म देशना सुन्थे।

एक दिन फोरंखा माथिको एउटा गुम्बामा बसिरहेकी बहुलाही जस्ती स्वभाव भएकी तर अलि जान्ने–सुन्ने जस्ती अनि (=भिक्षुणी) ले लामाजीले गरिरहेको व्याख्यान माथि प्रश्न गर्न थाली। अरूहरूले धक्का दिई 'चूप लाग' भन्दा पनि चूप लागिन। त्यसरी मै कराइ रही। दिनहूँ यस्तै बक् बक् गरिरहने, भनेर पनि नमानेकीले, पछि ठूलो विघ्न पर्ला भन्ने विचारले, उसलाई ढोका बाटै छिर्न दिएनन्। भित्र पस्न नदिए पनि बाहिरैबाट कराइरहन्थी। मलाई यस्तो लाग्यो "आदर र विश्वासपूर्वक धर्म व्याख्यान सुनी त्यही मुताबिक श्रद्धा र भक्ति उत्पन्न भएकाले नै ल्हासा देशमा धर्म स्थीर भएर रहन सकेको रहेछ। देशमा पण्डितहरूले बेला बखतमा धर्म घोषणा गरेकोले नै मानिसमा असल आचरण र भक्ति भाव स्थीर हुन गएको रहेछ। फेरि धर्म कथिक र श्रोतावर्ग दुबै पक्षले जगतमा ठूलो हित गर्ने मनसायले उपकार गर्ने पूर्ण निश्चय लिई उपदेश मान्ने र सुन्ने गर्थे। धर्म भन्ने विना नभनीकन, नसुनिकन बुझिँदैन। त्यसैले धर्म प्रचार गर्ने मूलत व्याख्यान गर्न गराउनु हो भन्ने कुरो हामीले बुझ्नु पर्छ। धर्म भनेको धर्म कथिकले शील पालन नगरी गौरव नराखी मनपरी गरी आफ्नो आचरण

Downloaded from http://dhamma.digital

नसुधारिकन अरूलाई उपदेश मात्र दिएर धर्मको उदय हुन सक्तैन । यस कुरामा बर्मा, श्रीलंका, र ल्हासा गएर हेरे मात्र पूर्ण विश्वास हुन्छ । मलाई पनि ती ती ठाउँमा गएर हेरे पछि मात्र पूरा विश्वास भयो ।

एक महीना पूरा धर्म व्याख्यान सुनें । व्याख्यान सिद्धिने दिनमा (अवसानमा) त्यहाँको नियमानुसार सबैले एक एक वटा छत्र, जपमाला, फूल, फूल–माला, आदि आ–आफ्ना श्रद्धा-नुसार व्याख्यान सुनेको फल प्राप्त गर्न धर्म कथिकलाई चढाउँथे । दान दिनमा ठूलो श्रद्धा राखिन्थ्यो । त्यसमा दान नदिने एउटा पनि निस्केन । ती दान दिइएको वस्तु लामाजीले भागमा पर्न आएको जति मात्र लिन्थे । दान दिइएको ती सबै चीज ल्हासाका सबै गुम्बाहरूमा भाग लगाइन्थ्यो । किनभने धर्म कथिक भिक्षु भएकोले ती सबै चीज उनलाई आवश्यक थिएन । त्यसैले सबैलाई बाँडेर दिने चलन चलाएका रहेछन् । भोलिपल्ट 'छो पूजा' गरिन्थ्यो । त्यसमा पनि सबै श्रोता-वर्गहरूले यथा श्रद्धा सत्तु, घिउ, मेवा, मिष्ठान्न, फलफूल राख्न ल्याउँथ्यो । ती सबै 'छो पूजा' गरेर सबैलाई बाँडेर दिन्थे । पूजा गर्दा सबै आएर पूजामा बस्थे र प्रसाद लिन्थे । यति नगरुन्जेल 'पूर्ण फल प्राप्त हुँदैन" भन्ने विश्वास रहेछ । यो ल्हासाको साह्रै राम्रो नियम हो ।

यसपछि आफू बसेको ठाउँ फोरंखामा नै फर्कें । एक महीना पछि राहुलजीको काम सिद्धियो क्यारे । शाक्य भन्ने ठाउँमा गएर पहिले हेरी सक्नु भएको पुस्तकको फोटो लिएर

Downloaded from http://dhamma.digital

नेपालतिर फर्कने विचार गर्नु भयो । म एक दिन ल्हासा जाँदा राहुलजीलाई भेटन गएँ । उहाँले भन्नु भयो– "अब यहाँ मेरो काम सिद्धियो । विनय पिटकको अनुवाद पनि अस्ति नै सिध्याइ सकें । नेपाल भएर फर्कन्छु ।"

त्यस बेला मैले राहुलजीलाई 'म त नेपाल फर्कंदिन ।' उहाँले सोध्नु भयो– "त्यसो भए कहाँ जाने त ?" "म महाचीन पञ्चशीर्ष पर्वतको मञ्जुश्री गुरू दर्शन गर्न जान्छु ।" भन्दा मलाई हेरेर भन्नु भयो– "कसरी जाने ? महाचीन जान खर्च दिने को ? कोसंग जाने ? तिमी जानलाई पैसा खोई ?"

मैले भनें– "खर्चको विषयमा पिण्डपात्र छ । मद्दतको बारेमा पैदले जान्छु । जहाँ जहाँ जो जो भेट्यो ऊ ऊ संगै जान्छु ।" अनि उहाँले सोध्नु भयो– "तिमीले पञ्चशीर्ष पर्वतमा मञ्जुश्री गुरू भेटछौ त ?" त्यसबेला मैले पहिले पहिले त्यहाँको वयान सुनिराखे अनुसार भनें– "मेरो विचारमा जीउँदो, हामी जस्तै शरीर भएको, राम्रोसंग प्रश्न–उत्तर गर्न सक्ने नेपाल आइसक्नु भएका मञ्जुश्री भेटौंला" भनी सोझो जवाफ दिंदा 'यो कस्तो मान्छे रहेछ' भन्ने विचारले हाँसेर भन्नुभयो– "भेटेछौ भने त वेश भयो" भन्दै सोध्नु भयो– "त्यसो भए तिमी नेपाल नआउने भयौ, होइन त ?"

'म त महाचीन जान्छु । फर्कन सके फर्कौंला, नसके जे जस्तो होला' भन्ने विचारले 'म त आउँदिन' भनी पूर्ण जवाफ दिएँ । 'म न आउने निश्चय भए पछि' राहुलजीले 'त्यसो भए म जान्छु' भन्नु भयो । 'हुन्छ' भनी म ल्हासाबाट फोरंखा नै

Downloaded from http://dhamma.digital

फर्के । पछि राहुलजीले ल्हासाको रत्नदास साहुको छोरो माहिलालाई भन्नु भयो– "धर्मलोकले त महान यात्रा गन विचार गरे। जान सके त राम्रै भयो । संसारमा कलंक रहित कार्य तीनवटा छन्– "पहिलो ग्रन्थ–शास्त्र धेरै भन्दा धेरै पढेर निकै जान्ने–सुन्ने भई यस चित्तलाई शान्ति दिलाउने, दोस्रो यस शरीरले भ्याएसम्म संसारमा भ्रमण गरी सुख–दु:ख अनुभव गरी चित्त शान्त गर्ने, तेस्रो एउटै आसनमा वसी जप–ध्यान र तपश्चर्या गरी जीवन बिताउने, यीनै तीन महान कार्य हुन् । सकेदेखि गर्नु पर्ने हो ।" राहुलजीले भन्नु भएको उपरोक्त कुरा माहिलाले पछि मलाई सुनाए ।

अनि मलाई जान झन उत्साह बढ्यो र 'गएरै छोड्छु' भन्ने निश्चय गरें । छ, सात दिन पछि राहुलजी फिखाछ्येंबाट शाक्या भई नेपाल फर्कनु भयो । म ल्हासामा नै परें ।

खाए पनि बसे पनि खालि चीन जाने कुरामा मात्र ध्यान आउन थाल्यो र त्यहां जाने उपाय खोज्न थालें ।

ल्हासाबाट तार्चिदोमा चिया व्यापार गर्न जाने खाँमका महाजनहरू–पन्दाछाँ, ग्यापु छाँ, छेनि छाँ भन्नेहरू कहाँ गएर– "यहाँबाट जाने मानिसहरूसंग मलाई 'ताचिन्दो' सम्म पठाइदिनु होस् । ताचिन्दोबाट उता रेल छ रे। मलाई 'रिपु च्वेङा' दर्शन गर्न जाने इच्छा छ" भन्दा साहुहरूले 'हुन्छ' तिनीहरू जाँदा संगै पठाई दिउँला भने । पछि तिनीहरूलाई पठाउने बेलामा भन्न जांदा, साथमा लिएर जाने नोकरहरूले कसैले पनि साथमा लिएर जान इच्छा गरेनन् । 'यसले घोडा चढ्दैन ।

Downloaded from http://dhamma.digital

हिंडेर जाने भन्छ। बेलुका खाँदैन । यो कहाँ जान सक्छ र ?' भनी कसैले पनि पत्याएनन् । जति भने पनि कसैले साथमा लैजान मन गरेनन् । "चार, पाँच महीनासम्म हिंड्नु पर्ने त्यस्तो अप्ठेरो बाटोमा कहिले जान सक्ला ?" भनी दुइ तीन जनाले भने । मालिकहरू भने पठाई दिनमा खुशी थिए। लैजाने नोकरहरूले भने कसैले पनि खुल्ला मनले लैजान तयार भएनन् । त्यसैले साथमा लिएर जाने मानिस नै बेखुशी भए पछि 'कसरी जान सकिन्छ ?' भन्ने विचार आयो । फोरंखाको लामालाई कथा भन्न लगाउन खामका निवासीहरूले निमन्त्रणा गरी राखेका थिए । कसैले लैजाने आशा नभए पछि, उही लामा खाम जाने भन्ने कुरो सुनेर खामसम्म भए पनि उसको साथमा जानु पऱ्यो भन्ने विचारले उसकहाँ गइ भने– मेरो एक पटक रिपुच्वङ्गा दर्शन गर्न जाने विचार छ । तपाई कहाँसम्म जाने हो ? म पनि साथमा आउँछु । त्यहाँबाट अरू कोही भेटे साथमा जाउँला । म एक जनालाई पनि साथैमा लिएर जानु होस् ।" भन्दाखेरि लामा सार्है खुशी भए । साथमा जाने पक्का गरेर आएँ । पछि फेरि लामा खामसम्म नजाने, 'कोंगो' सम्म मात्र जाने भए । त्यहाँसम्म भए साथमा गए पनि के नगए पनि के जस्तो लाग्यो । त्यही बेला काठमाडौंको पाको टोलमा बस्ने महारत्न शाक्यको खच्चरा छोरो 'छिरिंटासी' भन्नेले मैले चीन जाने मानिस खोजिरहेको थाहा पाएछ । चीनबाट आएर घ्येपुं गुम्बामा बसिरहेका उसका गुरू धोर्ज्येचोया घोसि लामा संग सोधे कि कसो हो कुन्नि उसले मलाई डाकेर

Downloaded from http://dhamma.digital

भन्यो– "तपाईलाई चीन लैजान सक्ने एउटा लामा छन्। मैले उहाँसंग एकपटक सोध्दाखेरि तपाईलाईनै लिएर आउनू भनेको छ भने अनुसार एउटी स्वास्नीमान्छेका साथमा मलाई लामा कहाँ पठायो । दुवैजना लामा कहाँ गयौं । मलाई लामा कहाँ छोडेर ती आईमाई फर्किन्। ती लामाले मसंग एक एक कुरो सोधे। उनले भने– "तिमी त्यहाँ गएर के गर्ने त ?" मैले भनें– "पञ्चशीर्ष पर्वतमा महामञ्जुश्री छन् भन्ने कुरो वयान र त्यहाँको ऐतिहासिक धेरै कुरा मैले नेपालमा सुनेको थिएँ। त्यसैले त्यहीं गएर एक पटक दर्शन गर्न पाए जन्मेको सार हुने थियो । यो इच्छा लागेको धेरै भईसक्यो। पहिले म यहाँ व्यापार गरिरहँदाखेरि देखि अर्थात् पञ्चशीर्ष पर्वत गएर आएको भन्ने मानिसहरूलाई देखे देखिन् 'म पनि त्यहाँ एक पटक जान सकूँ' भन्ने मनमा आइरहन्थ्यो। अहिले त म प्रव्रजित छुँ। 'अहिले जान नसके कहिले जान सकुँला ? त्यसकारण यही मौकामा त्यहाँ एकपल्ट जाउँ' भन्ने प्रबल इच्छा भइरहेको छ तर त्यहाँ जान मलाई मद्दत गर्ने कोही भएनन्। ताचिन्दौमा चिया खेप (व्यापार) जाने कति खम्पाहरूलाई खुसामद गरी सकें। कसैले पनि ताचिदोसम्म पनि लगी दिएनन्।" भनी सबै कुरा सुनाउँदा ती लामालाई के विचार आयो कुन्नि। उनले त मलाई यसो पो भने– "तिमीलाई त्यहाँ पक्कै पुऱ्याई दिउँला। तर तिमी एक्लै त्यहाँ जान सक्नै नौ। म पनि एकपल्ट आउँदा वर्षमा जानु पर्ने काम छ । यहाँ मेरो एउटा धर्म गराउने काम छ।

Downloaded from http://dhamma.digital

अर्को ध्येपु गुम्बामा एक हजार तथागत स्थापना गर्ने एउटा काम पनि छ। यति काम सिद्धिए पछि तिमीलाई चीनमा मात्र त के तिमीले जहाँ जहाँ भन्यौ त्यहाँ त्यहाँ सुविधासाथ पठाई दिन सक्नेछु, तिमीले केही धन्दा मान्न पर्दैन।"

यी कुरा लामाजीले केवल मुखले मात्र भनेका होइनन् किन्तु उनको भित्री हृदय देखिको सहानुभूति पूर्ण भरोसा थियो। किनकि उनको कुरा गराईमा यो भाव स्पष्ट झल्किन्थ्यो। त्यो दिन धेरै कुरा गर्न भ्याएन, अलि कति मात्र कुरा गरेर फर्कें। 'अब तिमी मकहाँ बरावर आउन न छोड्नू, आउँदै गर्नु' भनेर भने।

पछि चार, पाँच दिनको एक एक पल्ट गएर 'चीन जाने कोही भेटिन्छ कि एक पटक विचार गर्नु होस्' भनें। "हतारो न मान। चीन भारत जस्तो होइन। त्यहाँ सार्है भीर हुन्छ। एक वर्ष जति पर्ख। मेरो यो एउटा काम सिद्धिए पछि मसंगै लिएर जाउँला" भनेर भन्थे। मैले भनें– "तपाईको धेरै काम छ। आउँदो वर्षमा पनि के काम आइपर्छ के काम। तपाई बूढो भइ सक्नुभयो। एक वर्षसम्म पर्खंदा के हुन्छ के। मलाई त अहिले जान पाए हुन्थ्यो।" भन्दा 'मैले मान्छे खोज्दै छुँ। आतुरी नगर भने। मलाई केवल जाने मात्र ध्याउन्ना हुन थाल्यो अरू केही ध्यान रहेन। ती लामाजीको भने जहिले गए पनि कामको थुप्रो। उनको गुम्बामा धर्म गराउने तयारीकै तन्ता मात्र। केही भन्ने ठाउँ नै छैन। उनको यसो हेर्ने फुर्सतसम्म पनि छैन। एक डेढ महीना सहनै पर्‍यो।

Downloaded from http://dhamma.digital

उनको गुम्बाको काममा मलाई पनि ध्येपुंमा डाके। एउटा कोठा दिएर राखे। खाना–पिना सबै समयमै राख्न ल्याउँथे। सात, आठ दिन उनको पूजा गरूञ्जेल उहीं बसें। पूजा गरेको हेरें। दान दिइएकोमा मलाई पनि भाग दिए। तो पूजा कालमा गुम्बामा बस्ने सबै मानिसलाई उनै लामाले नै ख्वाउने गर्थे। मानिस करीब पाँच, छ हजार भन्दा बढी होलान्। ती सबै खान–पिनको बन्दोबस्त मिलाई भव्य रूपले पूजा गराए। फेरि ल्हासामा शास्त्र पढाउन ल्याइएका लामाका चार जना चिनियाँ 'चेतु–शिष्य' भिक्षु गराई राखेका थिए। तिनीहरूलाई खान–पिनको व्यवस्था गराई, बस्ने कोठा, ओढने ओछ्याउने भाँडा–बर्तन चाहिंदो अरू सामान चारै जनालाई जोडा मिल्ने गरी बनाई दिए। ती सबै हेरेर म ल्हासा फर्के। केही दिन ल्हासामा बसें। कसरी 'चांडै जाउँ' भन्ने मात्र मनमा कल्पना भई रहन्थ्यो। फेरि गएर "म त छिटै जान पाए हुन्थ्यो" भन्दा "तिमो साऱ्है हतार मान्यौ। जाने मान्छे खोज्दा तुरन्तै जाने कोही भेटिएन, तिमीलाई भने निन्द्रा नै परेन। तिमी भाषा पनि जान्दैनौ। के गर्ने ?" भने। मैले भनें– "अरू मलाई चाहिएन। तपाईले कहाँसम्म उपकार गर्न सक्नु हुन्छ, गरी दिनुहोस्। मलाई त जति सक्यो उति चाँडो जान पाए हुन्थ्यो।" म हतार मानेकोले उनलाई 'के गरूँ, के गरूँ' जस्तो भयो। पछि उनको शिष्यहरूमा सेक्रेटरी बनाएर राखेको एक जना चिनियाँलाई बोलाएर भने– "हंङ्कङ्ग, स्याँहे, पेकिङ्ग, नांकिङ्ग,

Downloaded from http://dhamma.digital

रिपुच्चेङाको फलना फलनाहरूलाई एक एक वटा चिट्ठी लेखी देउ लौ यसलाई ।" 'हवस' भनी कागत, कलम, मसी लिएर कोठामा गई चिनियाँ भाषामा आठ वटा चिट्ठी लेखेर ल्यायो सबै व्यहोरा पढेर सुनायो । 'कुरा ठीक छ' भने । सबैमा ठेगाना लेखी दिए । भौलिपल्ट एक गज पहेंलो जीन किन्न पठाएर झोला सिई झोला भरी चिनियाँ भाषामा लेखे । त्यसको व्यहोरा पनि चिनियाँ भाषामा नै पढेर सुनाए । 'हुन्छ' भने । कोही जाने मानिस नभेटिए पछि ती चिट्ठी र झोला मलाई दिएर भन्नु भयो– "यी चिट्ठीमा लेखिएका मानिसहरू भेटे त तिमीलाई केही धन्दा नै छैन । चाहिंदो मद्दत उनीहरूले नै गरी दिनेछन् । केही भएर उनीहरू कहीं गइरहेका रहेछन् र भेट भएन भने यो झोला गलामा झुन्ड्याएर एउटा दोबाटोमा चुप्चाप माला घुमाएर उभिई रहनु । तिमीलाई एउटा न एउटा मद्दत गर्ने दाता अवश्य आउनेछ, नआई छोड्दैन ।"

Dhamma.Digital

यति भनी चिट्ठी र झोला पनि दिए । तीस रूपियां दाम पनि दिए । "के गरूँ ? तिमी मसंगै जाउँला भन्दा मानेनौ । चीन सम्म जान पनि तिमीमा कत्ति पनि भय नदेखेकोले 'तिमीलाई केही हुँदैन' भन्ने मलाई विश्वास छ । संसारमा मन नै ठूलो छ । लौ, अब तिमी जाऊ । तिमीलाई केही हुने छैन" भनी उनले गर्न सक्ने जति उपाय गरेर आशिर्वाद पनि दिए । अनि म ध्येपुंबाट फर्केर ल्हासामा आएँ । छिरिंटासि (भोटे खचरा) कहाँ गएँ । उसलाई– "तपाईले त मलाई साँचै

Downloaded from http://dhamma.digital

के लामासंग भेट गराई दिनु भयो। अब भने म पञ्चशीर्ष पर्वत पुग्ने भएँ। लामाजीले यी चिट्ठी र झोला दिएर पठाए।" भनी सबै देखाउँदा छिरिंटासि पनि खुशी भए। उसले सोधे– "अब कहिले जानु हुन्छ ?" मैले भनें– "म चाँडै नै जानेछु।" जाने बेलामा 'मलाई एक पटक न भेटी नजानु होला' भने। 'हुन्छ' भनी म बसीरहेकै ठाउँ फोरंखा मसानमा नै गएँ। त्यहाँ दुइ, तीन दिन बसी त्यहाँका सबै सामान लिई त्यहाँबाट विदा भई ल्हासा आएँ। ल्हासामा मेरो दाजुको छोरो तुल्सीरत्नको 'नांकानू' कोठीमा बसें। ल्हासामा चिने जानेका जति कहाँ विदावादि हुन जाँदा आ–आफ्ना गच्छे र इच्छानुसार बाटो खर्च दिई पठाए। पछि छिरिंटासी कहाँ गएँ।

"म पर्सि पूर्णिमाको दिन ल्हासाबाट निस्कन्छु" भनें। उसले पनि अलिकति रूपियाँ दियो। साढे दुइसय जति रूपियाँ जम्मा भयो। बाटो खर्च पनि पुग्ला जस्तो भयो। सत्तु, चिया, घिउ आदि एउटा मान्छेलाई बोकाएर चैत्र पूर्णिमाको दिन ल्हासाबाट निस्कें।

★

Downloaded from http://dhamma.digital

# चौथो परिच्छेद

## फारीतिर

ल्हासाबाट 'घुंकारमा' वास बसें। त्यहाँबाट विहान सबेरै उठी हिंडेर 'क्याँ' भन्ने ठाउँमा पुग्दा थ्रोमोको महाजन 'वाँछु' भन्ने र उनकी श्रीमती र अरू नोकरहरू बाटोमा बसी च्यापिइरहेका थिए। घोडाहरू दस वटा जति पनि त्यहीं थिए। बाटोबाट सरासर आइरहेको हामीलाई उनीहरूले देखे। 'कहाँ जानु हुन्छ ?' भनी सोधे। 'हामी कालिम्पोङ्ग जाने' भनें। 'घोडा छैन ?' भनी सोधे। 'छैन, हामी दुइ जना मात्रै छौं' भनें। उनीहरूले सोधे– "दुइजना मात्रै कसरी जाने ? बाटामा डर लाग्दैन ?" 'के गरूं, के गरूं' भनें। अनि स्वास्नी चाहिंले सोधिन्– "बाटोमा साह्रै डरलाग्दो हुन्छ हामी संगै हिंड। हाम्रा घोडा पनि छन्। संगै आए राम्रो पनि हुनेछ। खान–पिनको पनि सुविधा हुनेछ, ती गुन्टा पनि घोडालाई बोकाए हुन्छ। मन लागे चढे पनि भयो। संगै गए कसो होला ?" "हुन्छ, घोडा त चढ्दिन। गुन्टा र खाने सामान जति घोडालाई बोकाउनु पर्ला" भनें। 'हुन्छ त हुन्छ; आउनु होस्। संगै जाउँ।" भने। अनि त्यहीं भारी बिसाएर चिया पिएर सत्तु खाएँ। खान सिद्धिए पछि उनीहरूले हाम्रो गुन्टा पनि राखेर घोडा कसे। 'चढने भए एउटा घोडा लेऊ'

Downloded from http://dhamma.digital

भने । 'चढ्दिन' भनें । त्यहाँबाट संग संगै 'छुमू' भन्ने ठाउँमा बास बस्न गयौं । घाँसको हिसाब गर्ने 'धोमो' व्यापारीहरूको घोडा भएकोले उनीहरू पहिले बास बस्ने ठाउँ 'नय्चां' भन्ने बासमा पुग्नु पर्थ्यो । बासमा पुग्न दिनको पच्चीस, तीस माइल जानु पर्थ्यो । 'के गरूं ?' साथमा आइ सकें । सके पनि नसके पनि उनीहरू पुग्ने ठाउँमा पुग्नै पर्थ्यो । नपुगी सुखै थिएन । त्यसरी हिड्न परे पनि हिडेर आइरहेकै थिएँ । निकै टाढा परेको दिन, एक दिन मात्र उनीहरू पुगेको बासमा पुग्न सकिन ।

'नगाँचि' बाट उठेर गएको दिन 'न्हिह्लु पेटु' तिर 'ल्हलू' बाट पाँच माइल जति भित्र जानु पर्थ्यो । त्यहाँ एक ठाउँमा बास बसें । त्यो दिन क्रण्डै बत्तीस माइल जति हिंडे होला, सान्है थाकें । अर्को दिन 'न्हिह्लु पेटु' मा पुग्न जान पर्थ्यो । अन्त बास बस्ने ठाउँ थिएन । त्यो दिन पनि त्यति नै हिड्न पर्थ्यो । उठेर गएको अलि अबेला भयो । हिंड्दा हिंड्दै पछि परें । पछि परेकोले आँट पनि आएन । खुट्टा सान्है दुखे । कोही नभेटने बाटोमा दिन भरी एक्लै हिंड्दै-हिंड्दै पाँच बजी सक्यो । हिड्ने शक्ति पनि हरायो । फेरि कति हिड्नु पर्ने हो केही थाहा थिएन । बाटामा कहीं बस्ने ठाउँ पनि थिएन । हावा रोक्ने एउटा ठाउँ मात्र भेट्टाए त्यहीं बास बस्नु पर्ला, भन्ने विचार आयो ।

दैव संयोगले एक कोस जति जाँदा कलकसामा व्यापार

Downloaded from http://dhamma.digital

गरी फर्केका एक हूल बाटामा पाल टांगा घोडाहरू मैदानमा चराएर बास बसिररेका भेटें। म खोच्याउँदै आइरहेको मलाई उनीहरूले देखे। अबेला भैसकेको र अन्त कहीं बस्ने ठाउँ नभएको थाहा पाएर उनीहरूको एउटा 'थेबा' (नोकर) लाई 'कहाँ जाने हो, सोधेर आउनू' भनी पठाएको रहेछ। उसले मसंग सोध्यो। मैले 'वाँछु धोमो' को नाउँ लिएर 'म उनीहरूको साथमा आएको थिएँ। उनीहरू अगाडि गइसके। खुट्टा दु:खेकोले म अलि पछि परें' भनें। उनीहरूको बासमा अब तिमी पुग्न सक्तैनौ होला भनी उसले भन्यो। सकेको ठाउँसम्म जाउँला भन्दा उसले "एकछिन पर्ख त" भनी महाजनहरूकहाँ गई मेरो सबै हाल सुनायो क्या रे, फेरि दौडेर आई मलाई बोलाउन आयो। उसंग गएँ। पालभित्र पसें। महाजनले भने– "वाँछु-हरू बसेको बासमा अब तपाई पुग्न सक्नु हुन्न। आज यहीं बस्नुहोस्। भोलि बिहान सबेरै गए उनीहरूलाई भेटिन्छ। नभेटे पनि बास बस्ने ठाउँ त भेटिएला। आज गएर कहाँ बस्ने ? राति बाटामा पर्‍यो भने हावा लाग्दा सार्‍है जाडो हुन्छ। यहीं बसे पनि हुँदैन र ?" भने। थकाई पनि लाग्यो। अबेला पनि भयो। त्यसैले 'हुन्छ' भनें। पुग्ने गरी ओढ्ने ल्याइदिए। खाना पनि ल्याइदिए। 'बेलुका खाँदिन" भनें। चार, पाँच कप चिया खाएर उहीं सुतें। मेरो यात्राको कुरो सोधे। ऊ पनि पञ्चशीर्ष पर्वत गएर आइसकेको रहेछ। उसले त्यहाँको हाल बतायो। भोलिपल्ट सबेरै उठेर चिया तताई राम्रोसंग ख्वाएर बडो खुशी भई अलि परसम्म पुर्‍याउन पनि

Downloded from http://dhamma.digital

पठायो ।

म त्यहाँबाट सरासर गएँ । म एक रात एकातिर परेकोले पहिले गइरहेकाहरूले ठूलो धन्दा लिई दुइ लोग्ने-स्वास्नी झगडा गरिरहेको रहेछन् । मैले लिएर गएको नोकर चाहिं फर्केर मलाई खोज्न आइरहेको थियो । मलाई टाढैबाट देखेपछि फेरि दौडेर गई उनीहरूलाई म आइरहेको खबर दिन गयो । म बल्ल त्यहाँ पुगें । अनि मात्र उनीहरूको मन आनन्द भयो । त्यहाँ फेरि ख्वाए । खाना खाइसकेपछि एउटा पहाड चढी ओर्लेर अलि पर पुगेपछि बासमा पुग्यो । त्यो दिन अलि सबेरै बास बस्यौं । त्यहाँ बाट फेरि 'फारी' नपुगुन्जेल एउटा बासबाट अर्को बासमा पुग्नु पर्थ्यो । ठूल ठूला मैदान 'काला पतान', 'लुंगुरु हुथान', 'धुइना' समेत तीनबटा फाँट र मैदान नाघेपछि फारी पुग्थ्यो । त्यहाँ आइपुगेपछि त्यस बाटोबाट म धेरैपल्ट हिंडिसकेको भएर मनमा उत्तिको पीर परेन । 'न्हिह्ल् पेटुं' बाट कहिल्यै नआएको बाटोको केही भेसो पनि थाहा नभएको, फेरि बेचल्तीको बाटो भएर दुइ दिन सार्है कष्ट खानुपर्‍यो । तर कोही साथी नभएको, म एक्लै आएकोले जसरी भएता पनि फारी पुगें ।

फारी पुगेपछि म एकजना 'छुसिस्या' साहुको कोठीमा गएँ । मलाई साथ ल्याउने धोमोको त आफ्नै घर थियो । त्यहाँ जानुभन्दा अगाडि मलाई भनेर गयो कि– "तपाई मेरो घरमा आएर दुइ-चार दिन नबसीकन कालिम्पोङ्ग नजानु होस् । कहिले जाने मलाई भन्नुहोस् ।" मैले भनें– "पर्खनुहोस्, पाँच, छ दिन थकाई मारौं । पछि के हुन्छ, थाहा छैन । धोमोमा

Downloaded from http://dhamma.digital

आउँदा तपाईंको घरमै आउँछु ।" "त्यसो भए आउनु होस् त । म पनि पञ्चशीर्ष पर्वतमा पूजा गर्न केही चीज दिएर पठाउने छु ।" भनेर गए ।

## दुयूमा वर्षावास

फारीमा सात, आठ दिन बसेपछि दुप्पा देश एकचोटि हेर्न जाने विचार आयो । वर्षावास पनि नजिक आइपुग्यो । त्यसैले 'दुयूमा' वर्षावास सिध्याएर मात्र चीन जाने विचार गरी फारीमा दुइ हप्ता जति बसेर दुप्पा देशमा गए । फारीबाट पैंतीस, छतीस माइल ओर्लनु पर्‍यो । तल पुगेपछि एउटा नदी छ । त्यो नदीको किनारै किनारा एक दिन र आधा दिन गएँ । 'पारुक्षों' भन्ने ठाउँमा भूतानी सरकारी मानिसहरू धेरै थिए । 'पंबु' (=हाकिम) एकजनालाई पहिले फारीमा बस्दा चिनेको थिएँ त्यहाँ भेट भयो । उसले 'यहाँ किन आउनु भएको?' भनेर सोध्यो । 'म यहाँ कहीं जंगलको गुफामा सुविधा हुने ठाउँमा तीन, चार महीना जति भावना गर्ने विचारले आएको' भनी सुनाउँदा ऊ साह्रै खुशी भएर 'हुन्छ-हुन्छ' भन्यो । उसले भन्यो— "यहाँ 'छ्यामकं' भन्ने ध्यान गर्न बनाइ राखेका थुप्रै ठाउँहरू छन् । तपाईंलाई जहाँ मनपर्छ बस्न जानुहोस् । खाने पिउने व्यवस्था म पुऱ्याइ दिनेछु ।" उसकहाँ चार दिन बसे । उसले डेढ-दुइ महीनालाई पुग्ने गरी चामल, चिउरा, चिया, सत्तु, घिउ आदि सबै चाहिने कुरो राखी एउटा घोडालाई वोकायो । 'पारुक्षों' बाट तीन, चार कोश माथि जङ्गलमा 'छुच्यास्प्रो' भन्ने गुम्बाको वरिपरि एक एकजना मात्र वसी ध्यान-भावना

Downloaded from http://dhamma.digital

गर्न बनाई राखेका साना-साना घरहरू धेरै थिए। दुप्पाका आमा-बाबुहरू बुढा-बुढी हुँदा तिनीहरूलाई खानापिनाको बन्दोबस्त गराएर घरधन्दाबाट मुक्त गराई धर्म गराउने दस्तुर रहेछ। त्यसरी धर्म गराउने पठाउने दस्तुर भएकोले पैसावाला आमा बाबुहरूलाई त्यसो पठाउँदा, तिनीहरूको समाजमा इज्जत हुने; धर्ममा गौरव भएको भनी भन्दथे। त्यसैले त्यसरी पठाइएका मरेपछि ती घर त्यसै छाडी दिन्थे। अरू कोही वस्न आउनेहरू उति नभएकोले धेरै घरहरू खालि थिए।

गुम्बामा पुग्यौं। मलाई पुऱ्याउन आउने मानिस भोलिपल्ट घोडा लिएर फर्क्यो। गुम्बाको पूजारीले मलाई बस्न एउटा ठाउँ सफा सुघर गरी दिए। दाउरा, पानी बाहिर आउन नपर्ने गरी प्रशस्त ल्याई दिए। काठको पाइप राखी पानी भित्र कुटीसम्मै पुऱ्याई दिए। यहाँका बुढा-बुढीहरू सबैले सत्तु, चिया, दही, दूध आदि आफूसंग भएको चीजबीज लिई हेरबिचार गर्न आउने दस्तुर थियो। मलाई सबैले हेर्न आए। सबै साऱ्है खुशी भए। त्यहाँ तिनीहरूले दिएको सामान एक महीनासम्म खाँदा पनि सिद्धिएन सबैले नेपालको 'घेलु' (नेपाली भिक्षु) भनी वरोबर हेर-विचार गर्न आउँथे। चार महीना जति बसेको केही तकलिफै भएन। चाहिने चीज वस्तु सबैले ल्याएर पुऱ्याई राखे। ती बुढा-बुढीहरूले मलाई आफ्ना बच्चा जस्तै बडो स्नेहपूर्वक हेर-विचार गरी राखे। चार महीना वितेको त पत्तै भएन। वर्षावास सकेपछि उनै पंबु (अफिसर) लाई खबर पठाएँ। "म पारी जाने भएँ। यहाँ

Downloaded from http://dhamma.digital

बाकी रहेका सबै सामान लिन पठाउनू ।" उसले दिई पठाएको ओड्ने-ओछ्याउने भाँडावर्तन सबै बोकाएर 'पेतुं फ्रोम्' मा नै ओर्लें । कार्तिक पूर्णिमाको चार दिन पछि उनै अफिसरको घरमा पुगें । त्यहाँ छ, सात दिन बसें । 'अब कहाँ जानु हुन्छ ?' भनी सोधे । 'म यहाँबाट कालिम्पोङ्ग गई त्यहाँबाट चीनको पञ्चशीर्ष पर्वत जान्छु' भनें । ह्लासाबाट 'धोर्ज्ये चोपा घेसि' ले दिएका सबै चिट्ठी देखाएँ । ती दुप्पा अफिसर साह्रै खुशी भए । उनको श्रद्धानुसार दिएको लिई त्यहाँबाट म विदा भई फारी गएँ । उनले दुइजना भरिया दिई पुऱ्याउन पठाए । तिनीहरूले मलाई 'फ्रों' ( भूटानको अड्डा ) को बाटोसम्म पुऱ्याएर फर्के ।

फ्रोम्मा बस्ने मालिकले फारी पठाउने मानिस नभएकोले 'अर्को चार दिन जति बस्नु' भनेकोले त्यहाँ पाँच दिन जति बस्नु पऱ्यो । पछि दुइ मानिस पठाई फारीसम्म पुऱ्याउन पठाए । फारीमा पाँच दिन बसी त्यहाँबाट धोमोको 'छुंबि' भन्ने ठाउँमा 'वाँछु' भन्ने मानिस जसले मलाई ह्लासाबाट साथमा ल्याएको थियो उसको घरमा गएँ । उसकहाँ चार दिन बसें । उसले रिपुच्वेङाको जम्बेयांलाई चढाउन उसको श्रद्धानुसार खाता र पैसा दिए । त्यहाँबाट म कालिम्पोङ्ग गएँ ।

## कालिम्पोङ्गबाट कलकत्ता

कालिम्पोङ्गमा पुगेपछि भाजुरत्न साहुकहाँ बसें । कालिम्पोङ्गमा बसेका चिनियाँहरूकहाँ गएर 'चीन जाने कोही छ कि' भनी सोध्न गएँ । सवैले 'अहिले त छैन, भए खबर गरौंला'

Downloaded from http://dhamma.digital

भनेर भने । संयोगवश नौ, दश दिन जति हुँदा 'स्वपु' (मंगोलियनहरू) 'तेह्र, चौधजना भोटे र चिनियाँ भाषा दुवै जान्ने ल्हासामा व्यापार गरी आएका, अब पेकिङ्गसम्म जाने एक हूल मानिस आइरहेका छन्' भनी एकजनाले खबर दिन आयो । त्यो खबर पाएपछि उनीहरूकहाँ गएर सोध्न जाँदा 'हामी पेकिङ्ग जाने हो' भने । "मलाई रिपुच्वेङा दर्शन गर्न जाने इच्छा छ । तपाईहरूसंग पेकिङ्गसम्म जान पाए वडो बेश हुनेछ' भन्दा 'हुन त हुन्छ, आउने भए संगै लिएर जान्छौं । तर बाटो खर्च त हामीले राख्न सक्तैनौं' भने । 'खर्चको विषयमा तपाईहरूलाई दुःख दिने छैन' भन्दा 'त्यसो भए त हुन्छ । चार दिनपछि हामी जानेछौँ । तपाई जाने भए पक्का गर्नू" भनेर भने । यस्तो किसिमको संयोग पर्न आएकोले मलाई ठूलो हर्ष र आनन्द भयो । 'त्यहाँ जान के के सामान चाहिन्छ ?' भनी सोधें । 'त्यहाँ सान्है जाडो हुन्छ । त्यस्तो लुगा लाएर गए त्यहाँ टिक्न सकिंदैन । गरम लुगा फाटो, ओड्ने ओछ्याउने अलि निकै चाहिन्छ' भने । मसंग ओछ्यानको नाउँमा लाढी एउटा र चीवर एक जोर मात्र भएकोले भुवा भएको एउटा 'सांगा' (कम्मल) किन्ने विचारले श्री पूर्णवीरलाई भनें । उसले 'मसंग कालो भुवा भएको सांगा किनी राखेको छु; त्यही दिएर पठाउँछु' भन्यो । अर्को प्वाल नभएको 'बोधिचि' अलिकति (डेढसय माला जति) किनेर एउटा थैलामा राखिदिए । सांगाको पैसा पनि लिन्न भनेर लिएन । कालिम्पोङ्गमा यति मात्र लिएर ती मंगोलियनहरूसंग १९९२ साल मार्ग २ गते कलकत्ता आएँ ।

Downloaded from http://dhamma.digital

# पाँचौं परिच्छेद
## चीनमा यताउति
## सिङ्गापूर तथा हङ्कङ्ग

कलकत्तामा 'नेबु सम्धें' भन्ने भोटेकहाँ बसें। भोलिपल्ट पासपोर्ट लिने ठाउँमा गएँ। पहिले तीनवटा फोटो (तस्बीर) खिच्न लगाई डाक्टरलाई जाँच गराएँ। छ रूपियाँ कम्पना लिए। डाक्टरको हेल्थ सर्टिफिकेट् लिएर चीनको राजदूतावासमा गएर पासपोर्ट लिएँ। अँग्रेजीले साइन गर्नुपर्ने सबै काम नेबु सम्धेंले गरी दिएपछि हङ्गकङ्गसम्मको टिकट लिएँ। खाना खर्च बाहेक भा. रू. चवालिस पर्‍यो। खाना खर्च भा. रू. करीब त्रिहत्तर जति लाग्यो। नेबु सम्धेंलाई पाँच कम्पनी दिएँ। कलकत्तामा नेपालीहरू कसैले नदेख्ने र चाल नपाउने ठाउँमा चार दिनसम्म बसी किन्नुपर्ने जति सामान किनेर पाँचौं दिनको दिन जहाजमा लिएर गयो।

जहाजमा बस्न तयार हुने सबैलाई एकजना अँग्रेजले जनैपिच्छे कुरो सोध्दै जीउ जाँचे, छामे। शंका हुनेलाई पठाएन। यसरी जाँच गर्दा 'म नेपाली' भनी थाहापाएको भए पठाउने नै थिएन। त्यसैले मलाई महाधन्दा भयो। संयोगवश जाँच गर्दै मकहाँ आइपुग्दा मैले केही भन्नै नपर्ने गरी 'लामा' भनी नाउँ लेखे। जीउ छामे। असलै भयो। केही पनि कुरो

Downloaded from http://dhamma.digital

सोधिएन। उही लामाहरूको लाइनमै राखी गन्ती गरेर पठायो। कसैले नचिनेको नेपालीहरूले पनि केही खवर थाहा नपाएकोले विना विघ्न ठूलो भाग्यले जहाजमा वस्न पाएं। जहाज नचलेसम्म मलाई केही हुन्छ कि भन्ने धन्दा मनमा लागिरह्यो। रातभरी जहाजैमा वसें। भोलिपल्ट बिहान सबेरै जहाज चलाएपछि मात्र आनन्द भयो।

पहिले रंगून जाँदा जहाजमा वसिसकेकाले त्यस्तै होला नि भन्ने विचार गरेको थिएँ। कलकत्ताबाट निस्केर रामेश्वरका सानो समुद्रको पारी पुगेदेखि पहाडको नाउँ नै देखिएन। केवल पानो पानी। पहिले धमिलो पानि सिद्धिएपछि पहेंलो-पहेंलो पानी, त्यहाँबाट उता कालो पानी। त्यहाँबाट पनि उता निर्मल पानी। चार दिनपछि पेनाङ्ग भन्ने ठाउँमा पुगें। त्यहाँ एकदिन मुकाम भयो। त्यहाँका मानिसहरूको भाषा भिन्नै थियो। मानिसहरू काला थिए। मद्रासी तथा मुसलमानहरू जस्तो देखिन्थे। त्यहाँ सुपारीको खूब व्यापार हुन्थ्यो रे। जहाजमा राखिएको मालसामान त्यहाँ झिक्नुपर्ने जति झिकेर राख्नुपर्ने जति राखे। भोलिपल्ट जहाज त्यहाँबाट चल्यो।

त्यहाँबाट गएर सिङ्गापूर नपुगुन्जेल टाढा टाढा पहाडका आकार जस्ता कहीं कहीं देखिन्थ्यो त्यहाँबाट चार पाँच दिनमा सिङ्गापूर पुगें। त्यहाँ जहाज रोकियो। डेढ दिनसम्मको लागि त्यहाँ पनि सामान झिकें, राख्नुपर्ने राखें।

त्यति दिन भित्रमा एकपटक सिङ्गापूर शहर घुमें। बजा-रमा निकै भीड थियो। कपडाका साइनबोर्डहरू झण्डा जस्तै

Downloaded from http://dhamma.digital

फहराई राखेका थिए। कुनै टाँगेर राखेका थिए। देश हेर्दा सानो जस्तो देखिन्थ्यो तर बजारमा जहाँ पनि मानिसकै हूल। त्यहाँका धनी महाजनहरू चिनियाँहरू नै थिए रे। बजारमा पुलिसहरू प्रायः सीख (पञ्जाबी) हरू नै थिए। सबै बजार घुम्न सकिन। केही मात्र घुमेर हेरें।

जहाजमा खोजतलाश गर्न आए। सबै मानिस जहाजको एकातिर राखी खोपाउनपर्ने जतिलाई एक एक गरी खोपाए। सामान सबै खोलेर हेरे। कुनाकाप्चा हेर्न हुने ठाउँसम्म हेरेर तिनीहरू फर्के।

जहाज वरिपरिका सबै डुङ्गा गइसकेपछि सिटि दिए। जहाज चल्यो। त्यहाँबाट एक दिन भर जाँदा पानीको माझमा पुगेपछि चैत बैशाखमा बनारसमा हुने गर्मी जस्तै सार्है गरम भएर आयो। जहाजमा बकुला जस्ता पंछिहरू झुम्मिन आउँथे र माथिल्लो तल्लामा बस्नेहरूको त केही राख्न हुँदैनथ्यो। गर्मी पनि उत्तिकै। दुइ दिन जति त्यही किसिमले गरम भयो। पछि गरम अलि घट्दै गयो।

समुद्रमा उड्ने माछा थुप्रै थिए। जहाज नजिकै पुगेपछि बथानका बथान उडेर जान्थे। पानीको रङ्ग कतै अलि रातो, कतै पहेंलो, कतै कालो, कतै खैरो, कतै भने स्वच्छ निर्मल थियो।

सिङ्गापूरबाट निस्केदेखि पानी-पानीको बीचमा मानिस कहाँबाट आउँथ्यो कहाँबाट जहाजमा सबका सब सामान जाँच-बुझ गरी फर्कन्थे। फेरि हवाइजहाजमा बसी पानी-

Downloaded from http://dhamma.digital

जहाजको चारैतर्फ घुमी-घुमी हेर्थे। कोही कोही पानीमै हवाइ-जहाज राखी छोड्थे। जहाजमा जाँच्न सिध्याएपछि पानीमै नै उत्रन्थे। जहाज आयो कि फेरि उडाएर जाँच गर्न आउँथे। पानीमा ठाउँ-ठाउँमा बत्ती बालिराखेका थिए। राती जाँदा टाढा-टाढा बत्ती देखिन्थे। ती बत्तीका आधारमा जहाजहरू रात-दिन चलिरहन्थे। पछि कहाँ-कहाँबाट हुरी आई जहाज-लाई सान्है हल्लायो। क्रण्डै-क्रण्डै घोप्टिएला कि जस्तो भयो। मानिसहरूले सान्है कष्ट खाए। उल्टी हुने हुनाले खान पनि हुँदैनथ्यो। रिंगटाले गर्दा सोकिएर बस्न नसक्ने थुप्रै थिए। खाना जहाजमा नै ल्याउँथे। बिहान खीचडी जस्तो सबै कुरो मिसिएको ल्याउँथे। बाह्र बजेतिर भात ल्याउँथे। बेलुका साढे सात बजे दिउँसो जस्तै भात ल्याउँथे। इन्टर क्लासलाई भिन्नै, सेकेण्ड क्लासलाई भिन्नै खाना दिने ठेकेदारहरू छन् रे।

समुद्रमा बराबर तूफान आउँथ्यो। तीन दिन बितिसके-पछि एकपटक जहाजको अघिल्तिरबाट तूफान आउँदा पानीको छाल पर्वत जस्तै उठेर आयो। जहाजमा पर्दा जहाजलाई डुबाउला जस्तो गर्थ्यो। एकपटक त 'लौ अब प्राण गयो' भन्ठानें। हँसले नै ठाउँ छोडिसकेको थियो। तर एकछिन पछि नै पानीको छाल गायब भयो। एक थोपा पानी पनि भित्र पसेन।

रिंगटाले गर्दा मानिसहरूले केही खान सकेनन्। यसरी खान नसकेकाले ठेकेदारहरूलाई खूब फाइदा भयो। त्यहाँ जहाजमा तल माथि सबै ठाउँमा गरी करीब पच्चीस सय, तीन

Downloaded from http://dhamma.digital

हजार जति मानिस होलान्। यतिहरूले तीन भागमा एक भागले पनि खाए होलान् जस्तो लाग्दैन। सबै पल्टेर बान्ता मात्र गरिरहन्थे। ल्हासाको पंदाछंको छोरो एकजना पनि मसंग बस्न आयो। ऊ इन्टर क्लासमा बसेको हुनाले उसको निमित्त भिन्नै एउटा कोठा थियो। के गर्नु त्यो विचरा त्यस कोठामा बस्न सकेको पनि होइन। त्यस दर्जा माफिकको खाना खान सकेको पनि होइन। मकहाँ आएर घोप्टिरहन्थ्यो। पछि त बिरामी जस्तो पनि भयो। कानमा खटिरा आएर पाक्न थाल्यो। भित्र बस्दै नबसी मकहां मात्र बस्थ्यो। उसले जहाज भाडा र खाना गरी भा. रू. दुइ सय पचास तिरेर आएको थियो। आखिर साथी नहुँदा थर्ड क्लासमा पऱ्यो।

भगवानको अनुग्रहले मलाई त कत्ति पनि रिंगटा लागेन। खाना नरुचेको पनि होइन। आनन्दपूर्वक सिङ्गापूरबाट बाह्र दिनमा हङ्कङ्गभित्र पसें। चारैतर्फ हाम्रो काठमाडौं उपत्यका जस्तो समुद्रको बीचमा पर्वतले घेरिएको थियो। शहरको भित्रसम्म समुद्र; समुद्रमा साना ठूला काठको डुङ्गाहरूको ताँती थिए। जहाजमा भीड पनि मामूलि थिएन। पहाडभित्र पसेदेखि खालि हाहा र हूहूको आबाज मात्र सुनिन्थ्यो। कस्तो विधि हूल। हामी बसेर गएको जहाज अलि भित्र के पसेको थियो डुङ्गामा बसेको मानिसहरू यस्तो विधि आए कि जहाजको अगाडिपट्टि बाहेक तीन तिरबाट हूल गरी पछि पछि लागे। जहाज बिस्तार बिस्तारै अगाडि बढाउँदै गयो। बीचमा पुग्दा बढाउनै नहुने गरी चारैतर्फ डुङ्गाहरू झुम्मिन आए। अनि

Downloaded from http://dhamma.digital

जहाज रोकियो। सबै मानिस जहाजमा चढेर आउन हतार मानी तलतिर बसिरहेका थिए। जहाजमा जंजीरै (सिक्री) नखसाल्दै मानिसहरूले चढ्नको निमित्त हतार गरेको देखेर मलाई डरै लाग्यो।

मलाई साथमा ल्याउने मंगोलियनहरू धेरैपटक ओहर-दोहर गरिसकेका हुनाले उनीहरूलाई सबै थाहा थियो। ती सबै हूल सामान ओसार्ने कुल्लीहरू रहेछन्। ती मंगोलियन-हरूका वीस भारी जति सामान होला। गुन्ता, खाने सामान सबै एक ठाउँमा थुपारे। जंजीर खसालेपछि तीन चारवटा भऱ्याङ्ग राखी दिए। अनि मानिसहरू आ-आफ्ना हातमा आफ्ना आफ्ना होटलको मार्का लेखिएका टिकट लिई जहाजमा सबै-लाई देखाउन आए। आ-आफ्ना सामान थुपारेर त्यसमाथि बसिरहेका यात्रीहरूलाई टिकट लिएर आउनेहरूले अनेक तरहका कुरा गरेर टिकट लिन लगाउँथे। टिकट लिन लगाई सकेपछि फेरि अर्कोकहाँ जान्ने। त्यसलाई पनि लिन लगाउँथे। टिकट लिइसकेकाहरूलाई एकजना पनि हेर्न आउँदैनथे। त्यस टिकटमा होटेलको नाउँ नम्बर सबै लेखी राखेको हुन्थ्यो। सबैले टिकट लिइसकेपछि हूल घटेर गयो। कुल्लीहरूले आ-आफ्ना टिकट दिएकाहरूसंग 'सामान खोई ?' भनेर सोधे।

हामीले सामान 'यो यो' भनी सबै देखाई दिएपछि उनी-हरूको मानिस ल्याई जिम्मा दिन्थे। हामीले एकातिर पन्छाई ती सबै सामान एउटा पनि नहराउने गरी जहाजबाट डुङ्गामा तहलाइसकेपछि मानिसहरू गएर त्यसमा बसेर जान्थे। हामी-

Downloaded from http://dhamma.digital

लाई भिन्नै डुङ्गामा भने पनि अथवा त्यसमा भने त्यसैमा राखी सुविधापूर्वक आ-आफ्ना होटेलमा पुऱ्याइदिने रहेछन्। पछि तिनीहरूले सबै सामान होटेलको गोडाममा लगी राम्रोसंग संचाएर राख्थे। कुनै सामानको केही नोक्सानी हुँदैन रे। टिकट आफैंले लिई राख्नुपर्थ्यो। जसरी सामान दियो त्यसरी नै सबै सामान बुझी लिइसकेपछि मात्र टिकट फिर्ता दिने दस्तुर रहेछ। अनि होटेलवालाहरू आएर 'तपाईहरू कुन क्लासमा बस्ने' भनी सोध्थे। त्यहाँको साइनबोर्ड, रूल-नियम देखाउँथे। हामीले भनेकोमा राख्थे। कराइरहनु पर्ने आवश्यकता पर्दैनथ्यो। एघार, बाह्र तल्लाका घरहरू पनि छन्। हामी बसेकौ होटलको नाउँ 'घुंहलिस्य च्येना' हो। सबभन्दा माथिल्लो तल्लामा सबभन्दा सस्तो भाडामा पाइन्थ्यो। जति जति तल्लो भयो उति उति भाडा महँगो पर्थ्यो। दिनको एक रूपियाँदेखि चार पाँच रूपियाँसम्म जाने पनि छन्। खाना आफ्नै पैसाले किनेर खानु पर्थ्यो। होटलवालाले व्यापारमा आउने वा अरू कुनै काममा आउने जोसुकै आफ्नो होटेलमा आउनेहरूलाई जहाँसम्म कामको आवश्यकता पर्छ ती सबै सुविस्तापूर्वक गरिदिन्थे। नाई-नास्ति गर्ने चलन थिएन। गर्न सम्भव भएको काम खुशीसाथ गरिदिन्थे। मालसामान किन्न चिट्ठी, तार पठाउन पार्सल र भारीसारी पठाउन, सामान चलान गर्न, रूपियाँको आवश्यकता परी अघिपछि गर्नपरे पनि सबै काम खुशीसाथ गरिदिन्थे।

'छइर्तो' नाउँको सडकको होटेल नम्बर एकसय चौबीस

Downloaded from http://dhamma.digital

थियो । त्यस होटलमा पुगेपछि धोर्ज्ये चोपा घेसिले ल्हासाबाट दिई पठाएका चिट्ठी होटेलवालालाई देखाएर 'यो मानिस कहां छ ?' भनी सोधें । तुरुन्तै उसले किताब पल्टाई 'फलाना ठाउँमा छ' भनी पत्ता लगाई म, भोटे भाषा जान्ने मगोलियन र एकजना होटेलको मान्छे लिएर त्यो चिट्ठी पाउने मानिस खोज्न गयौं । हङ्गकङ्गमा पर्वतको चारैतर्फ तहसम्म पनि बजार छन् । चिट्ठी पाउने मानिस सबभन्दा माथिल्लो तहको बजा-रमा बसिरहेकोले माथिसम्म गएर हेर्न जानुपऱ्यो । जाँदा सबै बजार राम्रोसंग हेर्न पाइयो । त्यहाँ पुगेर त्यस मान्छेको घर खोज्यौं । यहाँ होइन तल्लो बजारमा बस्न गयो, भने । फेरि तल्लो तहको बजारमा खोज्न गएँ र बल्ल फेला पारें पसल नम्बर एघार, पसलको नाउं 'क्वाँफ्वी हीं ज्वान छैला है' रहेछ । त्यहाँ बाहिर टेलिफोन राखी ढोका लगाइराख्ने चलन रहेछ । बाहिरबाट खवर पठाएर ढोका खोल्न लगाई, भित्र जानुपर्ने ; ढोका खोल्नलाई पनि प्वालबाट हेरी चाहिने कुरा गरिसकेर आवश्यक परेका मान्छे भए मात्र ढोका खोलिदिन्थे । धेरैजसो त्यहाँको चलन नै यस्तो थियो । ठूला-बडा मानिसहरूको चलन यस्तो जस्तो लाग्छ । विशेष गरी म गएको ठाउँमा यस्तो थियो ।

पहिले त्यही चिट्ठी निकालेर मालिक चाहिंलाई देखाए पछि मात्र ढोका खोले । भित्र पस्यौं र एकातिर कुनामा राखी राखेको बेन्चमा बसी रह्यौं । केहि बेरपछि भेट्न आए । मलाई देख्ने वित्तिकै वन्दना गरे । ती मानिस साह्रै श्रद्धावान रहेछन् ।

Downloaded from http://dhamma.digital

यिनो बैद्य पनि रहेछन् । चिट्ठी खोलेर हेरे । सबभन्दा पहिले ऊ आफै आई होटलमा ख्वाउन लगे । खाने कुरो अगाडि ल्याए पछि 'म त विकाल भोजन गर्दिन' भनें त्यसो भए 'के खानु हुन्छ त' भनी सोधे । चिया खाने विचार व्यक्त गरे पछि चिया राख्न ल्यायो । मसंग गएको मंगोलियनले मन परेको चीज पेट भरि खायो । खाना सिध्याए पछि एउटा मोटर लिई चारै जना स्टुडियोमा गयौं । ठूलो अफिसमा पुग्यौं । त्यहाँ फोटोका सामान हरू राखिछोडेका थिए । एक छिन त्यहीं बस्यौं । पछि फोटो खिच्ने ठाउँमा लगे । भित्र भित्तामा तल-माथि बिजुली बत्ति जडान गरिएका थिए । आवश्यक ठाउँहरूमा बत्ती बाली हामी चारै जनालाई बीचमा राखी एउटा फोटो खिचे । त्यति काम सिध्याए पछि हामी बसेको होटलमा पुऱ्याई दिए ।

तह तह परेको बजारको बनोटले गर्दा मोटर तलसम्म पुऱ्याउन निकै समय लाग्यो । तल्लो तहमा ट्राम पनि थियो । माथिल्लो तहको बजारमा मात्र थिएन । सडक सबै पीच भएको र बीच बीचमा पैदल हिड्नेहरूको निमित्त ढुङ्गाका खुड्किला ठाउँ ठाउँमा बनाइएका थिए । हामी बसेको ठाउँमा संगै आएर मंगोलियनहरूसंग चीनियाँ भाषाबाट ल्हासाको बयान सोधे । ऊ निकै खुशी भयो । उनीहरूले 'पर्सितिर जाने' कुरा बताए । उसो भए म भोलि आउँला भनेर उनी गए । त्यो दिन त्यसै बित्यो भोलिपल्ट बजारको केही भागमा घुमेर हेरें ।

रात परेपछि सबै ठाउँमा बिजुली बाल्दा पहाडको बीचको समुद्रमा रहेको डुङ्गा, जहाज सबै छर्लङ्ग देखिन्थे । तह तह

Downloaded from http://dhamma.digital

परेको बजार बत्ती बाल्दा अत्यन्त सुन्दर दृश्य देखिन्थ्यो ।

रातको नौ, दश बजे पहाडको टुप्पावाट चारैतर्फ उत्ति उत्ति नै टाढा पर्ने गरी सर्च लाइट बाली आकाशमा एकै ठाउँमा ती लाइटहरूलाई जोड्दा सेतो वादल समान प्रकाशमान भई देखियो । फेरि धर्सो धर्सो पर्ने गरी प्रकाश देखिंदा मानो हंकङ्ग देश नै एउटा टोकरीले छोपी राखेको जस्तो भान पर्थ्यो । त्यस बेला आइरहेका चार, पाँचवटा हवाइजहाज प्रकाशको धर्सोमा पर्दा तलवाट नम्वर समेत देखिन्थ्यो । निभ्ने, बाल्ने, विजुली बत्तीको प्रकाशपुञ्ज काठमाडौंको धरहराभन्दा पनि ठूलो होला जस्तो लाग्छ ।

भोलिपल्ट विहान वैद्य आएर बीस रुपियाँ कम्पनी र एउटा खाता दिई 'नेपाल फर्कंदा मकहाँ नआई नछोड्नु होला' भनी फर्केर गए । विहान खाइसकेर फेरि वजार घुम्न गएँ । टोल टोलमा ऊनका पोशाक, गंजी, मोजा आदि किसिम किसिमका सामान थिए । बजारमा घुम्ने धेरैजसो आइमाईहरू नै थिए । अंग्रेजनीहरूको फेशन जस्तै गर्ने ती सबै चिनियाँ स्वास्नी मानिसहरू नै थिए । उनीहरूले गर्दनसम्म आउने गरी कपाल काटेका मुखमा अनेक तरहका पाउडर र कोट लगाएका थिए । चलन नै यस्तो रहेछ । पहिले तसवीरमा लेखिएका चिनियाँ आइमाईहरू हेर्दा त अहिलेका चिनियाँ स्वास्नीमान्छेहरू हेर्नै नहुने, साह्रै उताउला जस्तो लाग्यो । ती आइमाईहरूको छाँड काँट देखेर पहिलेको लक्षण त यिनीहरूमा कति पनि नमिल्ने जस्तो लाग्यो । पछि वजार जानै मन लागेन । अरुहरू

Downloded from http://dhamma.digital

मात्र घुम्न जान्थे । हामीहरू सबभन्दा माथिल्लो तहमा बसे-कोले तलतिरका तल्लाहरू पनि एकचोटि हेर्नु पऱ्यो भनी हेर्न जाँदा त बीचको तहमा चिकाजी साहुको स्वास्नी 'निनिला' भन्नेलाई देखें । तिनले–'अहो ! भनी आश्चर्य मान्दै मेरो पुरानो नाउँ लिएर बोलाइन् । तिनको कोठामा गएँ । 'कहाँ जाने' भनी सोधिन् । "म रिपुच्वेङ्ग एकपटक दर्शन गरौं" भनेर आएको । "तपाई यहाँ कसरी ? कहाँबाट आउनु भएको ?" भनी सोध्दा तिनले भनिन्– "अँ, ह्लासाबाट आएको दुइ वर्ष जति भइसक्यो । ह्लासामा एउटा मुद्दा परेकोले कुस्योला भन्ने मेरो अहिलेको लोग्ने र म नांकिनमा बसिरहेका थियौं । अहिले कालिम्पोङ्गमा कुचिन्, रेशम, तास-तीनखाप बेचेर फर्किरहेका छौं । अब नांकिनमा जाने । संयोगले भेट भयो" भनी साह्रै खुशी भइन् । भोलिपल्ट म बसेको ठाउँमा हेर्न आइन् । मैले छेंवा (लाह्री) एउटा मात्र बिछ्याई राखेको देखेर तिनको मनमा के आयो कुन्नि महासुचि (ऊनको गलैंचा) एउटा र पाँच रूपियाँ ल्याएर दिइन् । 'बाटोमा राम्रोसंग विचार गरेर जानु होला' भनी विदा लिएर गइन् । चिन्ने मान्छे त्यसरी भेट हुँदा त्यसै स्नेह, प्रीति उत्पन्न हुँदोरहेछ ।

भोलिपल्ट स्यांहे जाने जहाजको बन्दोवस्त भयो । जहाजमा मालसामान सबै राख्न लगे । हामी जान लाग्दा होटलवालाले आफ्नो लिनुपर्ने हिसाब चुक्ता गरी रसीद दिए । चार दिन बसेको चार कम्पनी र दिनको डेढ रूपियाँ खाना खर्च कुल्लीलाई बकसिस समेत गर्दा मलाई मात्रै नेह्र कम्पनी जति लाग्यो ।

Downloaded from http://dhamma.digital

अनि जहाजमा बस्न गएँ ।

## स्यांहै

जहाजमा गएँ । हूल भएकोले बस्ने ठाउँ नै थिएन । के गरूँ बल्लतल्ल बसें । थर्ड क्लासको टिकट लिएँ । छ रूपियाँ लियो । छ दिनको बाटो जानुपर्छ रे । टिकट त सस्तो रहेछ भन्ने मनमा लाग्यो । पछि हुने परिणाम केही थाहा थिएन । हङ्कङबाट जहाज छुटेर नौ, दश घण्टा जति गइसकेपछि समुद्रमा एउटा टापु देखापर्‍यो । त्यहाँ पुगेपछि जहाज रोकियो । त्यस टापुका मानिसहरू आउने जाने भएकोले त्यहाँ निकै भीड भयो । बसेको ठाउँमा हावा लागेकोले खूब जाडो भयो । पछि हुँदाहुँदै ठाउँ-ठाउँमा पेसेन्जर लिंदै गयो । समुद्रमा त्यस्ता टापुहरू आई नै रहन्थे । जहाज चढ्ने, ओर्लनेहरूको निकै भीड थियो । आँखा झिमिक्क गर्न पाएको हुँदैन, सामान चोरिन्थ्यो, हराउँथ्यो । यस किसिमले कतिका कति सामान हराए । सच्चाएर साध्यै नचल्ने । जति जति अगाडि बढ्यो, हावाको बेग बढ्दै जान्थ्यो । जाडो झन झन बढ्थ्यो । दुइ दिन गएपछि 'म बाँच्दिन कि' भन्ने मनमा लाग्यो । 'यहाँ पैसा अलि बढी तिर्नुपरे पनि हावा नलाग्ने ठाउँ पाइएला कि' भनी एक जनालाई सोधें । उसले मेरो भाषा नजानेकोले मलाई साथमा लैजाने एकजना मंगोलियनलाई सोध्न लगाएँ । 'यसले जाडो सहन सकेन, हावा नलाग्ने ठाउँ पाए बढी पैसा तिर्नेछु', भनी सोधी दिए । 'इन्टरको टिकट लिए कोठा पाइन्छ' भने । इन्टरको टिकट मोल बीस रूपियाँ भनेकोले त्यति नै तिरेर

Downloaded from http://dhamma.digital

टिकट लिन लगाएँ। टिकट लिई कोठामा बस्न जांदा पहिले कलकत्तावाट जहाजमा बसेर आउँदा भेट भएको 'पंदाछाँ' को छोरो भएकै ठाउँमा राख्न लगे। 'बल्ल मेरो ज्यान वच्ने भयो' भन्ने मनमा लाग्यो।

कोठामा वसी बरोवर ऐना झ्यालवाट वाहिर हेर्दा जहाँ जहाँ जहाज रोकिन्थ्यो त्यहाँ त्यहाँ नाङ्गो तरवार र पिस्टोल लिएका मानिसहरू पालो बसेका देखिन्थे। त्यहाँ चोर र वद-मासहरू त्यत्तिकै भएकाले पनि अलि डरलाग्दो रहेछ। वस्ने ठाउँ नै नहुने गरी मानिसहरूको हूल आएको र वाहिर वस्ने मानिसहरूको कष्ट देख्दा त मलाई त्यो छब्बीस रूपियाँ तिरेकोमा केही पर्वाह नै भएन। बाहिर बसेको भए खाने कुरोको सुविधा हुन पनि सक्थ्यो, नहुन पनि। इण्टरमा बसेकोले खानाको सुबिस्ता भयो, डर पनि भएन जाडो पनि भएन। त्यस माथि एकजना साथी पनि भेट्टिएकोले झन सुविस्ता भयो। साथी नभेट्टाएसम्म डेढ दिन जति त दुःख पाएँ। हंकङ्गदेखि स्यांहेसम्मको समुद्र बीच ठाउँ-ठाउँमा टापु निस्की राखेका निकै थिए। जहाज ठूल-ठूला टापुमा मात्र रोकिन्थे। साना-ठूला काठका डुङ्गाहरू थिए। एक टापुवाट अर्को टापुमा जान निमित्त तीनै डुङ्गाहरू प्रयोगमा ल्याइँदा रहेछन्। त्यसैले त्यहाँ डुङ्गाहरूको संख्या निकै थियो।

बाटामा डुङ्गामा बसी कुल्ली काम गर्नेहरू त्यसैमा खाने सुत्ने गर्थे। त्यसैमा आवाह विबाहको काम चलाउँथे। जमीनमा उस्तो केही गर्न नपर्ने गरी सबै व्यवहार डुङ्गामा नै चलाउँदा

Downloaded from http://dhamma.digital

रहेछन् । "संसारमा कस्ता कस्ता किसिमले जीविका गरी बसेका रहेछन् । खान, लाउनको लागि मानिसले कस्ता कस्ता पीर, कष्ट सहेर बसेका रहेछन्" भन्ने मनमा पऱ्या ।

नेपाल, भारत, ल्हासा (तिब्बत), बर्मा, श्रीलंकामा हेर्दा त चीनका मानिसहरूको दुःख कष्ट बढी जस्तो लाग्यो र मानिसको हूल त्यहांदेखि हेर्दै स्यांहे नपुगेसम्म मनमा अनेक प्रकारका विचारहरू आए । छ दिनमा बिहानै स्यांहे पुगे । त्यहीं जहाजबाट उत्रे । समुद्रको किनारमा बनाइएका बन्दरगाह टाढै बाट देख्दा सान्है राम्रो जस्तो लाग्यो । हेर्दा आँखाले नै भेटिन्नथ्यो । अर्थात् निकै लामो थियो । बन्दरगाहको नजिक आइ पुगे पछि त्यहाँका सबै दृश्यहरू देखिए । त्यहां सामानहरू खचाखच राखिएका थिए । जहाज कम्पनीहरूको आ–आफ्ना बन्दरगाह भएकाले आफ्नै बन्दरगाहमा लगी जहाज रोके । त्यस पछि जहाजवाट ओर्ले ।

जहाजबाट उत्रेका मानिसहरू लैजाने रिक्सा, मोटरको हूल उति थिएन । होटलमा बसाउने व्यवस्था आफ्ना जहाज कम्पनीले नै गर्थे । त्यसैले सुविधापूर्वक होटलमा लगी एउटा कोठाको बन्दोबस्त गरिदिए । त्यहीं बस्न गएँ ।

थर्ड क्लास र इण्टरमा वस्ने मानिसहरूलाई भिन्ना भिन्नै कोठा थिए । म र पंदाछांको छोरोलाई एउटा अलग्ग कोठा दिए । त्यहां जाडो थियो । खानेकुरो बसेको ठाउँ सम्म पुऱ्याइ देऊ भनेर भने पनि पुऱ्याइदिन्थ्यो । मन लागे खाने ठाउँमा गएर खान गए पनि हुन्थ्यो । होटलभित्र सडक जस्तै

Downloaded from http://dhamma.digital

खूब लामो बाटो थियो। दाया–बायाँ कोठाको लाइन, बिजुली ओढ्ने–ओछ्याउने, पानी, चर्पी आदि कोठामा सबैको सुप्रवन्ध थियो। इण्टरमा बस्नेहरूलाई टेलिफोन र लेटरबक्स पनि थिए। बस्नेलाई मात्र दिनको दुइ रूपियाँ पर्थ्यो। दिनभर हेरी सकेपछि राति पंदाछ्यांको छोरोले 'दिउँसो भन्दा बेलुका बजार राम्रो हुन्छ । हेर्न जाउँ' भन्यो। 'के हेर्ने ? म त जान्न' भनो एक्लै कोठामा बसिरहेँ। रात परेपछि राम्रा राम्रा स्वास्नीमान्छेहरू ओहर-दोहर गर्न थाले। कोठै पिच्छे हेर्न आए। 'कोही भेट्न आएका होलान्' भन्ने विचारले चुपचाप बसी रहेँ। पछि त बोल्न पनि आए। भाषा नजानेकोले म चुप लागेर बसीरहेँ। पछि ढोका सोका लगाई चुकुल राखेर बसेँ। खापामा आवाज दिई बोलाउँथे। 'को' ? भनी ढोका खोलेर हेर्दा त्यस्तै स्वास्नीमान्छेहरू उभिरहन्थे। यो ठाउँ गतिलो होइन जस्तो लागेर पछि जति ढोका घच्घच्याए पनि खोलिन। रातको बान्ह, एक बज्दा पंदाछ्यांको छोरो बाहिर घुमेर फर्क्यो। जाडो भएकोले मकलमा आगो तापिरहेको थियो। त्यस्तै स्वास्नीमान्छेहरू मध्ये एकजना भित्र पसी नक्कल फक्कल गरी कुरा गर्न लागिन्। पंदाछ्यांको छोरोले के के भन्यो कुन्नि त्यो आइमाईसंग निकै बेरसम्म कुरा गरिरह्यो म त एउटा कुनामा गई ओढ्ने ओढी सुतेँ। धेरै बेर कुरा गरी सकेपछि बल्ल तल्ल त्यो आईमाई बाहिर पठाई चुकुल लगाएर सुत्यो।

भोलिपल्ट अबेर गरी उठ्यो। मलाई त त्यहाँ बस्नै मन लागेन। ऊ नौ बजेतिर उठी तातो पानीले नुहाएर खाना खाइ-

Downloaded from http://dhamma.digital

सकेपछि तयार भएर फेरि 'हेर्न जाउ' भन्यो । 'जाउँ त' भनी सँगै गएँ । दिन भरी वजार घुमें । हामीसंग एक जना चिनियाँ भाषा जान्ने भोटे पनि साथैमा हेर्न आयो ।

त्यहाँको वजार सफा र राम्रो देख्दा त साधारण जस्तो लाग्यो । कस्तो सडक । कस्तो व्यवस्था । कलकत्तामा जस्तो ट्रामको आवाज कति आउँदैनथ्यो । लिग पनि छैन । पीच सडकमा विजुलीवाट वस चलाउन्थ्यो । सडकमा घुमौरो कति थिएन । मोटर, रिक्सा र वाइसीकल उत्तिकै चलिरहेका थिए । प्रत्येक दोवाटोमा मोटर, रिक्सा, वाइसीकल, ट्रामवाट हुने दुर्घटनावाट वचाउन पुलिसले सुव्यवस्थाका साथ एकातिर बन्द गर्दा अर्कोतिर खोली चौविसौं घण्टा सेवा पुर्‍याइरहेका थिए । वाटामा मानिसको भीड हेर्दा कति हूलदङ्गा मच्चला जस्तो देखिन्थ्यो तर कतै कतै भए पनि साह्रै कम मात्रामा होला । त्यहाँको व्यवस्था देख्दा खूव वन्दोवस्त भएको ठाउँ जस्तो लाग्यो ।

Dhamma.Digital

यतावाट जाँदा स्याँहेमा दुइ दिन मात्र वसी वजार हेरेको थिएं । त्यहाँवाट पेकिङ्गको टिकट काटें । त्यहाँदेखि पेकिङ्ग सम्म 'धायां' भन्ने कम्पनी पच्चीस लाग्थ्यो । अनि रेलमा वस्न गएँ ।

## पेकिङ्ग

त्यहाँको गाडी भारतको वडा लाइनको भन्दा पनि ठूलो थियो । एउटा सीटमा दुइ जना मात्र वस्नु हुन्थ्यो । एउटा क्यालमा चार जना मान्छे मात्रै अटाउँदथे । दायाँ–वायाँ

Downloaded from http://dhamma.digital

झ्यालमा चार चार जना मान्छे बस्ने ती दुइको बीचमा डेढ हात जतिको बाटो। गाडीको टुप्पा माथिदेखि तलसम्म फष्ट क्लासदेखि थर्ड क्लाससम्म भित्र–भित्रै जानु हुन्थ्यो। त्यहाँको दस्तुर अनुसार स्यांहेदेखि पेकिङ्ग सम्म आवश्यक पर्नेहरूलाई 'च्यातं' भन्ने (अलि अलि चियाको रंग भएको तातो पानी) दिनको तीन पटक दिन ल्याउँथ्यो। पिउन र मुख धुन एक जनाको चार रूपियाँ लिन्थ्यो। खाना चाहिं जे बेच्न ल्याउँथ्यो त्यही किनेर खानु पर्थ्यो। गाडीभित्र नै बजार थियो। मन लागेको किनेर खान हुन्थ्यो। उठेरै जानु पर्दैनथ्यो। बसेकै ठाउँमा ल्याउँथ्या। बीच बाटोबाट बन्दूक चुपी लिई बराबर रमन घुम्न आउँथे। बाहिरतिर जाडो हुन्थ्यो। गाडीमा सबै ठाउँमा ऐना राखिएको थियो। सबै ठाउँमा सेतो ऐना, खोल्नै नहुने गरो हिउँ पर्थ्यो। ढोका खोल्नै हुँदैनथ्यो। गाडीभित्र दुबैतिर खुट्टा राख्ने ठाउँमा कुनापट्टि हिटर जस्तो एक एकवटा डण्डी राखिएको थियो। भित्रतिर जाडो छँदै थिएन। गाडीलाई जोड्ने पुल जस्तो बनाइएकोमा ऐना-झ्याल नभएकोले जाडो हुने बाटो त्यत्ति मात्र थियो। त्यसमा पनि झ्यालमा कार्पेट कपडाको पर्दा राखिएको थियो।

स्यांहेबाट गएको चार दिनमा पेकिङ्ग पुग्यो। पेकिङ्ग-लाई घेरिएको पर्खालको तलतिरबाट गाडी लगी स्टेशनमा रोक्यो। त्यहाँ ओर्लन्दा ह्लासामा कोठी भएको पेकिङ्गको एकजना चिनियाँ स्यांहेदेखि संगसंगै आएकोले मलाई चिनेर उसले भन्यो– "पहिले हामीकहाँ जाउँ? खान सिद्धिएपछि

Downloaded from http://dhamma.digital

तिमी बस्ने ठाउँमा पुऱ्याई दिन्छु।" त्यसबेला कालिम्पोङ्ग देखिसंगै आएका मंगोलियनहरू पनि एकातिर परे। स्टेशनमा ज्यादै हूल भएको र उनीहरूसंग पनि छुट्टिएकोले नगई सुख नपाएकोले 'हुन्छ त' भनी उही चिनियाँसंग रिक्सामा गएँ। रिक्सा भाडा उसैले तिऱ्यो। उसको घरमा गएँ।

तातो पानीले मुख धोएं। होटलमा लग्यो। एउटा टेबिलमा चारजना बस्यौं। त्यहाँ आफ्नो इच्छानुसार अडर दिनुपर्थ्यो। त्यो चिनियाँले 'मासु बाहेक अरू मैले जे मागे पनि दिनु' भनेकोले त्यहाँ भएको अन्य खानेकुराहरू राख्न ल्यायो। मनपरेको लिएर खाएँ। खान सिध्याएर उसको घर फर्क्यौं। तीन, चार घण्टा त्यहीं वसें। त्यसपछि भोटे र चिनियाँ भाषा दुवै जान्ने 'हुंकाकुं' भन्ने गुम्बामा बस्ने 'यांलामा' लाई ह्लासाबाट धोर्ज्ये चोपा घेसिले दिएर ल्याएको चिट्ठी दिई उनैकहाँ बस्ने बन्दोबस्त मिलाइदिए।

त्यसबेला पेकिङ्गमा हिउँ वर्सेर हावा चलिरहेको थियो। दुइवटा रिक्सामा दुइजना वसेर आयौं। करीब एक कोस जति आउनुपर्थ्यो। बजारमा उति भीड थिएन। सडक स्यांहेको भन्दा चौडा थियो। 'हुंकाकुं' गुम्बामा पुगेपछि रिक्साबाट ओर्ली भित्र गएँ।

बाहिर जानलागेका यांलामालाई निस्कने दैलोमा नै भेट भयो। ह्लासाबाट पठाएको चिट्ठी दिएँ। पढेर साह्रै खुशी भए। अनि मलाई झटपट आफ्नो कोठामा लगे। मलाई पुऱ्याउन आउने चिनियाँसंग कुराकानी गरी सकेपछि उसलाई फर्काइ-

Downloaded from http://dhamma.digital

दिए । मैले चिया पिइसकेपछि नोकरलाई एउटा कोठा सफा गर्न लगाई ओछ्यान ओछ्याउन लगाए। अनि मलाई कोठा देखाउन लगे । मलाई त्यहाँ राखी उनी आफ्ना काममा बाहिर गए ।

म आउन अलि ढिलो हुन्छ । "तपाईलाई चाहिने कुरा यो मानिससंग माग्नू । यसले भोटे भाषा पनि जानेको छ ।" भनी मेरो अगाडि भोटे भाषाले पनि भने– "हेर, म नआएसम्म यसलाई जे जे चाहिने हो पुऱ्याउनू ।" यति भनेर उनी बाहिर निस्के । उनको नोकरले भर्भराउँदो आगो राखेर ल्याएको मकलको आगो तापेर दिनभर एक्लै कोठामा चुपचाप वसिरहें । बेलुका दस वजेतिर उनी फर्केर मेरो कोठामा आए । दुइजना आगो ताप्दै ह्लासाको विषयमा कुरा गर्नथाल्यौं । मलाई थाहा भएको कुरा बताएँ । आधा रातमा उनी सुत्न गए । म पनि सुत्न गएँ ।

भोलिपल्ट चिया रोटी र तातो पानी लिई नोकर आयो । मुख धोई जलपान गरें । भोजनको निमित्त समय सोध्यो । "बाह्र वजे अगाडि तपाईलाई अनुकूल परेको बेलामा हुन्छ" भनी पठाएँ । ठीक एघार वजे भोजन ल्याए। अनि ती यांलामाले ह्लासावाट ध्योर्ज्ये चोपा घेसिले लेखेर पठाएको चिट्ठी पढेर मलाई भने–"तिमी रिपुच्वेङाको जाम्बेयां दर्शन गर्न आएको । तिमीलाई चाहिने आवश्यक व्यवस्था गरी सुविधा-पूर्वक पठाइदिनू । अरू कुरो ह्लासा र 'ध्येपुं' मा धर्म गरेको वयान लेखेर, त्यो कुरो तिमीसंग पनि सोध्नू । 'ध्येपुं' को पूजा नसिद्धिएसम्म तिमीलाई पनि त्यहीं संगै राखेको कुरो" लेखेर

Downloaded from http://dhamma.digital

पठाएको छ। उनले भने–"रिपुच्वेङा जाने कोही छ कि हेरौंला।" त्यहाँ यति थोरै लुगा र ओड्ने ओछ्याउनेले पुग्दैन। त्यहाँ ज्यादै जाडो हुन्छ। बाक्लो गरो कपास राखी एउटा सिरक सिई दिन्छु। अरू के के सामान चाहिने हो हेरेर बनाई दिउँला।" "कालिम्पोङ्गबाट ल्याएको प्वाल पार्न बाँकी बोधिची जपमाला यति छ" भनी देखाएँ। तुरन्त प्वाल पार्ने मान्छे डाक्न पठाएर प्वाल पार्न लगाइदिए। सिरक सिउन कपास कपडा किन्न पठाई सिउन लगाए। एउटा बेडिङ्ग किनी दिए। छालाको न्यानो हुने ऊनको एउटा ओछ्याउने पनि दिए। त्यति सामान जोडिसकेपछि 'पञ्चशीर्ष पर्वत जाने कोही होला कि' भनी त्यहाँ आउने सबैलाई सोध्नथाले। आफूले पनि खोज्दै गरे।

छ दिन हुँदा खाममा धाक्या गुम्बा जीर्णोद्धार गर्न चीनमा मद्दत लिन भनी आएका त्यस गुम्बाका एकजना मेनेजर र अरू तीनजना भोटेहरू एउटा चिनियाँ साथमा लिई 'नेकोर जानको लागि आएका छन्' भन्ने खबर लिएर एकजना मान्छे त्यहाँ आयो। त्यो खबर थाहा पाउने बित्तिकै तिनीहरूलाई भेट्न गए। तिनीहरू त भोलि नै जाने रे' भने। मलाई भनी सिउन लगाएको सिरक सिउन सिध्याएको थिएन। बोधिची पनि प्वाल पार्न नसिद्धिएकोले तिनीहरूलाई पर्खाउने कुरा गर्दा कति पनि मानेन। अनेक कुरा गर्दा पनि नमानेकोले मलाई भने– "के गर्ने घेलु? रिपुच्वेङा जाने मान्छे त छन्। तर भोलि नै जाने रे, हाम्रो काम भने सिद्धिएको छैन।" त्यसो भए एकपटक

Downloaded from http://dhamma.digital

मैले नै तिनीहरूलाई सोधौंला । तिनीहरू कहाँ छन् ?" भनी सोध्दा एकजना मान्छे लगाई तिनीहरू भएको ठाउँमा देखाउन लगे । मैले तिनीहरूलाई राम्रोसंग कुरो बुझाई दिएँ । ती चिनियाँलाई पनि कलकत्तामा बस्दा मैले चिनेको थिएँ । बल्ल तल्ल दुइ दिन रोकेर तेस्रो दिनको साँझपख जाने समय मिलाएर आएँ ।

यां लामाले सिरक, बोधिची दुवै रातरातै काम गर्न लगाई सिध्याएर ल्याए । दुइ दिन भित्रमा मलाई चाहिने सब सामान जोडजाम पारे । तिनीहरूले मलाई साथमा नलगे त्यहाँसम्म नै एकजना मान्छे पठाइदिने विचार यांलामाको रहेछ । त्यो कुरो वेलुका ८ वजे सबै स्टेशनमा पुगेपछि मात्र थाहा पाएँ । सबै टिकट लिएर गाडीमा बस्यौं । भाडा धायां भन्ने छ कम्पनी लिए ।

## रिपुच्वेङ

भोलिपल्ट बिहान सबेरै 'तिन्त्यु' भन्ने स्टेशनमा पुगें । त्यहाँ ओर्लें ।

त्यहाँबाट कुल्ली घोडा आदिको बन्दोबस्त गरी जानुपर्थ्यो । त्यहाँ पञ्चशीर्ष पर्वतमा लग्ने मानिसहरू धेरै आइरहन्थे । पैसाको भाउ मिलाउन साह्रै मुस्किल थियो । पहिले जसको हातमा पर्‍यो उसले लगेर साह्रै दुःख दिन्थ्यो । हामीलाई उसको घरमा लगेर 'एउटा एकजनाको चालिस, चालिस रूपियाँ चाहिन्छ' भन्यो । छ, सात दिन जानुपर्थ्यो । जथाभावी गर्थ्यो ।

Downloaded from http://dhamma.digital

वडो मुस्किलले एक जनाको चौबीस रूपियाँको दरले दुइवटा घोडाले बोक्ने 'ग्याहुत्रा' भन्ने डोला जस्तोमा बसेर जाने एक एकवटा मिलाएँ। आ-आफ्नै खाना खायौं। तिन्त्यु भन्ने ठाउँबाट जाँदा दुइ-चार दिनदेखि नै बाटोमा ज्यादै जाडो हुँदैआयो। साना साना पहाड निकै चढ्नुपर्थ्यो। ठाउँ-ठाउँमा वास वस्ने गाउँहरू थुप्रै थिए। त्यहाँ पुराना चिनियाँहरूको रहन-सहन राम्रोसंग देखियो। साना खुट्टा कपाल राम्रोसंग कोरी जुरो पारेका, चुल्ठो बनाएका चिनियाँ स्त्रीहरू देखिनथाले। त्यहाँ नयाँ ढङ्गका एउटा पनि थिएनन्। सबै पुराना छाँटका। खानेकुरो उति महंगो पनि होइन सस्तो पनि होइन। स्टेशनबाट छुटेर बाटोमा मात्रै सात दिन लाग्यो। स्टेशनमा बस्नुपरेको तीन दिन समेत दश दिनको दिन पाँच बजेतिर पञ्चशीर्ष पर्वतमा पुगियो।

एकजना मंगोलियनले 'पहिले ल्हासाको पतला लामाजी चीन जाँदा चढाई राखेको गुम्बामा राख्न लैजाऊ' भनेकोले त्यहीं लगे। त्यहाँ पुगेपछि ओर्लें। ल्हासाबाट दिएर पठाएको चिट्ठी त्यहाँ बस्ने लामालाई दिएँ। चिट्ठी हेरेर उनी सान्है खुशी भए। मसंग गएका सबै मलाई त्यहाँ छोडी अर्को गुम्बामा बस्न गए। त्यो दिन उही लामाकहाँ बसें। जाडो निकै थियो।

मेरो लुगा देखेर ती लामालाई सान्है दया उठेछ। 'स्रं' भन्ने एउटा ओढ्ने ओढाउन ल्याए। भोलिपल्ट बिहान चिया, रोटी खुवाउन ल्याए। जलपान सिद्धिएपछि उनको कोठामा लगेर ल्हासाको सबै हालखबर सोधे। मलाई थाहा भएको कुरो सबै भनें। अनि "तिमी यहाँ कति दिनसम्म बस्ने ?" भनी सोधे।

Downloaded from http://dhamma.digital

मैले भनें– "अहिले केही दिन बसेर हेरौं। पछि के विचार आउँछ भनूँला। उनले भने– "आफ्नो इच्छानुसार गर्नू।"

चार दिनपछि मलाई सबै ठाउँमा एकपटक घुमेर हेरौं जस्तो लाग्यो। माघ महीनाको जाडोमा परेकोले चार दिन गएको त पत्तै भएन। दिन पनि छोटो थियो। एकजना साथी लिई सबै देवस्थलमा गएँ।

सबभन्दा पहिले त्यहाँको मुख्य श्री महामञ्जुश्री रहने गुम्बामा गएँ र सबै ठाउँ हेरें। त्यस बेला मलाई त्यहाँ जीउँदो महामञ्जुश्री होलान् भन्ने लागेको थियो। 'मञ्जुश्री गुरु खोइ' भनेर सोधें। 'त्यही हो' भनी देखाए। कमलको चारवटा पातमा दुइ हात लामो कमलको पातको बीच-बीचका चार कुना चार बुद्ध–(१) अक्षोभ्य, (२) रत्नसम्भव (३) अमिताभ, (४) अमोघसिद्धि र कमल फूलको बीचमा (५) वैलोचन स्थापना गरी राखेको देखाए। त्यही हो 'जाम्बेयाँ' (मञ्जुश्री) भने। 'यो होइन; जिउँदो हामी जस्तै यताउति जानसक्ने छन् भनेको' भनी मेरो मनमा जस्ती लाग्यो त्यस्तै भन्दा 'कस्तो घेलु रहेछ' भन्ने कुरा ती मानिसको मनमा पऱ्यो क्यारे; मलाई केही नभनी हेरी मात्रै रहे। नेपालमा सुनेको इतिहास र पुराण सबै झूठो जस्तो लागेर आयो। 'यो कस्तो होला' भन्ने विचार गरें। "अब यहाँ जे भने पनि 'हो' 'हो' भन्नु पर्ला। पछि यस विषयमा राम्रोसंग सोधपुछ गर्नुपर्ला" भन्ने विचार लिई देउटालाई पूजा चढाउने, बत्ती बाल्ने, खाता लगाउने आदि सबै चीजले पूजा गरी सबै ठाउँमा घुमेर सबै

Downloded from http://dhamma.digital

देवस्थलमा गई आफू वसेको गुम्बामा नै फर्केर आएँ ।

मेरो मनमा 'नेपाल आउनु भई कालीदहँ छेदन गर्ने, धर्मश्री मित्रलाई ज्ञानश्री मित्र भन्ने, फेरि घोरमुखाहरूको देश, शिला नदी आदि छन् भन्ने सुनेको सबै कुरा सम्झना भयो । सुनेको कुरा र त्यहाँ देखेकोमा केही पनि मिल्न आएन । त्यही कुरालाई 'वास्तविक कुरा के होला' भनेर बारम्बार विचार गरें । दुइ, तीन दिनसम्म मैले यसो त्यसो केही निर्णय गर्न सकिन । पछि उनै पञ्चबुद्धको ज्ञानमा विचार आउन लाग्यो– "मञ्जुश्री उनै हुन्" भनी देखाएकोमा पञ्चबुद्धको ज्ञान धारण गर्ने पञ्च-महा-भूतले जो बनेको छ– उनैलाई मञ्जुश्री भनेको हुनुपर्छ । अर्थात् यही ज्ञान मूर्ति धारण गर्नेलाई नै मञ्जुश्री भनेको होला ।

"शिलानदी भनेको पनि 'शिला' को मतलव ढुङ्गा र 'नदी' को अर्थ खोला । ती पनि बाटामा प्रशस्त छन् । 'घोर-मुखाहरूको देश' भन्नुको अर्थ स्वयम्भू-ज्ञान प्राप्त गर्न नसकेका-हरूलाई भनेको हुनुपर्छ । 'घोरमुखाको मतलव डरलाग्दा अनेक प्रकारका रूप हुनुपर्छ । अज्ञानले गर्दा घोडा, हात्ती, भालु, बाघ, कुकुर र पंछि आदि रूप लिई जन्मने नै घोरमुखा हुन्" भन्ने विचार गरें ।

'मञ्जुश्री' भन्नुको अर्थ हो– मञ्जु = सार्है राम्रो; श्री = शोभा । यी नै पञ्चबुद्धको ज्ञान प्राप्त गर्ने मनलाई नै 'मञ्जुश्री' भनेको होला भनी विचार गरें ।

चार, पाँच दिन वितेपछि 'अव व्यर्थमा समय बिताउन भएन' भन्ने मनमा लाग्यो । अनि त्यहाँ बस्ने लामालाई भनें–

Downloaded from http://dhamma.digital

"मलाई एउटा गुप्त स्थान दिनुहोस् । म एकाइस दिनसम्म भावना गर्छु । त्यतिञ्जेल मलाई खाना-पिनाको वन्दोबस्त मिलाई दिने एकजना भान्छे दिनुहोस्" भन्दा लामाले भने– "एकजना खाँबा लामा जस्तो बसेको ठाउं माथि एउटा गुप्त स्थान छ" भनी त्यहाँ देखाउन लगे । ठाउँ राम्रो भएकोले 'हुन्छ' भनें । भोलिपल्ट वस्न जाने व्यवस्था गरें । लामाकै एकजना भान्छेलाई मिलाई भने– "यसलाई बिहान मकलमा आगो, जलपानको निमित्त चिया, सत्तु लगिदिनू । बाह्र वज्नु भन्दा अघि तरकारी, रोटी वा भात जे भन्छ त्यही लगिदिनू ।"

उसले 'हुन्छ' भनी स्वीकार गऱ्यो ।

भोलिपल्ट मेरो ओढ्ने-ओछ्याउने सबै ओसारी दियो । बेलुका त्यही एकजना भान्छेसंग मात्र भेट्ने, अरूहरूको मुखै नहेर्ने सबै कुरो ठीक भएपछि एकाइस दिनको निमित्त अधिष्ठान गरी त्यहाँ बस्न गएँ । त्यहाँ वसेर भावना गरें । त्यसले एकाइस दिनसम्म मलाई केही तकलिफ नहुने गरी सेवा-टहल गऱ्यो । विना विघ्न आफ्नो समय पूरा गरी वाहिर निस्कें । लामाकहाँ गएर 'म प्रति ठूलो दया गर्नु भया' भनी आफ्नो कृतज्ञता व्यक्त गरी भनें– "म अर्को चार, पाँच महीना एकै ठाउँमा बस्ने इच्छा छ । उनले भने– "हुन्छ, हुन्छ, जति बस्ने इच्छा छ बस्नुहोस् । चाहिने सेवा-टहल हामी गरौंला । कहाँ बस्ने इच्छा छ, ठाउँ खोज्नुहोस् ?" मैले भनें– "माथि लामा वसेको ठाउँ बाहिर लहरै तीनवटा कोठा छन् । सबै भन्दा छेउको कोठामा म बस्छू ।" उनले 'हुन्छ, त त्यहीं

Downloaded from http://dhamma.digital

सफा सुघर गरिदिन्छु" भने । भोलिपल्ट त्यहाँ सफा गर्न लगाई हावा नपस्ने गरी कागज टाँस्न लगाए । त्यस कोठामा खाट मुन्तिर आगो बाल्ने र माथि सुत्ने व्यवस्था गरी बनाई राखेको थियो । किनभने त्यहाँ सबैको त्यसै गरी सुत्ने चलन थियो । त्यसरी नसुते जति सिरक ओढे पनि तातो नहुने रहेछ । ज्यादै जाडो भएकोले मलाई पनि आगो बाल्नुपर्छ कि भनी सोधे । "मलाई चाहिंदैन । त्यसो नगरेसम्म सहेर सुत्न सकिन्छ । त्यसरी सुत्ने बानी परेपछि जहिले पनि आगो बालेर सुत्नु पर्ला, म त त्यसो गर्दिन" भनें । "हुन त हो । बानी परेपछि नभई हुँदैन सहन सके त हुन्छ" भना लामाले भने । "सहन सकेसम्म सहुँला" भन्दा 'हुन्छ' भने । उनले भने–हाम्रो शरीर त खराब भइसक्यो । आगो नबालिकन सुते निद्रै पर्दैन । जिउ पनि दुखेर आउँथ्यो । अब हुँदै भएन । सबै सफा गरिसकेपछि त्यहाँ बस्न गएँ । खाने पिउने पहिले जस्तै बन्दोबस्त गराइदिए । त्यहाँ भित्र पसेदेखि रात-दिनको नियम यस्तो थियो – तीन बजे उठ्ने पञ्चबुद्धको पाँचवटा धारणी पाँच बजेसम्म पढ्ने । अनि उठेर मुख सुख धोई जलपान गर्ने । फेरि उही धारणी दश, एघार बजेसम्म पढ्ने । अनि भोजन गर्ने । आधा घण्टा जति आराम गर्ने । त्यसपछि गुरु-मण्डलको भावार्थ लेख्ने । फेरि पाँच, छ बजेसम्म उही धारणी पाठ गर्ने । अनि आधा घण्टा आराम गर्ने । त्यसपछि भावना गर्ने । नौ, दश बजे भावना सिध्याएर फेरि धारणी पाठ गर्ने । दिनहूँ यति काम सिध्याएपछि मात्र सुत्ने । भोलिपल्ट त्यही बेला उठ्ने । यही किसिमले दिनहूँ नियमा-

Downloaded from http://dhamma.digital

चरण गरी बसें ।

त्यसबेला मेरो मनमा केही चिन्ता थिएन । मन एकाग्र थियो । दिन बितेको पत्तै हुँदैनथ्यो । बाहिर निस्कनै नहुने चिसो हावा आउँथ्यो । यस चित्तलाई दिनहूँ काममा जोताई अरू केही मनमा राखेकोले 'पाठ गर्ने, लेख्ने, भावना गर्ने' यी तीन कुराहरू बाहेक आउँदैनथ्यो । अल्छी लाग्यो भन्ने नै थिएन । बडो सुविधा हुने गरी ती लामाले मलाई सबै कुरा पुऱ्याई राखेका थिए । यस्तै दिन चर्या गरिरहेको अवधि भित्रमा मंगोलियाका अबतारी लामाले एक पटक मलाई बोलाई उनको कोठामा लगेर नेवारी अक्षरले मन्त्र, धारणी आदि लेखिएका पुस्तक देखाए। मैले जानेको पढेर सुनाएँ। नजानेको "जान्दिन" भनें । त्यस 'तुपेकु' नामक अबतारी लामाको पैसा धनी जजमानहरू धेरै थिए । सेवा–सुश्रुषा गर्ने पनि निकै संख्यामा थिए । यी लामाले मेरो सबै हालखबर सोधे। ल्हासाको हाल पनि सोधे । मैले जाने–सुनेसम्म बताई दिएँ । फर्कन लाग्दा घिउ र तर जमाइ राखेको एक एक थाल अगाडि राखी दिए। मैले त्यसै छोडेर आएँ। पछि म बसेको ठाउँसम्म पुऱ्याउन पठाए। त्यहाँ घिउ निकै दुर्लभ रहेछ । त्यहाँ घिउ पाइँदैनथ्यो । मंगोलियाबाट ल्याउनु पर्थ्यो । त्यसैले घिउ निकै चीज थियो ।

पञ्चशीर्ष पर्वतमा पाँच महीना बसी त्यस नियमानुसार पाँच बुद्धको पाँच लाख र मञ्जुश्रीको एक लाख र अपरि-मिताको एक लाख धारणी पाठ पनि गरी सिध्याएँ। अनुत्तर विजय गुरू मण्डल नामक किताब पनि लेख्न सिध्याएँ । त्यति

Downloded from http://dhamma.digital

कार्य सिध्याएपछि जेष्ठ महिनामा त्यहाँवाट उठी वाहिर निस्कें । भोलिपल्टै पाँच पर्वत हेर्न जाने विचार आयो । लामा-लाई भनें– "मलाई पांच पर्बत घुम्न जाने इच्छा छ । कोही एकजना साथी पाइएला ? लामाले "खोजेर हेरौंला' भने । भाग्यवश ! उसै दिनमा अमदू देशको एकजना भोटे पनि पाँच पर्बत घुम्न जाने विचार गरिरहेकोछ, भन्ने खबर आयो । उस-लाई तुरून्तै खोज्न पठाए । उ आएपछि ऊसंग सोध्दा जाने विचार गरेको त हो । तर कोही साथी पनि भेटिएन । खर्च पनि छैन भन्यो । 'त्यसो भए तिमीलाई खान–पिउन पनि दिन्छु । ज्याला चाहिए ज्याला पनि दिन्छु । तर यो भिक्षुको गुन्टा वोकिदिनु पर्छ । सक्छौ ? "भनेर सोद्धा" हुन्छ मैले सक्दो सेवा पनि गर्छु' भनी वडो खुशी भयो । त्यसो भए भोलि नै जाने । तिमी यहीं सुत्न आउनु भने । उसले स्वीकार गऱ्यो । जानलाई सबै सामान जुटाई ठीक पारिदिए । भोलिपल्ट विहान सबेरै जलपान सिध्याई दुइजनै हिडचौं । त्यो मान्छेलाई देखेर मलाई वडो खुशी लाग्यो । भन्ने वित्तिकै मन्जूर गरेकोले पेकिङ्गमा एकजना मंगोलियनले वाटोमा लाउनू' भनी एक-जोर जुत्ता मलाई दिएको थियो । त्यो मैले नलाइकन उसैलाई दिएँ । ऊ पनि साह्रै खुशी भयो । दुइ जना सरासर गयौं ।

सेतो पर्वत भन्ने ठाउँमा त्यसदिन अबेला पुग्यौं । भोलिपल्ट विहान त्यहीं गुम्बामा बस्नेहरूले ख्वाउने प्रबन्ध गरे । हामी दुबै देवस्थलमा गयौं । मन्दिरमा बैरोचन तथागत स्थापना गरी राखेका थिए । अरू अरू देवताहरू पनि थुप्रै थिए । गुम्बाको

Downloaded from http://dhamma.digital

सबै ठाउँमा दर्शन गरें । बत्ती बाल्न तेलको (देवा) दिया त्यहीं तयार गरि दियो । पैसा दिए पुग्थ्यो । सबै ठाउँमा दर्शन गर्न सिध्याएर फर्कन लाग्दा त्यहाँको छाप राखेर लैजानुपर्छ भने । ‘कस्तो छाप रहेछ’ भनी हेरें । गोलो चीजमा रातो मसी राखी छाप लगाई दिन्थे । चीनको सबै ठाउँमा तीर्थस्थल घुमेर आएको चिह्न स्वरूप यस्तो छाप राख्न लगाई लैजाने चलन छ रे । मैले ल्हासाबाट धोर्ज्ये चोपा घेसिले पहेँलो कपडामा चिनियाँ अक्षर लेखी दिएर ल्याएको झोलाको पछिल्तिर छाप राख्न लगाएँ । त्यहाँबाट फर्की खाना खाने ठाउँमा गयौं । खाना खाइसकेपछि त्यहाँबाट निस्की पहाडको टुप्पा टुप्पाबाट हिंडी सायंकालमा नीलो पर्वतमा पुग्यौं ।

गुम्बामा बस्नेहरूले खूब आदर सत्कार गरे । आगो बालेर ताप्न दिए । चिया ख्वाए । खूब खुशी भए । भोलिपल्ट सबेरै देवस्थलमा गयौं । त्यस गुम्बामा प्रधान मूर्ति अक्षोभ्य तथागतको थियो । अरू देवताहरू पनि थुप्रै थिए । त्यहाँबाट फर्केर खाना खायौं । त्यहाँको छाप राख्न लगाई त्यहाँबाट पनि फर्क्यौं ।

पहाडको बाटो बाट जाँदा जाँदै पहेंलो पर्वत भन्ने ठाउँमा त्यस्तै अबेला पुग्यौं । त्यहाँका मानिसहरु पनि खुशी भए । गुम्बामा वास वस्यौं । निकै टाढाबाट आएको भनी सारै हेरचाहा गरे । भोलिपल्ट विहान सबेरै मन्दिरमा गयौं । त्यहाँको प्रधान मूर्ति रत्नसंभव तथागतको थियो । तथागत दर्शन गरें । छाप राख्न लगाई खाना पछि विदा लिई फर्क्यौं । आधा बाटो जति हिंडिसके पछि अमदु देशको एकजना भोटेले साष्टाङ्ग

Downloded from http://dhamma.digital

दण्दवत गर्दै (शरीरले बाटो नाप्दै) एकलै आईरहेको देखी उसकहां एकदिन बसें । उसले दुष्कर कष्ट गरी आइरहेको देखी धन्य, धर्मको निमित्त मानिसले कस्तो दु:ख–कष्ट सहँदो रहेछ' भन्ने मनमा पर्‍यो । यस्तो खाल्डा–खुल्डी परेको बाटो, जाडो त्यत्तिकै, हावा चल्ने त्यस्ता भयंकर ! त्यस्तो ठाउँमा त्यस किसिमले आफ्ना सर्वाङ्ग शरीरले शाष्टाङ्ग दण्डवत गर्दै आइरहेको । उसको खुट्टाको जुत्ता पनि कुत्रो, लुगा पनि उति न्यानो नहुने जस्तो कुत्रो भइसकेको थियो । उसको पट्पट् फुटेर रातो भइसकेका कुर्कुच्चा, हावा लागी दुवै आँखा रग-ताम्मे भई चिप्राका डल्लो निस्किरहेका । ती दृश्य सम्झन्दा अहिले पनि अहो भन्ने मनमा लाग्छ । त्यस्तो कष्ट सहेर धर्म भनी आइरहेको देखी मसंग आउने साथीलाई दिइसकेको जुत्ता जुन उसले पनि नलाइकन बोकेर ल्याएको थियो, त्यसलाई दिएँ । अरू दुइ तीन रूपियाँ पनि दिएर उसलाई छोडी हामी आउँदा आउँदै रातो पर्बत भन्ने ठाउँमा बेलैमा पुग्यौं । त्यहाँ त्यही दिन मन्दिरमा गर्‍यौं । गुम्वामा प्रधान मूर्ति अमिताभ तथागतको थियो । त्यहाँ तथागतको दर्शन गरी त्यहाँ पनि छाप राख्न लगाई फर्क्यौं ।

अर्को हरियो पर्वत भन्ने ठाउँमा जान सके आजै पुगिन्छ, उति टाढा छैन भने । 'जान सकिन्छ कि' भनी संगै ल्याएको साथीलाई सोद्धा 'हुन्छ जाउँ' भने । त्यहाँ जान लाग्दा तीन वज्यो होला ।

**जांदा जाँदै घाम नअस्ताउँदै हरियो पर्वत भन्ने ठाउँमा**

Downloaded from http://dhamma.digital

पुग्यौं । त्यहाँ एक रात सुतेर भोलिपल्ट मन्दिरमा गयौं । त्यस गुम्बामा मुख्य मूर्तिको रूपमा अमोघशिद्धि तथागत स्थापना गरिएको थियो । तथागतलाई पूजा गरिसके पछि छाप ठोकी दिए । खाना सिद्धिएपछि त्याहाँबाट ओर्ले मात्रै पुग्न सकिन्छ भने । त्यसो भने पनि 'आज एक दिन यहीं बस्ने' भनी बस्यौं । कपडाले नछोपिएका दुइ हात र मुखमा त्यहाँको हावा लागेकोले मदेशीहरूको छाला जस्तै कालो भएर गयो । हावा यस्ता कडा थियो कि हावाले पल्टाउला जस्तो हुन्थ्यो । संयोगवश पानी नपरेकोले उति कष्ट भएन । जेठ महीनामा नै यस्तो जाडो थियो । पौष, माघ महिनामा कस्तो जाडो हुन्थ्यो होला । संसारमा जाडो गर्मीको कुरो गरेर साध्यै चल्दैन भनेको साँचै रहेछ । त्यहाँ पनि मानिस वसिरहेकै छन् । बनारसको त्यस्तो विधि गरममा पनि मानिस बाँचेकै छन् भन्ने विचार आयो । भोलिपल्ट हरियो पर्वतबाट फर्की पहिले वसेको गुम्बामा आयौं । त्यहाँबाट तीन, चार बजे तिर निस्कीयौं र पाँच दिन पछि आपनो ठाउँमा आइपुग्यौं । राम्ररी हिंडेको भए चारै दिनमा नै आइपुगिन्थ्यो । त्यो पर्बतको एरिया अस्सी माइल छ जस्तो पनि लाग्छ । मैले साथमा लिएर गएको मान्छे खूब खुशी भयो । ज्यालाको सट्टा जुत्ता किन भनी केही रूपियाँ दिएर पठाएँ । गुम्बामा पुगेको पाँच, छ दिनपछि मलाई पेकिङ्ग फर्कूं जस्तो लाग्यो । त्यहाँ सबै काम कुरो सिध्याई सकेपछि पेकिङ्गमा जाने कोही मान्छे पाइएला कि एकपटक विचार गरिदिनु होला' भनी लामालाई भनें ।

Downloaded from http://dhamma.digital

लामाले 'किन हतार मानेको' भनी सोधे। मैले भनें यस पालिको वर्षाबास पेकिङ्गमा वस्नु पर्ला। असार पूर्णिमा देखि वर्षावास शुरू हुन्छ। पेकिङ्गमा चाँडै जान पाए हुन्थ्यो।" अनि लामाले पेकिङ्गमा कोही जानेछन् कि भनी बुझ्न पठाए।

"भोलि पर्सी एक जना चिनियाँ जाँदैछ" भन्ने समाचार ल्याए। मैले चिनियाँ भाषा जानेको छैन। के गर्ने होला भनी सोद्धा "ती चिनियाँ साह्रै असल मान्छे हुन्। भाषा नजाने पनि केही धन्दा छैन। उनले चाहिंदो हेर-विचार गरेर लैजाने छन् भने। त्यसो भए हुन्छ त पर्सि जानु पर्ला भनी जवाफ दिएँ। पञ्चशीर्ष पर्बतमा महामञ्जूश्रीको गुम्बामा वसी एउटा फोटो लिने विचार आयो। फोटो खिच्ने मान्छे डाक्न पठाएँ। उसंगै गएर महामञ्जुश्रीको गुम्बामा वसी फोटो खिचें।

मेरो शरीर र हात खुट्टा सबै राम्रो संग आए तर अनुहार भने विल्कुलै अर्कै "म" भनी कसैले नचिन्ने रूप। के भएको हो कुन्नि!

पञ्चशीर्ष पर्वतको छापि राखेको अलिकति नक्शा नेपालमा ल्याउने विचारले किनें। एक धायांको तीन वटाको दरले दियो। कपड़ामा छापी नाउँ समेत लेखी राखेका संपूर्ण नक्शाको चाहीं चार धायां लियो। पञ्चशीर्ष पर्बतबाट फर्कन लाग्दा मलाई यस्तो लाग्यो- "म कहाँको मान्छे कहाँ आइपुगें। फेरि सबै संगको मेलमिलाप र परस्परको स्नेह-भावले गर्दा कस्तो कस्तो काम कुरो मिल्न सक्यो। यी सबै पहिलेकै संस्कार

Downloaded from http://dhamma.digital

हुनुपर्छ । अहिले एक चित्त लगाई कोशिश गरेको फल पनि हुन सक्छ । "मलाई पञ्चशीर्ष पर्वत पुग्न सकेकोमा आत्मगौरव भयो ।" अरू नेवारहरू कोही पुग्न सकेका होवोइन र किनभने कथामा बयान गरिए अनुसार त मानिस जान सक्ने ठाउँ नै होइन । 'शिला नदीको पानीले छुने बित्तिकै ढुङ्गा भएर जाने' भनिए अनुसार त्यो नदी पार गरेर यहाँ को मान्छे पुग्न सक्ला ?

पर्सिपल्ट बिहान मसंग त्यस तर्फ जाने चिनियाँले बसेर जान दुइवटा "ग्याहुचा" र चारवटा घोडा गुम्बामा पठाइ दिए । पछि ती चिनियाँ आए । लामाले चिनियाँलाई मेरो विषयमा कुरो बताउँदै "यसले चिनियाँ भाषा जान्दैन । तिमीले विचार गरी चाहिने व्यवस्था दिलाई पेकिङ्गको 'हुंकांकु' यांलामा कहाँ पुऱ्याई मलाई एउटा चिट्ठी पठाइ दिनू " भनेर भने । चिनियाँले हवस मैले सक्दो हेर–विचार पुऱ्याएर लैजाने छु' भनी खुशी भयो । खाना सिध्याई लामा र अरू सबै संग विदा लिई पञ्चशीर्ष पर्वतबाट निस्कयौं । दुबैजना ग्याहुचामा बसेर आउँदा आउँदै बीचमा एक पटक ओर्लेर हिंड्यौं । त्यस-बेला उति जाडो थिएन । गरम पनि थिएन । बडो राम्रो मौसम थियो । पहिले जाँदा जाडोले कही केही हेर्न सकिनँ । ग्याहुचाभित्र बसी ओड्नेमा गुटमुटिएर गएकोले केही देखिनँ । फर्कदा धेरै जसो हिंडेरनै आएकोले बाटो र गाउँगाउँको सबै भागमा हेर्दै आउन पाइयो । सबै चिनियाँ आईमाईहरूको कपाल र लुगाको फेसन पुरानै छाँटको थियो । खुट्टा सानो पारी राख्ने सबैको दस्तुर छँदै थियो । गहुँ पिंध्ने, तेल पेल्ने, भारी बोका-

Downloaded from http://dhamma.digital

उने, खेती गराउने आदि सबै काम ठूल ठूला 'ग्यापोंगा' भन्ने गधाहरू द्वारा गराइने रहेछ। घोडाहरू पनि थिए। खेती गराउन काममा गाई, भैंसी उति देखिएनन्। चीनमा भैंसीत ह्यौता जस्तै थियो रे । मैले त देख्दै देखिन। गाई चाहीं थियो। हाम्रो नेपालमा जस्तै खर्पन वोक्ने चलन पनि रहेछ । पर्बतमा ढुङ्गै ढुङ्गा मात्र । रूख उति थिएन। कहीं कहीं ढुंग्यानमा केही न केही वालि लगाइएको हुन्थ्यो । खेतमा हेरे एउटा पराल पनि देखिन्नथ्यो। घाँस पनि उति देखिएन। धेरै जसोले पत्थर कोइला वाल्ने गर्दोरहेछन्। कोइला निकै हुने ठाउँ रहेछ । दाउरा वाल्नेको संख्या निकै कम थियो। हामी कहाँ भन्दा महँगो पनि थियो। जहाँ गए पनि रक्सी खाने चलन भेटियो। तर रक्सी लागेको मान्छे मैले एउटा पनि देखिन। अफिम पिउने चलन पनि निकै रहेछ। अलिकति सञ्चो भयो कि औषधि पिए जस्तै गरी अफिम पिउँथे। अफिम महँगो भए पनि मानिसहरू त्यसैमा लागिरहन्थे। पञ्च-शीर्ष पर्बतवाट मलाई साथमा ल्याउने चिनियाँ पनि अफिम खूब पिउँथ्यो। वासमा पुग्यौ कि पहिले अफिम सेवन गर्ने तरखरमै लाग्दथ्यो। वाटोमा उसलाई नचिन्ने मान्छे नै जम्तो देखिन्थ्यो। जहाँ गए पनि धेरै जसोले मान सत्कार गर्थे। केही कुराको तकलिफ भएन। सुविधापूर्वक गएँ। खाने–पिउनेमा पनि खूब विचार पुऱ्याएर लग्यो।

गाउँ–गाउँमा रेशम कीरा पालिएका थिए। ती कीराले खाने एक प्रकारको हरियो पात भएको (किम्बु) विरूवा

Downloaded from http://dhamma.digital

रोपी राखेको देखिन्थ्यो। कतै कतै घोडा र खच्चरलाई साह्रै दुःख थियो। भारतमा बैललाई काममा लगाइए जस्तै त्यहां घोडा र खच्चरबाट काम लिइन्थ्यो। त्यहाँका धेरै जसो मानिसहरू सुंगूरको मासु खाँदा रहे- छन्। सुंगूरहरू हुल ठूला जातका थिए। त्यहाँका सुंगूरहरूको कान नेपालका सुंगूरका भन्दा ठूला थिए। त्यहाँ सुंगुर नभएको ठाउँ नै देखिएन। सुंगूरको मासु खाने भएका हुनालेनै चिनियाँहरूको रोस साह्रै नराम्रो भएको हो रे,।

बाटोमा एक दुई जना मानिस मात्रै ओहर दोहर गरेका देखिन्थ्यो। गाउँ-गाउँमा बाटो लामो भएका ठाउँमा दुई चार जना मिलेर पनि हिंड्दा रहेछन्। यसो हेर्दा बाटो अलि अप्ठेरो जस्तो देखिन्छ। त्यस्तो त मैले सोधेको होइन, केवल मेरो अनुमान मात्र हो। गाउँहरू त थुप्रै रहेछन्। फर्केको बेला राम्रो महीना परेछ। पानी पनि परेन हावा पनि चलेन। घोडाका ब्यापारीहरू धेरै संख्यामा घोडा लिई आइरहेकाहरूलाई बेला बेलामा भेटिन्थ्यो। भेडाहरू साह्रै ठल-ठूला थिए। डल्लो पुच्छर भएका एक प्रकारका भेडा (सुलुफै) निकै ल्याउँथे। पञ्चशीर्ष पर्बतबाट सात दिन आइसकेपछि उही 'तित्थुं' भन्ने स्टेशनमा पुग्यौं। त्यस दिन त्यहीं गाउँमा नै बसेर भोलिपल्ट विहान सबेरै उठो गाडीमा बसेर पेकिङ्ग आयौं। पहिले जाँदा-खेरि रात परेकोले वरिपरि केही पनि देखिएको थिएन। फर्कंदा विहान र दिउँसो भएकोले सबै ठाउँमा हेरेर आउन पाइयो। स्टेशनमा कहीं कहीं सुबिधा थियो। स्टेशन धेरै जसो राम्रा

Downloaded from http://dhamma.digital

थिए । विहान ६ वजे गाडीमा बसेका थियौं । दिउँसो ३ वजे पेकिङ्ग आइपुग्यौं । त्यहाँबाट ओर्ली रिक्सामा वसी दुबै यां-लामाकहाँ आयौं । मलाई साथमा ल्याउने चिनियाँले मेरो बिषयमा यांलामालाई के के भन्यो कुन्नि मैले थाहापाउन सकिन । तर वडो मिजास गरी मलाई त्यहाँ छोडेर उ फर्क्यो ।

## पेकिङ्गमा वर्षावास

यांलामाले त्यहाँको खवर सबै सोधे । पञ्चशीर्ष पर्वतमा वस्ने लामाले दिइ पठाएको एउटा चिट्ठी दिएँ । उनले हेरे । अनि साह्रै खुसी भए । त्यो दिन त्यहीं सुतें । भोलीपल्ट यांलामाले मलाई वस्न एउटा कोठा दिए । म त्यस कोठामा वस्न गएं । खाउने ब्यवस्था याँलामाले नै गरे । दुइ, तीन दिन उनले दिएको खाएँ । पछि खानलाई आफैले खर्च गरें । दुइ हप्ता जति त्यहाँ वसिसके पछि दश, पन्ध्रजना जति नोकर्नीहरू लिएर ल्हासा वाट एउटा वकिल त्यहां आयो। एकजना अफिसरले चाहिं सुनारको घर 'पेसिंक्षाउ' भन्ने ठाउँमा लग्यो । त्यहाँ ठाउँ नपुगेकोले एउटा पसल माथिको कोठा खालि गरी ब्यवस्था गरी दिए । वर्षावासको समय पनि आइपुगेका थियो । त्यहाँ दश दिन जति वस्दा ठाउँ अनुकूल जस्तो लागेर वर्षावास अधिष्ठान गरें । त्यहाँ वस्ने चिनियाँ भलादमी र असल मान्छे जस्तो देखेर 'यहाँ वर्षाबासको अन्तिम समय सम्म केही आपत्ति आइ पर्दैन होला' भन्ने बिचारले अधिष्ठान गरेको थिएँ । सगैको होटेलमा खाना-पीनाको वन्दोवस्त गरे। होटेलवालाले दिनहुँ खाना पुर्‍याउन पठाउँथ्यो । त्यहाँ तीन चार महिना बसी सुबिधाका साथ

Downloaded from http://dhamma.digital

वर्षावास पूर्ण गरें। भाग्यवश त्यहाँ पनि कलकत्तामा धेरै वर्ष वसिसकेको हिन्दी भाषा राम्ररी जान्ने एक जना चिनियाँ म संगै वस्न आयो। त्यो एक जना भएकोले पेकिङ्गको सबै ठाउँमा घुम्न पायो। चाहिंदो काम कुरो पनि पूर्ण भयो। फेरी अमद देशको एक जना साधु जस्तो मान्छे पनि बस्न आयो। ऊ संग जापान जाने कुरा चल्यो। उ पनि जापान जाने धूरमा वसेको रहेछ। कुरो पक्का जस्तै भयो।

बजारमा नै चीनमा मुर्दा ल्याउने र पर्व पर्वमा ल्याइने जात्रा–भात्रा सबै हेर्न पाइयो। ठूला–वडाको शवयात्रा ल्याउँदा ठूल–ठूला उत्सव झैं कागतका मानिस, हात्ती, घोडा आदि वनाई अनेक प्रकारका वाजा–गाजा सहित मैना जस्तो डोलीमा शव राखी तास तीनखावले सिंगारेर ल्याउँथे। अगाडि पनि मानिसको लस्कर हुन्थ्यो। झण्डा समाउने र वाजा वजाउने-हरू थुप्रै हुन्थे। शवको पछि पछि उसका नाता कुटुम्वहरू, छोरा–छोरी सबै सेतो फेटा बाँधी लहरै आउँथे। बाटोको दाँया–वायाँ दुबैतिर मृत–व्यक्तिका इष्टमित्र, नाता कुटुम्वहरू सबैले एक एक वटा टेबुलमा चियादानमा चिया, रोतीको परि-कार र फलफूल किस्तीमा राखी शव–यात्रामा आएका मृतक व्यक्तिका जहान परिवारलाई ख्वाउन जाने दस्तुर रहेछ। खान-पिन गर्न मन लागे पनि नलागे पनि हातले भए पनि छुनुपर्थ्यो। छोइसकेपछि खानेलाई ख्वाउँथ्यो। पिउनेलाई पिलाउँथ्यो। एक दुइ जनाको भए त खान–पिउन सक्थ्यो। तर बाटो भरी लाइनै कसेर वस्थ्यो। कसको मात्र खाने! नेपालमा मरेपछि

Downloaded from http://dhamma.digital

"लोचा" आएको लेखे झैं त्यस मृतक व्यक्तिका परिवारले ती खुवाउन ल्याउने मानिसको नाउँ र 'कुन कस्तो किसिमले छ' लेखेर लान्थ्यो । पछि तिनीहरू सबैलाई भोज खुवाउन पर्छ रे । शव–यात्रा त्यहाँ एक प्रकारको तमासा जस्तै देखिन्थ्यो । सात दिन पछि फेरि अनेक प्रकारका हात्ती, घोडा बनाई दोबाटोमा ल्याई पोलेर जान्थ्यो । देश विदेशमा झैं चीनमा पनि अनेक दस्तुर रहेछन् ।

'धुंहांसि' भन्ने ठाउँमा पहिलेका ल्हासाको पंजरमुत्रि भन्ने एक जना लामाको नाउँमा बनाइएको एउटा हेर्न लायकको चैत्य छ । हेर्न जान्छौ भनी एक जना सज्जनले भने । मैले 'हुन्छ' भनें । एकदिन हामी दुबै त्यहाँ हेर्न गयौं । म बसेको ठाउँबाट डेढ कोस जति जानु पर्थ्यो । जाँदा जाँदै बीच बाटामा साह्रै दुर्गन्ध आयो । दुर्गन्धको कारण सोद्धा 'यस देशमा सबै मलमूत्र (गुहु) जम्मा गरी माटोमा मिलाई मल बनाएर बेचिन्छ' भन्यो । 'कसले किन्छ त' भनी प्रश्न गर्दा धेरै जसो जापानले किनेर लैजान्छ र साथै यहाँका वासिन्दाले पनि ।' उसले भन्यो 'एउटा जहाज भरी मल किनेर लैजाँदा ती बिक्री कर्ताहरूको निकै नै आमदानी हुन्थ्यो । त्यसैले होला सडकका छेउमा ऐनाको झ्याल बनाई चर्पीको पसल थापेका । गुहुको कारखानाबाट निकै आमदानी हुन्थ्यो रे । यति कुरो गर्दै जाँदा धुंहांसि भन्ने ठाउँमा पुग्यौं ।

धुंहांसिमा एउटा गुम्बा रहेछ । बगैंचाको मध्य भागमा

Downloaded from http://dhamma.digital

सेतो सिंहमर्मरले बनाइएको एक गोलाकार चैत्य छ । त्यस चैत्यको उच्चाई करीब चौध हात जति होला । त्यस चैत्यको चारैतिर गौतम बुद्धको जन्मदेखि निर्वाण सम्मको जीवन कहानी ढुङ्गामा त्यसै कुँदेर राखेको मात्र होइन बल्कि काठको वनाई राखेको जै अथवा मानिसको मूर्ति वनाएर राखेको जैं प्रष्ट छुट्टिने गरी बनाई राखेको थियो । त्यही सिंग-मर्मरमा घर, रूख, मान्छे आदि अनेक बनाइएका त्यसै उचालेर लिइ हालौंकि जस्तो गरी मूर्ति बनाइ राखेको थिए। सुन्दर-तामा बयान गरेर साध्यै नचल्ने गरी बडो मेहनतपूर्वक बनाई राखेको रहेछ ।

हिजो आज ती मध्ये कसैको हात भाँचिएका, कसको खुट्टा र कसैको टाउको नै नभएका छन् । तलतिर परेको ठाउँमा निकै विग्रेका छन्। यी मध्ये कुनै कुनैमा सिमेन्टले मर्मत गरिएको रहेछ । 'पहिले चीन बादशाहको शासन कालैमा बनाइएको यी मूर्तिहरू अवधि दुइसय वर्ष भन्दा बढी भइसक्यो होला' भने अहिले सम्म नयाँ जस्ता देखिन्छन् । त्यहाँ एकछिन बसी हेर्नु पर्ने सबै हेरेर आएँ ; ती चैत्य देख्दा चीनमा निकै सिपालु कालिगढहरू रहेछन्' भन्ने मनमा लाग्यो । फेरि पहिले सुनिराखेको कुरो पनि सम्झें— 'त्यहाँ सरश्वती भएकोले त्यहाँका मानिसहरूले धेरै काम गर्न जानेको रे ।'

'एक दिन बादशाह र रानीको दर्बार हेर्न जान्छौ ?' भनी सोधे । 'हुन्छ, जाउँ, हेर्नु पर्छ' भनी दुबै जना एउटा रिक्सा

Downloded from http://dhamma.digital

लिई हेर्न गयौं ।

ढोका बाहिरै टिकट दिने मान्छे बसिरह्यो। एउटा टिकटको एक धायां चाहिन्थ्यो। फेरि सबै ठाउँमा देखाउने (गाइड) लाई एउटा कम्पनी दिई भित्र सबै ठाउँमा हेऱ्यौं। बगैंचामा पोखरी बनाई माछा पालि राखेका, गमलामा पनि रंगी बिरंगी का माछा पालेका ठाउँ ठाउँमा मेच, कुर्सी बनाई राखेका आदि हेर्दै गयौं। बादशाहा बस्ने गद्दीमा पुग्यौ। कोठामा अनेक किसिमका पुराना वस्तु सच्याएर राखेका थुप्रै रहेछन्। गाइडले भन्यो– "धेरै मोल पर्ने असल असल बस्तुहरू 'नांकिन' मा लगेर राखेका छन्। यहाँ त त्यहाँ लैजान नसकेका बस्तु मात्र छन्।" गद्दी भएका कोठा तीन वटा रहेछन्। सबभन्दा बाहिर पट्टिको कोठामा भारदारहरू भेटने, दोस्रोमा गुप्त सल्लाहा गर्ने र सबै भन्दा भित्र पट्टि बादशाह बस्दा रहेछन्। गद्दीका पछिल्तिर देउताको खाट जस्तो बनाई अढाई हात जति अग्लो आठ हात, एघार टाउको भएका लोकेश्वरको स्थापना गरिएको रहेछ। बनाइएको मानिसलाई कवच लगाई, फलाम को टोपी लगाएर उभ्याई गद्दीको दायाँ एक लाइन र बायाँ एक लाइन राखिएको रहेछ। गद्दीको तलतिर बाऱ्ह सिंगे (तेरू) को सिंगले बनाइएका मेच, खाट, टेबल, घण्टा आदि रहेछन्। सुनको जलप लगाएका ठूला तस्बीर आठ, दश वटा पनि टांगिएको रहेछ। कारचीपी भरेका र लेखिएका पनि दुइ चारवटा रहेछन्। हिउंदमा आगो ताप्न फलामको पाइप

Downloded from http://dhamma.digital

'हीटर' जस्तै तातेर आउने चिमनो पनि रहेछ। तर घाँस सास उम्री लथालिङ्ग भई त्रिग्रेको देख्दा पहिले चीन गएर आउनेहरूले भनेको पुरानो कुरा याद आयो ।

'संसार भरी आफूसंग लड्ने कुनै राज्य नभएकोले सूर्य संग लडन हप्ताको एक पटक लडाइँको मैदानमा गई सबै पल्टनले आकाशतिर बन्दूक पड्काउँथे। जब आकाश धुवाँले ब्याप्त भई सुर्य नदेखिने हुन्थ्यो अनि 'हा ! हा !' भनी थपडी बजाउथे रे। एकपटक चीनको नेपाल संग लडाइँ हुँदा चीनको बादशाह संग 'कति फौज पठाऊँ' भनी सोध्न जाँदा 'बाटामा हरिया बाँसहरू ओछ्याई त्यसमा कुल्चँदै जाँदा ती बाँसहरू खिइएर नसिद्धिए सम्म फौज पठाइ रहनू' भनेरे । त्यो फौज त्रिशूली गण्डकीमा आइपुग्दा नुवाकोटमा सन्धि गरी काठमाण्डौ नदेखाइकन नै फिर्ता पठाए रे भन्ने कुरा सुनिराखेको थिएँ । हरे ! आज तो बादशाह कहाँ गए । के भए। फेरी पर्खालले घेरेर त्यत्तिका फौज राख्ने, चिनिया बादशाह भने पछि उनी देखेर नडराउने संसारमा कोही थिएन। सबैभन्दा ठूलो बादशाह मानिएका त्यस्ता ब्यक्ति बस्ने गद्दीको गति के भएर गयो भन्ने मनमा पऱ्यो। यस परिवर्तनमा कोही स्थिर भएर बस्न सक्तैन। जस्तो सुकैको भए पनि आखिर नाश भएरै जाने रहेछ भन्ने विचार आयो ।

तास खेल्दा सुरथ, चीड, पान, इँट चार बादशाहहरू मध्ये सबभन्दा ठूलो सुरथको बादशाहलाई मानिन्थ्यो। भनिन्छ

Downloaded from http://dhamma.digital

सुरथका वादशाह नै चीनका वादशाह हुन् । यत्रो वादशाहको गति त यस्तो भएर जाँदोरहेछ भने अरूको के ? संसारमा यो नियम आदिदेखि चलेर आएको (स्वभाव) हो भन्ने कुरो थाहा पाएर सिद्धार्थ गौतम बुद्ध भए। अरू ठूल–ठूला महर्षी मुनी-हरूले पनि संसारमा 'त्याग नै ठूलो धर्म हो' 'यही नै अविनाशी धर्म हुन्' भनी चाल पाएर लोक–धर्म (व्यवहार) मा ध्यान नदिइकन लोकोत्तरतिर लागेका होलान् भन्ने मनमा पऱ्यो ।

हेर्दा हेर्दै दिक्क लागेर आयो । थकाई पनि लाग्यो । 'जाऊँ' फर्कौं भने । 'पर्खन' अन्त हेर्न जान बाँकी नै छ, रानीको दरवार हेर्न बाँकी छ भन्दा पनि जान मन नलागेर त्यहींबाट फर्क्यौं । अन्दाजी ४,५ वज्दा बाजाको तालमा एकजना आई-माईलाई सुरीलो गाना गाउँन लगाई वजार गल्ली घुमाइरहेको देखेर मेरो साथीसंग सोधें । क्राइष्ट–धर्ममा मानिसलाई आक-र्षण गर्न यस्तो गराईरहेको हो । यसो गर्दा गर्दै धेरै मानिस जम्मा भएपछि तिनीहरू सवैलाई एकातिर लगेर लेक्चर दिई अनेक धर्म–कथा सुनाएर ल्याउँथे' भनी उसले भन्यो । त्यस-पछि हामी डेरामा फर्क्यौं ।

चीन देशको परिस्थिति विग्रन्दै गइरहेको र त्यहाँको धर्ममा हानी भइरहेको देखेर बुद्ध–धर्मको विरोध सारा दुनियाँमा फैलिएको जस्तो देखिन्छ। बादशाहको गद्दीमा श्री लोकेश्वर देखेकोले र त्यहाँका बौद्ध–विहार बौद्ध–मन्दिर, गुम्बा र पुराना पुराना ऐतिहासिक स्थल देख्दा पहिले त्यहाँ बुद्ध–धर्म नै प्रमुख

Downloaded from http://dhamma.digital

थियो। तर अहिले भने धर्ममा ज्यादै हानी भएर आइरहेको अनुभव भयो।

बादशाहको गद्दी देखे देखिन् र मानिसहरूको आचरणमा परिवर्तन आइरहेको देखेर मेरो मनमा पहिले भन्दा निकै तर्कना बढन थाल्यो।

एकदिन चीनमा घुम्न जाँदा यां छीन नम्बर ३ वांहुउसि' भन्ने गुम्बाको अघिल्तिर पुराना देब–देबताका तसबीर छाप्ने प्रेस देखें। त्यहाँ लोकेश्वर श्री करूणामयको किसिम किसिमका मूर्ति छापी राखेको देखेर प्रत्येकमा एक एक वटा रकमको छाप्न लगाई मोल गर्दा 'सानो ठूलो मिलाई एक कम्पनीको तीन वटा दिने' भन्यो। सबै लिए पचास, साठी रूपियाँ भन्दा बढीको हुन्थ्यो। तर त्यसबेला मसंग पैसा थिएन। पाँच, छ कम्पनोको मात्र किनेर ल्याएँ।

करूणामयका मूर्ति नै धैरे रकमका थिए। त्यसरी हजारौं रकमका करूणामयको मूर्ति देख्दा साँच्चै पहिले चीनमा करू-णामयले नै राज्य गरेका थियो कि' भन्ने मनमा लाग्यो। 'त्यस्तो देश आज कुन अवस्थामा छ' भन्ने मनमा पऱ्यो।

भारतको बुद्ध गयामा बसिरहेका चीनका 'फुचींलामा' भन्नेले बुद्धगयामा धर्मशाला बनाउनको निमित्त चीनमा चन्दा माग्न आइरहेको बेला 'म पेकिङ्गमा छ' भन्ने खबर पाएर मलाई खोजी पत्ता लगाए। मसंग भेट भए पछि उनले आफ्नो काम कुरो सबै बताए र भने कि– 'तपाई एक जना साथी पाए चन्दा माग्न सजिलो हुन्छ'' छाँटकाँट हेर्दा काम चाडै बन्ने जस्तो

Downloaded from http://dhamma.digital

देखेर जापान जाने कुरो एकातिर पर्‍यो । फुचींलामा संगै घुमेर भारत फर्कनु पर्ला भन्ने विचारले उनैसंग गएँ ।

उनले अर्को ‘होस्यां’ नामक गुम्वा देखाउन लगे। पछि ‘पेसिक्षाउ’ भन्ने ठाउँ छोडेर जांदा त्यहाँको खाना खर्च तिर्दा एक पैसा पनि बाँकी रहेन । यांलामा संग दश रूपियाँ सापट माग्नु पर्‍यो । ‘मैले भर्ना रूपियाँ पछि पठाई दिन्छु’ भने । उनले भने– ‘सके दिएर पठाउनू, नसके भइहाल्यो । उनीसंग विदा-बादी भएर त्यहाँवाट उही चिनियाँ भिक्षुसंग होस्यांहरूको गुम्वामा वस्न गयौं । त्यो गुम्वा सान्है ठूलो रहेछ । पहिले एक पटक ल्हासाको धोर्ज्ये चोपा घेसिले दिएर पठाएको चिट्ठी लिएर आइसकेको थिएँ । तर त्यस चिट्ठी बमोजिम कुनै मद्दत भएन। म त्यसै फर्कें ।

पछि फुचींलामा संग जाँदा पनि उही गुम्वामा पर्‍यो । दुइ, तीन दिन पछि भोजनगराउन एक हुल गृहस्थहरू आए । मलाई पनि निमन्त्रणा गरे । भोजनशालामा लगे । मैले चिट्ठी दिएको मान्छे देखें । उसले नचिनेको जस्तो गर्‍यो, मैले पनि नचिने जस्तो गरी केही भनिन ।

चीनमा गृहस्थ र भिक्षुहरू सवै वरिपरि बसी खानेकुरो राखेको भाँडोबाट आफ्नो कचौरामा आफूलाई जति जति चाहिन्छ त्यति त्यति “खौचु” भन्ने दुइ स–साना लट्ठीले झिक्दै खाँदै गर्थे । म त ती लट्ठीले खान उति जान्दैनथें । गृहस्थहरू र भिक्षुहरूले एउटै थालबाट झिक्दै खाँदै गरेको मलाई उति मन पनि परेन । फेरि खानेकुरो अगाडि राखेर नाना थरीका

Downloaded from http://dhamma.digital

कुरा गर्न थाले । बस्दा बस्दै एक बज्यो । पछि सबै वरिपरि बसी आ-आफ्ना कचौरा र खौचु लिएर बसे । मलाई पनि बोलाए । म विकाल-भोजन गर्दिन, बाह्र बज्नु भन्दा अघि मात्र खाने मेरो दस्तुर छ' भनेर भनें । नपत्याए देखि फुचि लामा संग सोध्नू भनें । उनीहरूले सोधदा 'हो, यिनीहरू कसैले पनि बाह्र बजे पछि खाँदैनन्' भने । अनि केही भनेनन् । 'अघि नै भन्नु पर्दैन; अब के गर्ने' भनी सबै दिक्क भए ।

तिनीहरू खान थाले । म एकातिर बसिरहें । खाना सिध्याएपछि मेरो विषयमा के के कुरा गरे कुन्नि !' म संग चिट्ठी लिनेले 'यो मानिस पहिले एकपल्ट पनि यहाँ आएको जस्तो लाग्छ' भन्यो क्यारे । म संग सोध्न आए । 'धोर्ज्य चोपा घेंसिले दिई पठाएको चिट्ठी लिई म यहाँ आएको थिएँ' भन्दा चिट्ठी लिने मान्छे लाजले निहुरी रह्यो । पछि उसले मलाई २० रूपियाँ दियो । 'पहिले म तपाईलाई राम्रोसंग चिन्दैनथें । नरिसाउनु होस्' भनी खूब मिजासले कुरा गर्‍यो । मैले भोजन नगरेकोले २ रूपियाँ अरू थपिदियो । म त्यहाँबाट उठेर आफ्नो कोठामा गएँ ।

त्यस पैसाबाट गौतम बुद्धको जन्म देखि परिनिर्वाणसम्मको तसबीर भएको छ कम्पनी पर्ने एउटा किताब किनें । पेकिङ्गमा आठ दिन बसेर थ्यांकिनको लागि प्रस्थान गर्‍यौं ।

## थ्यांक्किन्

पेकिङ्गबाट ५ बजेतिर गाडीमा बसेर जाँदा बिहान आठ बजे थ्यांकिन पुग्यौं । स्टेशनबाट ओर्ली एउटा गोम्बामा जानको

Downloaded from http://dhamma.digital

निमित्त दुइ वटा रिक्सा लिन लागेको त हामी दुइ जनालाई रिक्सावालाहरूले तानातान गरी हुल गरेको कुरो बयान गरेर साध्यै छैन । यौटाले हामीलाई हाम्रो रिक्सामा बस् भनेर तान्दा अर्कोले उसलाई घेंचेटेर पठाउँथ्यो । यस्तो झगडा गरिरहेको देखेर 'हामो बिदेशीहरू केही पनि जान्दैनौं भन्ने चाल पाई' पुलिसले हामीले रोक्दा रोक्दै पनि लट्ठीले पिटेर पठाई दिए । पछि दुइ वटा रिक्सा वन्दोवस्त गरिदिए । हामी एउटा गुम्वामा गयौं ।

त्यहाँ फुचींलामालाई खूब मान गरी राखे । सात दिन त्यहाँ बस्दा फुचींलामाको ३०० रूपियाँ जति चन्दा जम्मा भयो । त्यहांबाट नांन्किंगको लागि रेल चढ्यौं ।

## नांन्किंग

नांन्किंग पुग्दा त्यहाँको शहर पेकिङ्ग भन्दा पनि राम्रो रहेछ र जनसंख्या पनि धेरै रहेछ । नांन्किंगमा ठूल–ठूला साहूहरू मिलेर बनाएको 'लोला' भन्ने गुम्वामा लगे । त्यहाँ फुचींलामा र मलाई एउटा कोठा दिए । त्यस गुम्वामा अरू तीन खलक भोटेलामाहरू पनि बसिरहेका थिए । त्यहाँ फुचींलामा २१ दिन सम्म कसैलाई भेट नदिई खानेकुरो पनि नखाइकन खाली पिउने कुरो मात्र पिएर वसिरहे । म चाहिं अनुत्तर विजय गुरूमण्डल किताव दोहऱ्याइ रहें । २१ दिनपछि उनी बाहिर निस्के र चन्दाको निमित्त घुमे । पहिले भन्दा दोवर चन्दा प्राप्त गरे । उनको डेढ महीना जति त त्यहाँका लामाहरूसंग दिनहूँ धर्म–सम्वाद पनि हुन्थ्यो । लामाहरूले मलाई साऱ्है मन पराए ।

Downloaded from http://dhamma.digital

बोलाएर लैजान्थे। बेला बेलामा नुहाउन लैजान्थे। चीनमा नुहाउनु एउटा ठूलो चिकित्सा रहेछ। नुहाइसके पछि आठ, दश दिन सम्म शरीर हलुका भई सञ्चो भइरहन्थ्यो। त्यसैले त्यहाँ इष्ट मित्र मिल्ने साथीहरूलाई पहिले दुइ पैसाको तातो पानी किन्न लगाई एउटा रूमाल दिएर हात–मुख धुन लगाई सफा गर्न लगाउँदा रहेछन्। हामी कहाँ भए तमाखु भरिदिए जस्तै यो नै पहिलो अतिथी सत्कार रहेछ। अनि मात्र अरू चाहिने कुरो गर्दा रहेछन्। अरू बढी सन्मान गर्नु पर्ने टाढा टाढाबाट आएका इष्ट–मित्र, नातेदारहरूलाई आदर राख्दा खेरि पनि नुहाउने पसलमा लगी नुहाउन लैजांदा रहेछन्। यो नै पाहुनाको सत्कार रहेछ। नुहाउने ठाउँ दर्जा अनुसारका छन्। चार आना देखि तीन, चार रूपियाँ जाने सम्म छ। आफ्नो इच्छानुसार गएर नुहाउने। तातो र चिसो दुइ धारा पानी आउँथे। तातो, चिसो आफूलाई जुन जति मन पर्छ मिलाउने र दर्जा अनुसार सामान, साबुन, रूमाल, तेल मालिस गरिदिने, मैलो निकाली दिने सबै मानिस छन्। गरम कपडा राखेका एउटा खाट पनि छ। गरम पानीमा नुहाई पसिना निकाल्न सम्म निकाल्नि सके पछि त्यस खाटमा गई गरम कपडाले ओढेर त्यहाँ पनि सके जति पसिना निकाली रूमालले पुछ्दै गर्ने। यसरी दुइ, तीन पटक पसिना निकालि सके पछि आठ, दश दिनलाई जीउ हलुका भई बडो आनन्द भइरहन्थ्यो। त्यसैले सबैको मान गर्ने नियम नै यही थियो।

मलाई पनि ग्यारूनमा बस्ने अवतारी लामा र फुचींलामाले

Downloaded from http://dhamma.digital

बेला बेलामा नुहाउन लैजान्थे। त्यसबेला ह्ङ्कङ्गमा भेटेको नीनीला भन्ने पनि नांन्किङ्गमा आइरहेकी थिई । उसको लोग्ने "सयूकुस्यो" भन्ने पनि बराबर आइरहन्थ्यो। ऊ चीनमा चिनियाहरूलाई भोटे अक्षर पढाउने शिक्षक रहेछ । फेरि शास्त्र सम्बन्धी बाद बिबाद पनि निकै गर्थ्यो। चाहिंदो मद्दत गर्ने उ पनि बराबर आइरहन्थ्यो ।

एकदिन ख्रिखाछेँ यांलामाका सेक्रेटरीहरू कहाँ मेरो विषयमा के कुरो भयो कुन्नि : म कहाँ खबर आयो– "तपाई एक पल्ट उता पाल्नुस्। लिन मोटर पठाइ दिन्छु ।" भोलिपल्ट मोटर पठाइदियो। म त्यहाँ गएँ। मलाई आसनमा बसाल्यो। पहिले हात धुन लगाई चिया, रोटी राख्न ल्यायो। पहिले ल्हासाको खबर सबै सोधे। मैले देखेको र थाहा पाएका सबै कुराहरू भनें। तिनीहरू साह्रै खुशी भए। मेरो भ्रमणको खबर पनि सबै सोधे। मलाई उपकार गर्ने ध्योर्ज्ये चोपा घेसिंको हालखबर सबै सुनाएँ। रिपुच्वेङाको पञ्चशीर्ष पर्वतको खबर बृतान्त सोधे। कुरा गर्दा गर्दै एघार बज्यो। अनेक प्रकारको खाना बनाई भोजन गराए । सबैको खाना सिध्याएर फेरि नेपालको कुरो सोधे । "नेपालमा गुरुजुलामाहरूले यस्तो देउता भन्छन्' शक्ति भएका महिषसम्बर देउता र मञ्जूश्री ऐना जस्तो माटोमा ढालिराखेका आठ, दश मूर्ति देखाए र फेरि सोधे–"नेपालमा यी देवताहरूको बारेमा ज्ञान छ ?" मैले भनें– छन् त छ तर यहाँ जस्तो प्रकट रूपमा होइन, गुप्त रूपमा । "तिनीहरूले भने" तपाईहरूले भन्नु भएको निश्चय

Downloaded from http://dhamma.digital

नै पक्का हो। यहाँ त यस्तो गुह्य देवताहरू बाहिर देखाई लामाहरू खूब जान्ने सुन्ने भनाउँछन् । आफूमा केही गुण नभएता पनि गुह्य गुह्य देवताहरू प्रकट गरी बडो जान्ने ठान्दछन् । त्यहाँ नेपालमा नै ज्ञान पक्का, गुह्य र बलियो रहेछ । प्रकट गर्नु हुने प्रकाशमा ल्याई प्रकट गर्न नहुने गुप्त नै गरो राखेका छन् । यहाँ त गुप्त भन्ने कुरो केही रहेन, सबै प्रकाशमा आइसकेका छन्" भनी नेपाललाई खूब प्रशंसा गरे । म दिन भरी त्यहाँ बसी बेलुका फर्कें । फर्कँदा 'हामीलाई एकपटक खबर दिएर मात्र जानू' भनेर भने । ती आठ, दश देउटा र झिखाछे लामाको एउटा तसबीर, एउटा खाता र २५ रूपियाँ पनि दिएर मोटरबाट म बसेको ठाउँ सम्म पुऱ्याइ दिए ।

## स्यांहेमा धोर्ज्येचोपा घेसींको पहेँलो झोला

त्यहाँ डेढ महीना जति बसिसके पछि स्यांहेमा आउन गाडीमा बस्यौं । स्यांहेमा फुचींलामाले एक सेँठको घरमा लगे । खूब सिंगारिएको एक कोठामा म र फुचींलामालाई राखे । जलपान र भोजन राम्रोसंग खुवाए । त्यही किसिमले त्यहां बसुँजेल श्रद्धापूर्वक (दिनहूँ) खुवाइरहे । फुचींलामा चन्दा माग्दै थिए । करीब २,०००, २,५०० सय जति रूपियाँ पनि उठाइसकेका थिए । मलाई ल्हासाको धोर्ज्ये चोपा घेसींले दिई पठाएको दुइवटा चिठ्ठी स्यांहेमा दिन बाँकी भएकाले फुचीं-

Downloaded from http://dhamma.digital

लामा संगै ती मानिसहरू खोज्न गएँ । त्यहाँ शहरको माझमा जहाज कम्पनीको एउटा ठूलो अफिसमा काम गर्ने एकजना मान्छेलाई दिनुपर्ने भएकोले अफिसमा गई चिट्ठी दिएँ। उसले चिट्ठी खोलेर हेऱ्यो र अरूहरूलाई पनि देखायो । अनि मलाई 'यहाँ आउनु भएको कति भयो' भनी सोध्यो । मैले भनें "एक बर्ष जति भयो । उथेँसाँ पञ्चशीर्ष पर्वत गएर पांच महीना त्यहाँ बसें । पेकिङ्कमा पाँच महीना जति बसेर थ्यांकीन् आएँ । त्यहाँवाट यहाँ आइपुगेको डेढ महिना जति भयो । अब चीनका ठूल–ठूला तीर्थस्थानहरू घुमेर जाने बिचार छ ।" (उथेंसं) गएको प्रमाण के छ" भनी सोधे । ल्हासावाट लगेको पहेँलो कपडाको झोला पछिल्तिर पञ्चशीर्ष पर्वतको पाँचवटा छाप देखाएँ । त्यसमा लेखेको सबै पढेर हेरे। सबैलाई देखाए । अरूहरू पनि आएर हेर्न आए । एक जनाले दशको नोट एउटा त्यही झोलामा हालिदियो । त्यति राख्नासाथ सबैले आ–आफ्नो श्रद्धानुसार त्यही झोलामा पैसा हाली सो रूपियाँ एकसय बीस जति भएछ । 'अब तिमी पहिले कहाँ जाने' भनी सोधे । चुङ्कासां, वमिस्वां, फुथोस्वां भन्ने तीनै ठाउँमा जाने बिचार छ । म यहाँको भाषा जान्दिन । तिब्बती भाषा मात्र अलि अलि जान्दछु भनी फुचींलामालाई भन्न लगाएँ। उसले चिनियाँ भाषाबाट त्यसरी भनी दिएपछि त्यहाँ काम नभएको एक जना अम्दु सबै तीर्थमा धेरै पटक गइसकेको चिनियाँ र भोटे भाषा दुबै राम्रो संग जान्ने मानिसलाई बोलाउन पठाएर उसलाई सबैले भने– "तिमीले यो लामालाई जहाँ जहाँ भन्यो त्यहाँ

Downloaded from http://dhamma.digital

त्यहाँ लैजानू । खाना खर्च र टिकट खर्च यसैले दिन्छ । यसलाई राम्रो हेरविचार पुऱ्याई एक पटक तीर्थ घुमाएर ल्याउन सक्छौ ?" उ पनि काममाम नपाएर यताउति काम खोजिरहेकोले तुरुन्तै 'हुन्छ, म यसलाई सक्दो चाकरी गरी भनेको ठाउँमा घुमाई ल्याउनेछु" भन्यो । 'त्यसो भए हुन्छ' भनी उतातिर जाने जहाज कम्पनीको अफिसमा भनेर एउटा पास पनि लिइदिए । तिनीहरूको जहाज भएको ठाउँ सम्म पैसा तीर्न नपर्ने गरी मिलाएर मलाई प्राप्त भएको रूपियाँमा ५०।– जति झिकी दिए । 'अरू पैसा यही अफिसमा राखी छोडनू, फर्केर मात्र लिन आउनू । पैसा लिएर जानु हुन्न, ज्यानको खतरा हुन्छ । त्यसैले यति मात्र लिएर जानू' भने । अरू रूपियाँ सबै त्यहीं जिम्मा गरिदिए । त्यो मानिस साथमा लिएर म वसेको ठाउँमा फर्कें । बाटोको निमित्त चाहिने एक दुइ सामान किनेर चार दिन वसें ।

त्यहाँबाट जानलाई त्यस मानिसको साथमा निस्कें । जहाज आफ्नो समय बिना जान नसक्ने भएकोले चार दिनसम्म त्यहीं कुर्नु पऱ्यो । 'जान्छु' भनी बिदा लिई निस्किसकेकोले फर्केर जान पनि लाज लाग्यो । तर साथमा आउने मान्छे स्यांहे शहरको सबै कुरो थाहा पाउने भएकोले उसले बिदेशीहरू बास बस्ने ठाउँमा लग्यो । ओड्ने ओछ्याउने ज्ञुल सहितको आठ आना बहाल लिंदोरहेछ । अरू गरीब कुल्लीहरू पनि बाहिर सुत्न नसकी त्यहीं आएर सुत्ने गर्दारहेछन् । तिनीहरूलाई एक जनाको आठ पैसाले पुग्यो । किन भने तिनीहरूलाई

Downloaded from http://dhamma.digital

सुताउन हामी कहाँको परेवाको गुँड जस्तो एउटा मान्छे अटाउने वाकसहरू सात, आठ चाङ राखी त्यसमा साधारण ओछ्यान ओछ्याइ राखेको हुन्थ्यो । त्यसैमा गएर सुत्न जान्थे । हामी दुइ जना आठ आठ आना तिरी चार दिन वस्यौं ।

त्यहाँ वसुञ्जेल त्यस अम्दु साथीसंग स्यांहेको ठूल–ठूला होस्यां गुम्वा आदि हेर्न बेला बेलामा घुम्न गयौं । गुम्वामा दान प्रदान गर्नेहरूको संख्या निकै रहेछन् । चिनियाँ भिक्षुहरू पनि थुप्रै रहेछन् । एउटा गुम्वामा सधैं पाँचसय भिक्षुहरू बस्दारहेछन । स्यांहेको सवभन्दा ठूलो गुम्वा त्यही रे । दुइ दिन जति गएर त्यस गुम्वाको दस्तुर नियम हेरें । भिक्षुहरू आउंदै जाँदै गर्दथे ; चिनियाँ भिक्षुहरू एकै ठाउँमा वस्दा रहेनछन् । एक एक गुम्वामा दुइ–चार दिन, दुई–चार दिन मात्र वसेर जीवन विताउनेहरू पनि निकै रहेछन् । त्यसैले होला प्रत्येक गुम्बामा कहीं एकसय कहीं दुइसय जवानलाई गुम्वा दाताले आफ्नो सामर्थ्यअनुसार खाना ब्यवस्थाको निमित्त जगेडा राखी छोड्थे । जगेडा राखे जति भोजन गर्ने भिक्षुहरू कहीं पनि हुँदैनथे । सयजनालाई खान पुग्ने गरी राखेका ठाउँमा ४०, ५० भिक्षुहरू मात्र हुँदारहेछन् । अरूहरू आउँदै जाँदै गर्दा रहेछन् । सबै गुम्वाको यस्तै चलन रहेछ । दिनको तीन पटक देउताको पूजा गर्नु पर्थ्यो । विहान सबेरै दिउँसो एघार बजे र साँझ तिर । जतिखेर पूजा भए पनि खुवाउने दस्तुर छ । खाउँदा कहीं कहीं दाल–भात ; कहीं भने अचार, तरकारी पनि हुन्छ । सबै गुम्बामा यस्तै चलन रहेछ । त्यसैले भिक्षुहरूले खान नपाउ-

Downloaded from http://dhamma.digital

लान् भन्ने शंकै रहेनछ ।

## चीनको महातीर्थ

चीनको धेरै जसो ठाउँहरूमा घुमिसकें । स्यांहेबाट जहाजमा बसी उही 'अम्दु' साथी संग च्युछासां गएँ । स्यांहेबाट चार दिनमा च्युछासां पुगियो । दुइ दिन हिंड्नु पर्थ्यो । दुइ दिन जहाजमा जानु पर्दोरहेछ । हिंडेर गएको दुइ दिन मध्ये पहिलो दिन नांहे भन्ने ठाउँमा पुग्यौं । त्यहाँ 'छ्यासां' भन्ने एउटा गुम्बा रहेछ । त्यहाँ दर्शन गर्‍यौं । त्यहाँको बुद्ध-धर्म-संघको मूर्ति त्यहाँकै छाँटको रहेछ । गुम्बाको आयस्ता पनि निकै छ जस्तो देखिन्छ । भिक्षुहरू १०० जवान जति होलान् । त्यहाँ एक रात बसी भोलिपल्ट च्युछासां पुग्यौं ।

च्युछासां पुग्ना साथ खूब हिउँ पर्‍यो । पुगेको दिन देखि आठ, नौ दिन सम्म हिउँको कारणले बाहिर आउन नसक्ने हुनाले त्यहीं बस्नु पर्ने भयो । त्यहाँ बसुञ्जेल गुम्बाकै मानिसहरूले ख्वाइ राखे ।

त्यहाँबाट दुइ दिन हिंडेर गई एक रात जहाजमा बसि सकेपछि विहान एक ठाउँमा जहाज रोक्यो । त्यो ठाउँ कप (कयो) बनाउने देश रहेछ । कप, रिकापी, चियादान गिलास आदि नाना रङ्गका चीज, बस्तु लिइ बेच्न आउने निकै मानिसहरू जहाजमा उक्ले । नाइँ नाइँ भन्दा पनि किन्न लगाउँथे । नेपालमा लैजाऊँ भनेर ६,७ कम्पनीको किनेको त कप, ठूलो-सानो रिकापी, ठूलो गिलास, चियादान सबै गरेर एक टोकरी भयो । कलकत्तामा किन्नु परे ५०,६० रूपियाँको भन्दा बढी थियो ।

Downloaded from http://dhamma.digital

त्यहाँबाट गएर भोलिपल्ट विहान "फुथोसांमां" पुग्यौं। त्यो ठाउँको नाउँ 'ध्यचां' रे। त्यस गुम्बामा स्थापना गरिएका करूणामयलाई तल चिनियाँ भाषामा "क्वयसांफुसा" भन्थे। त्यहाँ चार दिन बसी त्यहाँबाट "वमिसां" भन्ने ठाउँमा गयौं।

बाटामा आउँदा एक ठाउँमा जहाज नआएकोले दुइ दिन पर्खनु पऱ्यो। जहाज आए पछि जहाजमा बसेर गयौं। दुइ दिन पछि एक ठाउँमा उत्रेर अर्को जहाजमा गएर बस्न जानु पर्थ्यो। जहाज बदले पछि भोलिपल्ट विहान जहाज समुद्रको किनारै किनारबाट लगे। हामी बसेर गएका जहाजको अगाडि पछाडि तोप भरी राखेका जङ्गी जहाज राखेका थिए। बीच वीचमा तोप पडकाउँदै पछ्याउँदै थिए। त्यसो किन गरेको भनी सोद्धा त्यहाँ जापानीहरू आउने ठूलो हल्ला भइरहेकोले सबै डराई घर घरमा बालुवा ओछ्याएर बोरामा पनि बालुवा भरी गढ बनाई राखेका रहेछन्। आज आउला कि भोलि आउला जस्तो भइ-रहेको थियो। त्यसैले डराउँदै यस्तो कुरा गर्दै तीन, चार घण्टा गइसकेपछि 'हंखु' भन्ने ठाउँमा पुग्यो। त्यहाँबाट उत्रेर एउटा रिक्सा लियौं। मसंग जाने साथीले त्यहाँ दुइ, तीन जना उसको देशका अम्दुहरूलाई भेट्यो। तिनीहरू पनि हामीसंगै आए।

अनि एउटा ठूलो गुम्बामा लगे। त्यहाँ तीर्थ घुम्न आएका भोटेहरू थुप्रै थिए। तिनीहरू त्यहाँ सधैं जाने गर्थे क्यारे। हामीलाई पनि त्यहीं लगे। त्यहाँ पुग्ना साथ सबै कुरा सोध्यो। कुरा सोधिसकेपछि त्यस मानिसले त्यहाँको मालिक कहाँ गएर भन्न गयो। धेरै बेर सम्म पनि केहीं खबर आएन। 'जाउँ, अन्त

Downloaded from http://dhamma.digital

गएर बसौं' भन्दा पनि पर्खाइ राखे। पछि हामीलाई बोलाए। भित्र गयौं। मालिक चाहिंले सोधे। मैले भौटे भाषाबाट भनें। मसंग आउनेहरूले चिनियाँ भाषाबाट भने। अनि खूब मिजास गरी एउटा कोठा खालि गरी दिए। हामी पाँचै जना त्यही कोठामा बस्यौं। खाने कुरो गुम्बा बाटै दिए।

गए, गएको ठाउँमा शहर खूब ठूलो राम्रा र गुम्बाहरू पनि खूब दर्जावाल पैसावाल रहेछन्। त्यहाँ पुगेको चार दिन पछि वर्षैपिच्छे गर्ने खूब ठूलो मङ्गल–कार्यको दिन रहेछ। त्यस मेलामा सबै साहु महाजन र दर्जावाल अफिसरहरूले बाजा, नाच वा अनेक प्रकारका झाँकीहरू बनाएर एक एकवटा ल्याउनु पर्दोरहेछ। हामी बसेको गुम्बाबाट पनि एउटा (झाँकी) लैजानु पर्थ्यो क्यारे। हामीलाई पनि त्यसैमा राखेर लगे। सबै लस्कर पैदल जानु पर्थ्यो। नेपालको छाउनी भन्दा डबल ठूलो एउटा मैदानमा हामीकहाँ श्रावण पूर्णिमामा नाचको गन्ती लिए जस्तै त्यस मेलामा आउनु पर्ने प्रत्येक नाच र झाँकीहरूको हाजिर लिए। बीचमा मञ्च बनाएर फौजले घेर्न लगाई सबै अफिसर-हरूले जाँच गरे। त्यहाँ हेर्न हामीलाई पनि लगे। बेलुका भयो। अबेर पनि भयो। थकाई पनि लाग्यो। एउटा साथी पठाई रिक्सा द्वारा मलाई गुम्बामा पुऱ्याइ दियो। अरूहरूको काम नसिद्धिएकोले बसिरहनु पऱ्यो। म गुम्बामा सुतिरहें। त्यो रातभरी नै मेलामा मानिस जम्मा भइरहेको थियो। भोलि पल्ट खाना खाएर बजार घुम्न बाहिर निस्कें। 'हंखू' भन्ने शहरमा पुगें। त्यो शहर मामुलि रहेनछ। साह्रै ठूलो रहेछ।

Downloaded from http://dhamma.digital

वीचमा एउटा नहर छ । वारीपारी दुइ देश । हंखू भन्ने ठाउँमा ठूल–ठूला कालेज, लाइब्रेरी पनि रहेछन् । त्यहाँ हेर्न जाँदा त्यतिका पुस्तकमा एउटा पनि हिन्दी पुस्तक देखिनं । त्यसैले मैले लिएर गएको 'मज्झिम निकाय' एउटा मेरो नाउँमा त्यहां राखि दिएँ । त्यहाँ निक्कै मैदान भएका ठाउँहरू पनि धेरै रहेछन् । पोखरी आदि पनि वनाइराखेका छन् । फेरि वोर्डिङ्ग स्कूल पनि रहेछ । होस्टेलमा विद्यार्थीहरू पाँच, छ सय जति होला । स्कूल पनि ठूलै रहेछ । त्यहाँ अफिसमा जाँदा त्यहाँका हेडमाष्टरले यसो भने 'नेपालको कोही बिद्यार्थी यहाँ पढ्न आउन–चाहन्छन् भने खवर पठाइ दिनू । यहां निशुल्क पढाइ दिन्छु । खान–पिनको वन्दोबस्त पनि यहीं हुन्छ ।" उसले मलाई त्यहाँको ठेगाना "हुंपे उथां . . . , दिएर पठाएको छ ।

हंखूमा ७, ८, दिन बस्यौं । सवै ठाउँमा लगेर देखाए । अनि वंमिसांया सिथ्वाँय् भन्ने ठाउँमा तीर्थ गर्न आएको हुँ भनेर मैले भनें । अनि उनीहरूले भने–'आजकल पानी घटेको छ । डुङ्गा चल्दैन । हिंडेर जान सकिन्न । निकै टाढा पर्छ ।" त्यसैले वंमिसांया भन्ने एक ठाउँमा जान सकिन । फेरि हंखूमा नै फर्केर आएँ ।

## स्वदेश तर्फ

जहाज द्वारा नान्किन फर्के । पहिले बसेको लोला गुम्वामा गएँ । त्यहाँ पहिले बसिरहेका सबै लामाहरू थिए । फुचींलामा पनि त्यहीं थिए ।

Downloaded from http://dhamma.digital

म पुग्ने बितिकै फुचींलामा फेरि अन्त चन्दाको लागि घुम्न गए । तीन, चार ठाउँमा जाँदा २,००० रूपियाँ जति उठाए । अनि उनले भुला (अदण्डि) जस्तो सुन्तला रंगको एक थान कपडा किनी तीन वटा चीवर सियेर दान दिए ।

फुचींलामाले 'फिल्तु'' भन्ने पहिले हामो कहाँ मोती बर्षदा अर्हतहरूको धातु भनी नेपालमा आउँदा किनेर सिसीमा राखेर लगेका रहेछन् । त्यही मोती जस्तो फिल्टुङ्ग बीस गेडा जति एउटा बत्तामा राखी लिएर गएको थिएँ । फुचींलामाको फिल्टुङ्ग त्यसको अगाडि त नक्कली देखियो । पहिले त मैले देखाइन । पछि देखाउंदा नान्‌किनको एक जना अफिसरले देख्यो । उसले फुचींलामा संग फरक देखिएको कारण सोध्यो । उसले "मलाई थाहा छैन" भन्यो । अनि मसंग भएको दुइ, तीन गेडा फिल्टुङ्ग मोती लिइ देऊ भनी फुचींलामालाई भनेछ क्यारे, उसले मलाई भन्न आयो –"एक हाकिमले तिमीसंग दुइ, तीन वटा फिल्टुं लिई देऊ" भन्यो । 'देऊ" मैले तीन गेडा जति झिकि दिएँ । त्यो देखेर सा-है खुशी भई त्यसको सट्टामा ४० कम्पनी जति दिए क्यारे मैले थाहा पाइन । फुचींलामाले ४० कम्पनी मध्ये २० कम्पनी मलाई दिए । २० कम्पनी मलाई थाहा नदिई आफैले लिएछन् तर तिमीलाई यति रूपियाँ दिई पठायो भनी २० कम्पनी मात्र दिए । पछि उसको मनमा के भयो कुन्नि रात भरी सुतेन । भोलि -पल्ट जलपान गरिरहंदा अपरझट भन्ते यो बीस रूपियाँ तपाईं ले लिएर मलाई फिर्ता दिनु होस, भनी रूपियाँ दिए । मैले लिएर उनैलाई दिएँ । त्यसो किन गरेको' भनो साद्धा ' त्यसै '

Downloaded from http://dhamma.digital

भने। दोहऱ्याई, तेह्ऱ्याइ सोधे पछि ‘ दान दिएर ल्याएको रूपियाँ तपाई जेठो भएकोले पहिले तपाईलाई दिए पछि मात्र मैले पाउँछु भने त्यही एउटा कुरोले गर्दा उक्त रूपियाँ मलाई दिएर पठाएकोमा ऊ अदिन्ना दान’ मा पर्छ भनेर मलाई एक पटक छुवाएर लोभी भई फीर्ता लिएको रहेछन्’ भने कुरो मैले बुझें। त्यो कुरो थाहा पाए पछि उनलाई दिइ राखेको पैसा सबै फिर्ता लिन मन लाग्यो।

एक दिन ‘तपाईलाई दिइराखेको रूपियाँ सबै दिनु होस्’ भन्ना साथ सार्है रिसाएर ‘ लौ, तिम्रो पैसा’ भनी रीसले फ्याँकी दिए। ‘त्यसरी रोस देखाए पछि पैसा लिंदैन होला भनी उनले विचार गरेका रहेछन। मैले चाहिं रूपियाँ दिनसाथ लिएर पोको पारी भित्र राखें। पछि त अनेक रङ्गका कुरा गर्न थाले। अनि मलाई तर्साउन ‘जाऊ तिमी मसित बस्नु पर्दैन’ भनी एक्कासी रिसाए।

पैसा भनेको कुरोमा सार्है लोभ लालच हुँदो रहेछ। तीन चार हजार चन्दा लिइ सकेको मान्छेले त्यति रूपियाँमा लोभ गरो आखिर नान्किंगमा बसुञ्जेल भिन्नै बस्नु पऱ्यो। फुचींला माले मलाई त्यसरी निकालेर पठाएको कारणले गर्दा त्यहाँ बस्ने सबै लामाहरू उनको ब्यवहार देखेर सार्है रिसाए। उनको त्यहाँ ठूलो वदनाम भयो। १५ दिन जति पछि फेरि खुसामत गर्न आए र भने कि ‘हिन्दुस्थान जाउँ।’ मलाई उसंग जान कति मन लागेन ‘तिमी मात्रै जाउ म अहिले आउँदिन’ भनी पठाएँ। मन भनेको कस्तो हुँदा रहेछ। ‘म संग नजाँदा एकलै कसरी

Downloaded from http://dhamma.digital

जाउँ' भन्ने विचार पनि आएन। उनी सरासर हिंडे।

पछि त्यहाँका लामाहरूले मलाई चाहिंदो मद्दत गरी राखे। एक जना ग्यारूंका लामाले 'हाम्रो ग्यारूं देशमा जाउँ। तपाईंलाई केही तकलिफ नहुने गरी सेवा गरी राखौंला' भने। एक महीना पछि भाग्यवशः पञ्चशीर्ष पर्वतमा बस्ने लामा बदली भई ल्हासा जाने भएकाले उनी ल्हासा जानको निमित्त नान्-किंगमा आए। मैले त्यो खबर थाहा पाए। म उनलाई भेट्न गएँ। 'अहो ! तपाईं त अझै यहीं हुनु हुँदोरहेछ भनी खुशी भए। मैले भने 'हो म 'च्यूछासां, 'फुथोसां', गएर 'वंमिस्वां' जान्छु। भनी हंखुं सम्म गएँ। पानी न भएकोले त्यहाँ जान सकिन। त्यसैले यहाँ बसिरहेछुँ। ल्हासा जान साथी भेटिएन।" उनले 'हुन्छ, हुन्छ संगै जाऊँ' भने। त्यति भने पछि मलाई फर्कन मन लाग्यो। अनि लोला गुम्बामा फर्कें।

'सबैलाई म नेपाल जाने भएँ' भनें। मसंग ८० कम्पनी मात्र थियो। तर त्यहांबाट आउन खाना खर्च र गाडी भाडा गरी करीब १५० रूपियाँ नभई नपुग्ने भयो। 'म जाने भन्ने' कुरा सबैले थाहापाएपछि अलि अलि रूपियाँ पनि प्राप्त भयो। ती ग्यारूं भन्ने अवतारी लामाले मलाई भने -' तिमोलाई नेपाल लैजान यहाँको के चीज चाहिन्छ।" 'अरू त मलाई चाहिंदैन अक्षर छाप्ने बाकस (लिथो) एउटा भएहुन्छ।' भन्दा 'हुन्छ म लिई दिन्छु' भने। 'कहिले जाने भनी सोधे। 'पर्सि, निकोर्सि होला' भनें।

भोलिपल्ट लामा र म ठूलो पसलमा गई एउटा लिथो,

Downloaded from http://dhamma.digital

चार वटा मसीको वट्टा, लेख्ने सामान, कागत आदि सवै किनि दिए ।'रूपियाँ मैले तिर्छु' भन्दा तिर्न लगाएन। कम्पनी ४५ जति लाग्यो । त्यहाँबाट उनको गुम्वामा आइपुग्दा 'अरू खर्च पनि चाहिन्छ कि' भनी सोधे । मैले शरमले 'अरू रूपियाँ मसंग छ भनेर लिइन ।

जहाजमा किनेर ल्याएको कप, रिकापी चियादान सबै लिएर आउन फन्फट जस्तो भएपछि त्यही गुम्वामा राखी दिएँ । त्यस गुम्वामा लेखापढी गर्ने मान्छेले 'भइ हाल्यो' भन्दा भन्दै पनि २० कम्पनी दियो । त्यहाँबाट विदा भई ल्हासा जाने लामा कहाँ आएँ । त्यहाँ दुइ दिन जति बस्दा ल्हासामा वकील भइरहेको 'कोता' भन्ने एक जना अफिसरले 'म नेपाल जाने भन्ने कुरा रिपुच्वेङाको लामाले भनेछ क्यारे 'उसकहाँ एकपटक आउनू ।'' भनेर भने । 'मैले घर थाहा छैन' भनेकोले एकजना साथी दियो । उसैसंग गएँ । उसले मेरो खवर सबै सोध्यो । खूब खुशी भयो । बाटो खर्च भनी २५ कम्पनी दियो ।

त्यहाँबाट फर्केर पैसा गनेर हेर्दा गाडी भाडा र पासपोर्ट लिन लाई पुग्यो, खाना खर्चलाई मात्र पुगेन । तर नपुगेको स्यांहेमा जे हुन्छ, हुन्छ भन्ने विचार गरें ।

भोलिपल्ट नान्किगबाट स्याँहेमा सर्कारी मानिसहरूसंग आएकाले गाडी भाडा लिएन । स्यांहे पुगेपछि अफिसमा जाँदा पहिले राखिछोडेको पैसा पनि दियो । त्यहाँ एउटा धनी अंग्रेजले चिनियाँ स्वास्नी राखेको रहेछ । बाल वच्चा कोही रहेनछन् । अंग्रेज पनि मरिसकेको रहेछ । घर, पसलको

Downloaded from http://dhamma.digital

बाहालबाटै धनी भइरहेकी त्यस चिनियाँ स्वास्नी मान्छेले कसो कसो थाहापाई मलाई तिनको घरमा बोलाएर लगिन् । तिनले भनिन्– 'म मर्ने बेला भयो। म बाहेक अरू कोही छैन । भारतमा रहेको बुद्धको चार तीर्थस्थलहरूमा एक एक वटा धर्मशाला बनाउने बिचार छ । लुम्बिनी एउटा नेपाल अधिराज्य भित्र पर्दछरे। त्यहाँ बिदेशीहरूलाई बनाउन दिदैनन् भन्ने कुरो सुन्दछु। त्यस कार्य एउटा तपाई मार्फत बनाउन पाए मेरो इच्छा पूर्ण हुनेछ ।" अनि हिन्दी भाषा जान्ने मान्छेसंग मैले भने– 'त्यहाँ गएर सोधपुछ गरेर मात्र तपाईलाई सही उत्तर दिउँला । तपाईले सान्है ठूलो कुरो मनमा राख्नु भएछ । तिनले भनिन्– 'यति मेरो काम गरि-दिनुहोस् । चाहिने जति रूपियाँ कलकत्ता बैंकबाट झिक्ने गरिदिउँला । जति सक्दो चाँडो काम सिध्याएर मर्न पाए हुन्थ्यो ।" 'म कलकत्तामा पुग्ने बित्तिकै सोधेर चिट्ठी पठाई दिउँला' भनें। "हवस्" भनी खूब खुशी भइन् । बाटो खर्च भनी १० कम्पनी दिइन् । मोटरबाट मलाई पुऱ्याउन पठाइन् ।

स्यांहेमा पाँच, छ दिन बसें । जहाज भाडा, पासपोर्ट, खाना खर्च डाक्टर खर्च आदि सबै गरी जम्मा १८०। रूपियाँ जति चाहिन्थ्यो । सबै पूर्ण भयो । सबै काम सिध्याएर जहाजमा बसें । सबै भोटेहरू र अम्दुहरू गरी यतातिर आउने जम्मा २० जवान मानिस साथमा थिए। स्यांहेबाट निस्कें ।

तीन दिनमा समुद्रमा जहाजको दायाँ बायाँ निस्फिक्रि तूफान आएकोले जहाज यताउति ढल्केर पल्टेला जस्तो भयो।

Downloaded from http://dhamma.digital

भित्र बस्ने मानिसहरू जहाज जसरी जसरी चल्थ्यो त्यसरी त्यसरी नै एका–एकातिर थुप्रिन पुग्थे । मालसामानको त कुरै छैन । फुट्ने पोखिने केही बाँको रहेकौ होइन । कसैको पोका उठे, कसैको घाउ भए । सबै डराए, हाहाकार मच्चियो । सबै तल्लो तल्लामा बस्न गए । त्यहाँ पनि उही गति । दुइ घण्टा जति पछि तूफान कम् भयो । मानिसहरू आ–आपना ठाउँमा बसे । तर माल सामानको बेठेगान थियो । त्यहाँबाट दुइ दिन आइसके पछि मात्र आ–आफ्नो सामान आ–आफू कहाँ जम्मा भए । त्यस्तो बिधि भए पनि अन्त लैजाने ठाउँ नभएकोले कुनै सामान केही हराएन ।

६ दिनपछि हङ्गकङ्ग पुगियो । हङ्गकङ्गबाट निस्केर जहाजमा बसें । सात दिन पछि जहाज सिङ्गापुर पुगे । त्यहाँ एक दिन मुकाम भयो । त्यहाँबाट ६ दिन पछि पेनाङ्ग पुगे । त्यहाँ पनि एक दिन बसी त्यहाँबाट चौथो दिनको बिहान गंगासागर पुगे । त्यहाँबाट आएर दिनको २, ३ बजे तिर कलकत्ता पुग्यो । हङ्गकङ्गबाट निस्के देखिन् कलकत्ता नपुगुन्जेल जहाजमा निकै ठाउँमा जाँच्न आइरहन्थे । एक किसिमले हेर्दा जहाजमा जाँच्न आइरहेको देख्दा साह्रै अबिश्वासका मानिसहरू मात्र बसेर आएको जस्तो लाग्छ । हेर्नु पर्ने ठाउँ जति सबै ओल्टाई पल्टाई गरी हेरेर जान्थे ।

कलकत्तामा रामजीदास जेतियालेन (बडा बजार) सम्म जति मोटरबाट आएँ । त्यहाँ आइपुग्दा १० कम्पनीले नपुगेर सापटी लिएको थिएँ । त्यहाँ पुग्नासाथ दाजुले

Downloaded from http://dhamma.digital

तिरिदिए। कलकत्तामा एक हप्ता जति बसेर स्यांहेको "धर्म-शाला वनाउँछु" भनेकी उपासिकालाई सुंदिला भन्ने एक जना चिनियाँलाई चिट्ठी लेखाइ एक पत्र पठाइ दिएँ। पत्रको जवाफ आउन नपाउँदै चीनको बाटो बन्द भयो। एक महीना जति पछि 'स्यांहेमा जापानले हमला गऱ्यो' भन्ने हल्ला आयो। अनि चिट्ठी पत्र केही आएन।

## पछिल्लो कुरो
### (१) नेपाल

कलकत्तामा सात दिन बसेर नेपाल आएँ। अनि उही किण्डोलमा बसें। बैशाख पूर्णिमा नजिकै थियो। चीनबाट ल्याएका नयाँ तसवीरहरू सबै दर्शाई विहारमा बुद्ध जयन्ति मनाएँ। नेपाल अधिराज्यका धेरै बौद्धहरू हेर्न आए। त्यस बेला देखि कहीं कहीं काठमाण्डौंका टोल टोलमा बुद्ध जयन्ति मनाउन थाले। पाटनमा पनि बुद्ध जयन्तिको महत्व बढदै आयो। पहिले पनि एक चोटी पाटनको धर्मादित्य धर्माचार्यज्यूले बैशाख पूर्णिमामा बुद्ध जयन्ति मनाउने प्रथा चलाएका थिए। तर पछि अलि खुकुलो भएर गयो। आजकल कान्तिपुर ललितपुर र अरू ठाउँमा पनि वर्षै पिछे बुद्ध जयन्ति मनाउने भए।

किण्डोल विहारमा एक, दुइ जना भिक्षुहरू र अनागारिका-हरू देखापर्न थाले। एकपल्ट मलाई दुई, तीन महीना एकान्तमा बस्ने इच्छा ममा उत्पन्न भएकोले बज्रयोगिनीको

Downloded from http://dhamma.digital

माथितिर 'मणिचूड दहमा' बस्न गएँ। महाबौद्धको जुमां साहुको छोरो पूर्णमानले म त्यहां बसेको थाहा पाई ४, ५ दिन म कहाँ बस्न आयो। त्यहाँ उसंग केही धर्म सम्बन्धी छलफल भयो। दुःख सुखको कुरो गरें। चीन भ्रमणको विषयमा पनि बताएँ। पछि उसको बाबुले उसलाई खोज्यो। त्यता पनि खोज्न आउने भएकोले ऊ सांखुमा आउँदा बाटैमा भेट भयो क्यारे। पछि ऊ आफ्नो घर गयो रे। म पनि मणिचूड दहँमा मन लागुञ्जेल बसिसके पछि किण्डोल विहारमा आएर बसें। एक दिन उही पूर्णमानले एक सिङमाङ घ्यू लिएर आए। दुइ चारवटा कुरा गरेर गयो। १५ दिन जति पछि फेरि आयो र भन्यो– 'भन्ते, म एउटा कुरो भन्छु। तपाईले गरिदिनु भए भए हुन्थ्यो।" मैले 'के गर्ने ?" भनेर सोद्धा उसले भन्यो– 'अरू कुरो होइन मेरी जुमा स्वर्गीय हुनु भन्दा पहिले उहाँको 'अलि रूपियाँको केही धर्म गरिदिए हुन्थ्यो कि भन्यो। र भने अनि के धर्म गरौं' भनेर सोध्यो। 'तिमीहरूको के गर्ने बिचार छ' भनी सोद्धा 'खोइ, के गरौं, के गरौं' भन्यो। धेरै बेर पछि उसले भन्यो– "मञ्जूश्रीको अगाडि ढलोटको चैत्य ऐउटा स्थापना गरे कसो होला ?" त्यस कुरामा मैले भनें "ढलोटको चैत्य वनाएर राख्नु त चोरहरूलाई दिनु जस्तै हुन्छ। चोरले चोरेर लग्यो भने फेरि बनाएर राख्न सकिन्छ ? त्यसैले यो काम ठीक होला जस्तो लाग्दैन। आज भोलि ढुङ्गाको चैत्य त लगि-रहेका छन्। हामीले देखेकै छौं। ढलोटको चैत्य कुन कहाँ बाँकी राख्ला र ?" मेरो कुरा उसले सुनेर 'हुन त हो, त्यसो

Downloded from http://dhamma.digital

भए के गरूँ भन्ते', भनो सोध्यो। मैले 'यसो गर्नु त्यसो गर्नु' पनि भन्न सकिन। कुरो त्यसै अधुरै रह्यो। ऊ फर्केर गयो। एक महीना जति पछि ३००। रूपियाँ पनि लिएर आयो। 'लौ भन्ते, यो रूपियाँ तपाईले हेरेर धर्म गरिदिनुस्। पैसा छोडेर गयो। 'अब यो पैसाको मैले के गरूँ' भनो विचार गरेँ। पछि यस्तो मनमा लाग्यो– 'किण्डोल विहारमा भिक्षुहरू र अनागारिकाहरू दुबै संगै बस्नु राम्रो छैन। त्यसैले यही पैसाबाट अनागारिकाहरूलाई एउटा ठाउँ बनाइदिन पाए दिनेलाई पनि ठूलो पूण्य हुन्छ, आफूलाई पनि केही सुविस्ता हुन्छ।

यही बिचार गरी पूर्णमानलाई बोलाएर भने– "तपाईको यस पैसाबाट अनागारिकाहरू बस्ने एउटा स्थान बनाई दिनु भए ठूलो पुण्य हुने थियो। यो कीर्ति कसैले चोरेर लैजान सक्तैन। यही धर्म गरे हुँदैन र ? यसमा अलि अलि नपुगे थप्नु पर्ला। मेरो विचारमा त अनागारिकाहरूलाई बस्ने ठाउँ बनाई दिनु बेश जस्तो लाग्छ।" मेरो कुरामा ऊ सहमत भयो र भन्यो– "हुन्छ, तपाईले हेरेर कसो गर्नु पर्छ त्यसो गर्नु होस। अरू पैसा चाहिएमा विचार गरूँला।" भनी ऊ गयो। अनि मैले यस विषयमा विचार गरी किण्डोल विहारको तलतिर जोगबीरसिंह साहुकी आमा बसिरहेको बगैंचा एउटा पर्खालले घेरिएको छ। त्यही जग्गा लिन पाए राम्रो होला भन्ने विचारले त्यस विषयमा सोधपुछ गर्दा जग्गा अरूहरूको नै भएकोले तहतह काम गर्नु पर्ने झनझट देखिएर त्यो काम नहुने

Downloaded from http://dhamma.digital

निश्चय भयो । अनि पूर्णमानलाई बोलाएर "त्यो काम नहुने भयो, तपाईको पैसा लैजानु होस ।" भनी ३००। रूपियां अगाडि राखी दिएँ। उसले 'अब ल्याइसकेको पैसा कह फर्काएर लैजानु। तपाईलाई मन लागेको गर्नु होस" भनी पैसा फिर्ता लगेन। पैसा 'के गरूँ", के गरूँ" भइरह्यो। पछि पञ्च-शीर्ष पर्बतमा पाँच महीना बस्दाखेरी "अनुत्तर विजय गुरू-मण्डल" मन्ने पुस्तक एउटा नेपाल भाषाबाट भावार्थको रूपमा लेखेर ल्याएको थिएँ। यो पैसाको यही पुस्तक छाप्नु पऱ्यो कि' भन्ने विचारले पूर्णमानसंग सोधें। उसले 'तपाईले हेरेर जे मन लाग्छ गर्नु होस' भनी फर्क्यो। अनि म त्यसै कामको निमित्त सारनाथ गई किताव छाप्ने विषयमा बनारस तिर बुझ्न गएँ।

## (२) पुस्तक छपाई कार्यमा

बनारसको धेरै जसो प्रेसले नेपाल भाषा (नेवारी) नजानेकाले यो पुस्तक छापिदिन मञ्जूर गरेनन्। बल्लतल्ल इण्डियन प्रेसमा जाँदा त्यस प्रेसवालाले "हुन्छ हामीले छापी दिउँला" भने। त्यहाँ कुरो सुरो मिलाई किताब प्रेसमा दिएर आइँ। नेपाल भाषा कहिल्यैं नछापेको र भाषा नजानेकोले साह्रै अशुद्ध गरी कम्पोज गरिदिए। अक्षरको मात्रा पनि यताउति राख्नु भन्ने केही थाहा रहेनछ । भाषा नजानेकोले पूर्ण गरो जाँच्न जान्दैनथे । मैले पनि प्रेसको काम कहिल्यै गरेको थिएन। कहिले छपाएको पनि थिएन । प्रूफ चिन्ह पनि राख्न जाँदैनथें । फेरि आफैले लेखेको किताव भएका हुनाले गल्तो भएको जा

Downloaded from http://dhamma.digital

दोऱ्याएर हेरे पनि थाहा नपाउने । अरू कोही मद्दत गर्ने पनि थिएनन् । जाने पनि नजाने पनि खूब कोशिश गरें । कम्पोज गर्नेहरू साऱ्है दिक्दार भए । तर तिनीहरूलाई अहिले अलिकति गाऱ्हो भए पनि "नेपाल भाषाको ख्वील जाने पछि "तपाईहरू-लाई धेरै काम हुन्छ । यो काम एउटा तपाईहरू मार्फत सिध्याउन पाए नेपाल भाषाको अरू सबै काम यही प्रेसमा आउँछ । अन्त जाँदैन भनी प्रेस मेनेजर र कम्पोजिटरहरू-लाई राम्रो संग बुझाइ दिएँ ।" कम्पोजिटरहरूलाई एक दुइ रूपियाँ बक्स दिंदै दिक्क नहुने गरी काम गराएँ । त्यस बखत ममा अल्छीपन छँदै थिएन । म सारनाथमा बस्थें । सारनाथ देखि बनारस सम्म जतिखेर जान परे पनि हिंडेरै जान्थें र बल्ल तल्ल प्रूफ हेर्न सिध्याएँ । छाप्न हुने भए पछि 'छापे हुन्छ' भनी कागत लेखाई मेरा सही लिए । यसो किन गरेको भनी सोधें । "नेपाल भाषा भनेको हामीलाई थाहा छैन । कहिले छापेको पनि छैन । केही भएर हामीलाई अपजस आइपरे यही सहीछाप देखाउनु पर्छ" भने । मलाई पनि अलि शङ्का लाग्यो । छापिसके पछि केही हुन्छ कि । फेरि 'जे हुन्छ' 'हुन्छ' भन्ने निश्चय गरी भने भनेको ठाउँमा सही गरी दिएँ । अनि मात्र प्रेसवालाले मेशिनमा छाप्न दिए ।

त्यसबेला त्यस कारखानाले नयाँ काम भएकोले मसंग लेखापढी गरी लिएको रहेछ । छपाई काम सिध्याई एक हजार किताव लिएर कुशीनगर आएँ । अरू सबै किताब त्यहाँ दरा-जमा राखी दुइ, तीन सय किताब लिएर नेपाल आएँ । चिसा-

Downloaded from http://dhamma.digital

पानी गढीमा खोलेर हेरे । नेपाल भाषाको धर्म सम्बन्धी पुस्तक भनी छोडे । भोलिपल्ट किण्डोल विहारमा आइपुगें । किताव देखेर सबै खुशी भए । उसले एउटा उसले एउटा गरी लिन थाले । आठ, दश दिनभित्र धेरै किताब बिक्यो । यो पुस्तक सबै ठाउँमा प्रचार भयो । पछि एउटै पनि बाकी रहेन । भाग नपुगेका आएर कराउन आउँथे । कमलाछी टोलका एकजना किसानले 'भन्ते, त्यो किताब हामीलाई नभई भएन' भनी साह्रै कराउन आयो । त्यसो भए 'तिमीहरू गएर लिएर आउनू. बाटा खर्च म दिएर पठाउँछु' भनें । 'हुन्छ भन्ने, हामी गएर लिएर आउँला' भनो 'हारां' भन्ने (आजकाल भिक्षु महापन्थ) र अर्को एकजना साथी लिई कुशीनगर गएर दुइजनाले किताव धोक्रोमा राखेर ल्याए । गढीमा आइपुग्दा हाकिमले धेरै किताव देखी त्यहाँ नखोलिकन पूर्जी लेखी भंसारमा पठाए । भंसारमा लगेर खोल्न लगाएर ल्याए ।

एक वर्षभित्र किताब आधि जति बिकेपछि केही रूपियां पनि जम्मा भयो । पहिले म श्रामणेर छंदा चन्द्रमणी गुरुजोसंग छ महीना जति कुशीनगरमा बस्दाखेरि बुद्धचर्या हेरी 'बुद्धगुण' भन्ने एउटा पुस्तक लेखी राखेको थिएँ । स्तोत्र र गीत संकलन गरी 'ज्ञानमाला' भन्ने नाउँ राखेको एउटा सानो पुस्तक पनि थियो । 'ईश्वर म्हसीकि', 'प्रज्ञा दर्शन', 'सतिपट्ठान' भन्ने पुस्तक-हरू पनि लेखी राखेको थिएँ । फेरि कर्मशील भन्तेले 'परित्राण पाठ' गर्ने एउटा किताव पनि लेख्नु भएको थियो । यी सबै किताब बेला बेलामा बनारस गई छपाएर ल्याउन थालें । पछि

Downloaded from http://dhamma.digital

त प्रेसले नेपाल भाषाको किताब छाप्न दिक्क मानेन। अलि बुझिसकेकोले राम्रोसंग छापी दियो। त्यस बेला कागज सार्है सस्तो, छपाई दर एक फर्माको ७, ८ रूपियाँ मात्र थियो। कागजको मोल डबल क्राउनको रीमको ७, ८, रूपियाँ मात्र पर्दथ्यो। त्यस बेलादेखि नेपाल भाषाका किताव निस्कन थालेका हुन्। त्यसभन्दा पहिले कलकत्तामा धर्माचार्यले नेपाल भाषाको 'बुद्धधर्म र नेपाल भाषा' भन्ने पत्रिका छापेका थिए। **तर के** गर्नु। त्यस बखत वहाँलाई कसैले राम्रोसंग मद्दत नदिएकोले त्यो चल्न सकेन। नत्र त्यसबेलादेखि नै नेपाल भाषाका किताब-हरू निस्कन थाल्थे होलान्।

सालैपिच्छे चार, पाँच वर्षसम्म यही काममा लागें। अनि यो कार्यको अभिभारा आयुष्मान अमृतानन्दले लिए। किताव बिक्री गर्ने विषयमा कसैले मद्दत दिएन। केवल किण्डोल विहार एउटैले मात्र गरि रह्यो।

## (३) आनन्दकुटीको शिलान्यास

किण्डोल विहारमा आइमाई र लोग्नेमान्छेहरू संगसंगै बस्नु पर्थ्यो। अनि अनेक किसिमका कुरा हुन्थे। अनेक प्रकारका निन्दा पनि हुन्थे। कहिले काहीं त्यस विहारमा बस्न पनि मन लाग्दैनथ्यो। के गरूँ ? कहीं बस्न जाने ठाउँ पनि थिएन। मनलागे पनि नलागे पनि त्यहीं बस्नु पर्थ्यो। कहिले काहीं बाघद्वार मणिचूडमा गएर बस्थें। त्यसो हुँदा हुँदै किण्डोल विहारमा दिक्क हुन्थें र एक, दुइ पल्ट स्वयम्भू डाँडा (ग:चा) घुम्न जाँदा चिसो कुवा (ख्वाउँ बुँगा) निर आइपुग्दा त्यहाँबाट

Downloded from http://dhamma.digital

माथितिर लागी अलि वाक्ला रूखहरू भएको एउटा सानो मैदान (आजकलको आनन्दकुटी निर) मा गएर आफ्नो मनस्थितिलाई आफैले विचार गर्थें। आफूमा आएको दिक्कत-पन विस्तार विस्तारै हराउँदै जान्थ्यो। त्यहाँ आएर बसुञ्जेल साह्रै आनन्द अनुभव हुन्थ्यो। त्यसैले निकै बेर सम्म पनि त्यहाँ बस्ने गर्थे। यसो हुँदा हुँदै मलाई त्यहाँ वरावर गएर बस्न मन लाग्ने अमल जस्तै हुन थाले। पछि मलाई यस्तो मनमा लाग्यो कि 'यस वर्षको वर्षावास यही जंगलमा गर्नु पऱ्यो। त्यसै वेला वनपालेलाई भनें– 'यहाँ एउटा सानो 'राम झोपडी' वनाउन होला ? उसले भन्यो– 'साधु सन्तहरूका निमित्त बनाए हुन्छ। मैले भनें– "त्यसो भए यहाँ निर एउटा ढोका र एउटा हाफ झ्याल राखेर सानो कुप्रै बनाइ दिए म यहाँ आएर सुत्न आउँछु। यहाँ मलाई खूब आनन्द लाग्छ।" उसले 'हुन्छ बनाई दिन्छु' भन्यो। 'पैसा कति लाग्छ' भनी सोद्धा '२०, २५, ३० रूपियाँ जति लाग्छ होला' भन्या। वर्षा-वास नजिक आइसकेको थियो। त्यसैले चाँडै तयार गर्न सकिएला' भनी सोधें। उसले भन्यो 'भनेको बेलामा तयार गरी दिउँला। गाउँलेहरू सबै वटुलेर ल्याउँदा तुरन्तै सिद्धिइ हाल्छनि। ढुङ्गा यहीं पाइन्छ' माटो यहीं छ। झ्याल र ढोका त्यति बनाउन दिनू, अरू भनेको बेलामा तयार गरी दिन्छु।" अनि २८। रूपियाँमा जमान गरी अघि जति दाम दिई पठाएँ। भोलिपल्टै ढुङ्गा ओसारे। चार, पाँच दिनमा त जग खनेर बनाउन शुरू गरे। उनीहरूले बनाउँदै गरे, मैले पैसा दिंदै

Downloaded from http://dhamma.digital

गरें । चार खण्डमा तीन खण्ड जति बनाइसके पछि 'भन्ने' नोक्सान पर्‍यो । यो त त्यति रूपियाँले नसिद्धिने भयो । हामी दिन दिनै कामको भरमा खानु पर्ने । के गरौं, नसकिने भयो । ज्यामी नै ल्याउन सकेनौं भर्ना बनाउन छोडे । के गर्नु ! 'लौ, लौ, बनाई मात्र सिद्धयाउनु । तिमीहरूलाई नोक्सान हुन दिने छैन' भनेर फेरि बनाउन लगाएँ । सबै बनाई सिध्याउँदा ६०, ७० रूपियाँ जति लाग्यो । चिसो हुँदा हुँदै पनि बर्षावास त्यसैमा बसें । भित्ता (गाऱ्हो) मा लगाएकी लिउन नसुक्दै बस्न जानु पर्‍यो । पछि भित्ताको चारै तिर सुकुल टाँगेर बेला बखतमा घाममा सुकाई सुकाई बर्षावासको अधिष्ठान गर्न थालें । अरू आयुष्मान अमृतानन्द, शाक्यानन्दहरू सबै किण्डोल विहारमा नै बसे । म एकजना मात्रै त्यहाँ जंगलमा सुत्न जाने गर्थे । एक महीना पछि दिउँसो म नभएको मौका पारी चोरहरूले ताल्चा फोरेर ओड्ने ओछ्याउने सबै चोरी लगेछन् । फेरि अर्को ल्याएर सुतें । त्यो पनि त्यस्तै गरी दिउँसो कोही नहुने हुनाले चोरेर लगे । दुइ पल्ट चोरेर लगे पछि 'अब भएन' भनी परालको ओड्ने, ओछ्याउने, तकिया बनाई बर्षावास कटाएँ ।

बर्षावास सिध्याए पछि पनि त्यहीं सुत्न गइरहें । बर्षावास पछि आयुष्मान अमृतानन्दलाई कार्तिक महीना भरी स्वयम्भू पर्बस्थानमा विसन्तर जातक ब्याख्यान गर्न लगाएँ । म त्यही कुप्रीमा सुतेर बिहान सबेरै उठी पर्बस्थानमा गई सुकुल ओछ्याउने वन्दोवस्त गर्थें । किण्डोल विहारबाट सबै भिक्षु, अनागारिकाहरू बेलैमा आएर ब्याख्यान सुन्न आउँथे । कार्तिक

Downloaded from http://dhamma.digital

महीना भर विसन्तर जातक कथा भनेकोले कान्तिपुर, ललित-पुरका निकै मानिसहरू स्वयम्भूमा आई व्याख्यान सुनेर जान्थे। अमृतानन्दको व्याख्यान शैली राम्रो भएकोले श्रोतावर्ग दिन दिनै बढन थालेर पर्बस्थान भरी भए। व्याख्यान गरेको सबैलाई चित्त बुझेकोले 'अमृतानन्दजी साँचै व्याख्यान गर्ने रहेछन्' भन्ने प्रभाव पर्‍यो। शुद्ध बुद्ध–धर्म प्रति सबैको श्रद्धा, गौरव बढ्यो। स्वयम्भू दर्शन गर्न आउने भक्तजनहरू व्याख्यान सुन्न नभ्याइएला भनी जति सक्दो चाँडै स्वयम्भू स्थान आइपुग्थे। कार्तिक सार्‍है रमाइलो महीना भएकोले सुबिस्ता पूर्वक जति सुने पनि सुनौं सुनौं लाग्ने विसन्तर जातक पूर्णिमाको दिन समाप्त भयो। त्यही दिन नेपालमा कहिल्यै हेर्न नपाएको श्रीलङ्कामा जस्तै भव्य रूपले मण्डप बनाई सबै भिक्षुहरू बसी रातभरी महा-परित्राण पाठ भयो। भोलिपल्ट महापरित्राण पाठ सिध्याए पछि सबैलाई जल, सूत्र–धागो प्रशाद वितरण गरियो। त्यस पूर्णिमाको रात महापरित्राण भइरहेको बेला पर्बस्थान भरी झल्झलाकार संग विजुली बत्ती झल्किएको थियो। रातभरी वस्ने मानिसहरू पनि थुप्रै थिए। भोलिपल्ट व्याख्यान सिद्धिने दिन सबै भिक्षु अनागारिकाहरू र उपासक–उपासिकाहरू बसी वडो धूमधाम पूर्वक स्वयम्भूमा बुद्ध–पूजा गरे। बुद्ध–पूजा सिध्याएपछि किण्डोल विहार गयौं। त्यहाँ सबै उपासक–उपा-सिकाहरूले भिक्षु, अनागारिकाहरूलाई निकै दान–प्रदान गरी आ–आफ्ना घर फर्के। त्यस बेलादेखि शुद्ध बुद्ध–धर्ममा गौरव वढ्दै आयो। फेरि पनि कुम्रोको खापा चोरियो। तैपनि त्यहाँ

Downloaded from http://dhamma.digital

बस्दा मलाई आनन्द अनुभव हुन्थ्यो। ३,४ बज्योकि त्यहाँ एउटा रूख मुन्तिर एउटा आसन बनाई न्यानो गरी बस्थें। एक दिन द्वारिका, पूर्णमान आदि उपासकहरू ७,८ जना आई ज्ञान गुणको कुरो गर्दा गर्दै अबेला भयो। पानी निकै बर्ष्यो। बाहिर बस्ने ठाउँ नभएकोले त्यही झुप्रोमा मुस्किलले अटाउने गर्‍यौं। केही छलफल भइसके पछि तोप चल्ने बेला भयो। त्यहाँ बस्ने ठाउँ पनि थिएन। त्यसैले पानीले रूझेर पनि उहाँहरू फर्कनु भयो। फर्कंदा बाटामा उहाँहरूको के के कुरा भयो कुन्नि। दुइ तीन दिनपछि आउनु भई 'भन्ते, यहाँ अर्को एउटा घर बनाउन होला ?' भनी सोधे। 'हुन्छ, होला। पालेसंग सोध्नु होस्' भनें। पाले पनि के, घर बनाई दिने त हो। त्यसैले पालेलाई काम दिए। ढुङ्गा पनि मुन्तिर नै प्रशस्तै थिए जुन पहिले सुन खानी भनी ढुङ्गा फोर्न लगाई सुन झिक्दा खर्च अनुसारको सुन ननिस्केकोले त्यसै परिराखेका थिए। त्यही ढुङ्गा लिए। त्यही पालेले पहिलेको झुप्री संगै अर्को एउटा घर बनाई दियो। द्वारिका, पूर्णमान साहुहरू सबै मिली बनाइरहेको घर झण्डै सिद्धिन लागेको थियो। त्यही ताका म एकदिन एकलै रूख मुन्तिर बसिरहेको बेला क्षेत्रपाटीको बादली नानी त्यहाँ आइ-पुगिन्। दुई, चार कुरा गरी सिद्धिए पछि तिनले 'भन्ते, म एउटा कुरो सोध्छु मान्नु हुन्छ ?' भनिन्। मैले भनें 'तिमीले के के भन्छ्यौ, के के हुने भए 'हुन्छ' नहुने भए 'हुँदैन' भनुँला।' अनि तिनले 'नहोला जस्तो त लाग्दैन' भनिन्। 'हुने भए भन त। के कुरो रहेछ' भनी मैले भनें। तिनले भनिन्– "अरू

Downloaded from http://dhamma.digital

होइन भन्ते, तपाईंको त्यो सानो छाप्रो अहिले साहूहरूले वनाइ-रहेको घर जस्तै वनाई दिउँला । यो काम एउटा मलाई गर्न दिनु होस ।" मैले भनें "भो, पर्दैन । सानो भए पनि हुन्छ । ठूलो भयो कि टन्ता बढछ । के काम चाहिंदैन ।" 'भन्ते, त्यति त म गर्छु, गर्छु ।" भनिन् । दुइ, तीन पटक 'पर्दैन, चाहिंदैन' भन्दा पनि मानिनन् । 'त्यसो भए तिमीले हेरेर' भनें । आठ, दश दिन पछि २००। रूपियाँ लिएर आइन् । "ढुङ्गा किन्नु होस ।" भनी रूपियाँ छोडेर गईन् । त्यही रूपियाँबाट ढुङ्गा ओसार्न लगाई काम शुरू गरे । द्वारिका, पूर्णमान, भक्त लाल आदि भक्तजनहरू सबै मिलेर अरूहरूसंग केही चन्दा लिए । कामको शुरू मात्र भएको बेला वर्षाद शुरू भयो । वर्षादमा ढुङ्गाको घर वनाउन सार्है मुश्किल हुन्छ । कतिपल्ट बनाइ-सकेको भत्केर आयो । तैपनि सबै उपासकहरूले दिक्क नमानी खूब मेहनत गरी वल्लतल्ल सिध्याए । परालको छानाले छाएर वस्न हुने गरि दिए । अनि किण्डोल विहार छोडेर त्यहीं वस्न आएँ ।

फाल्गुण महीनाको शिवरात्रिमा चन्द्रमणि गुरूजीलाई लिएर आयुष्मान अमृतानन्द नेपाल आए । आनन्दकुटीमा नै वसें । एक दिन गुरूजीलाई भनें 'यहाँ विहान–बेलुका वन्दना गर्ने एउटा मन्दिर वनाउने विचार छ । मलाई भगवान बुद्धको मूर्ति एउटा भए हुन्थ्यो ।" गुरूजीले भन्नु भयो– "मन्दिर वनाउने पक्का हो ? मन्दिर वनाउने भए कुशीनगरको धर्मशालामा रहेका दुइवटा सेतो सिंहमर्मरको मूर्ति मध्ये तिमीलाई मनपरेको एउटा

Downloded from http://dhamma.digital

दिउँला।" त्यसो भए निश्चय पनि 'मन्दिर बनाउँछु' भनें। गुरूजीले भन्नु भयो 'मन्दिर बनाउने निश्चय भए बुद्ध मूर्ति दिने पनि निश्चय भयो।" गुरूजी एक महीना जस्ता बस्नु भई नेपालको दर्शनीय स्थल हेर्नु भई फर्कनु भयो । अनि तीन,चार महीना पछि ज्ञान माला किताब २,०००/ छापेर ल्याएको रूपियाँ र अरू चन्दा सबैसंग लिएँ। अनागारिका बिशाखाले काठमाण्डौंको एउटा पसल बुद्ध शासनलाई दान गरेकी थिइन्। त्यही पसलबाट उठेको २,६००/ रूपियाँ मध्ये ६००/ रूपियाँ आनन्दकुटीको मन्दिर बनाउँदा खर्च भयो। बांकी रहेको २,०००/ रूपियाँ म नेपाल पर्किसकेपछि आनन्दकुटीमा पहिले खर्च गरिराखेको ९००/ रूपियाँ तिरेर बाँकी ११००/ रूपियाँ मन्दिरमा छाना राख्दा खर्च भयो। मन्दिर सिद्धिन लागे पछि म कुशीनगरबाट बुद्ध–मूर्ति भिमफेदी ल्याइपुर्‍याएँ। अचानक नेपालबाट आउनेहरूले 'भिक्षुहरूलाई सर्कारले समातेर लगी राखेका छन।तपाई जानु नभए हुन्छ' भने ।'के कुरामा यसो गरेको' भनी सोद्धाकसैले पनि 'यसरी' भनेर भन्न सकेनन्। तिनीहरूलाई थाहा पनि थिएन। तर मलाई तुरन्तै नेपाल (काठमाडौं) पुग्न मन लाग्यो। बुद्ध–मूर्ति काठमाडौं ल्याउन भरीयाहरू मिलाएर बोक्ने सामान सबै तयार गराई नाइकेलाई भरीया ज्याला समेत दिईसकेको थिएँ। त्यस्तो नेपालको खबर सुन्ने बित्तिकै मूर्ति ल्याउने काम त्यसै छोडेर भोलिपल्ट बिहानै उठी काठमाडौंको बलम्बूमा आइपुगें। एक रात त्यहाँ बसी आनन्दकुटीमा खबर पठाएँ। भोलिपल्ट आनन्द-

Downloaded from http://dhamma.digital

कुटी गएँ। 'त्यही दिन राजा कहाँ लैजाने रे'' भन्ने। राम्रोसंग केही कुरा बुझेको थिएन : विहान सलामीमा सिंहदर्वारमा लगे। म पनि गएँ। अनागारिकाहरूलाई एक लाइन, बनाएर राखे। अनि हजूरियाजर्नेल बहादुर शम्सेरलाई सलामी दिए। अनि भिक्षुहरूको बिषयमा 'म एक जना आइपुगें' भनी बिन्ति गर्ना साथ "यिनीहरूको वर्षावासमा यताउति जान हुँदो रहेछ।" भनी मर्जि भयो। फेरि "यिनीहरूले भनुको कुरा नमान्ने भएपछि चिसापानी गढी कटाई पठाइदिनू, आईमाई वर्षावास पछि" भनी मर्जि भयो। पश्च भिक्षु एक जनालाई भने "जेलखानामा पठाइ दिनू। जबतक हुकुम हुँदैन तबतक राखी छोडनू" भनी मर्जि भयो। मैले त राजाले नै हुकुम दिएको भन्ठानेको पछि मात्र त्यसो भनी थाहा पाएं।

सिंहदर्वारबाट वाहिर निस्की किण्डोल बिहारमा आएँ। जनै पछि एक एकजना पुलिस साथमा लागे। खाना खान सिध्याए पछि भरीया खोजेर गुन्टा बोकाई पठायौं। हामी सबैलाई थाना गोस्वरमा लगे। त्यहाँबाट पुरानो भंसारको कोटवाली अड्डामा पुर्जी दिएर पठाए। त्यहाँ गयौं। त्यहाँवाट असन भोटाहिटी चपरासी अड्डामा बुझाइ दिए। चपरासी अड्डाबाट चिसापानी गढी सम्म बुझाएर आउन एक जना सिपाहीलाई एक एक जना दिई पठाए।

सम्बत २००० साल श्रावण शुक्ल १० (दशमी) को दिन नेपालबाट (काठमाण्डौ) वाहिर निस्क्यौं। बाटामा हामीलाई हेर्न आउने मानिसहरू थुप्रै थिए। कसैले के भने, कसैले के।

Downloaded from http://dhamma.digital

जसले जे भने पनि मनमा केही बिस्मात भएन । कसैको अनुहार अँध्यारो थिएन । उपासक, उपासिकाहरू सबै कालिमाटी आएर बसेका थिए । हामी कालिमाटी पुगेपछि उपासकहरूले एउटा मोटर बन्दोबस्त गरी थानकोट सम्म पुऱ्याउन आए । थानकोटबाट तिनीहरू फर्के । एक रात थानकोटमा बसेर भोलिपल्ट बिहान सबेरै चन्द्रागिरीको उकालो उकल्नु पऱ्यो । मेरो खुट्टा दुखेकोले एकजना भरीया बाटैमा बन्दोबस्त गरी डोकोमा बोकाएर छ्युम ओडी सिमसिमे पानीमा गइरहँदा आधि उकालोमा पुग्दा मजिपाटको कुन्जबहादुर उपासक दौडेर हामीलाई भेट्टाउन आयो । हामी गइरहेको देखी बिरह थाम्न नसकी हिक्का छोड्दै उनी रोएकोले मेरो गला पनि फुलेर आयो । मलाई पनि केही बिरह लाग्यो । तैपनि सकेसम्म धैर्य लिई उसलाई सान्त्वना दिएँ । दुई, चार वटा कुरा गरी सकेपछि सबैसंग विदाबादी भई उनी त्यहींबाट फर्के । हामी सबै माथितिर लाग्यौं । भाञ्ज्याङ्गमा पुगेपछि त्यहाँ बसी सबैले चिया पियौं । त्यहाँबाट गई चिसापानी गढीमा हामी सबैलाई जम्मा गरी हामीलाई बुझाएर पूर्जी लिई सिपाहींहरू काठमाण्डौ तिर फर्के ।

## (४) फेरि यता उति

हामी काठमाण्डौ छोडेर भिमफेदीमा साहु द्वारिका प्रसाद मानन्धरको घरमा बस्यौं । भोलिपल्ट रक्सौल गयौं । त्यहाँबाट कोही नौतनवा कोही कलकत्ता, कोही कालिम्पोङ्ग तिर लाग्यौं । म, सुबोधानन्द र प्रज्ञारश्मि कुशीनगर गएँ । भएको

Downloaded from http://dhamma.digital

हालखबर सबै चन्द्रमणि गुरूजीलाई सुनाएँ। त्यहीं वर्षावास बसें।

कुशीनगरमा बसिरहँदा साहु मणिहर्षज्यू कुशीनगरमा हाम्रो हेर विचार गर्न आए। 'काठमाण्डौबाट अनागारिकाहरू पनि पठाए बस्नलाई ठाउँ पुग्दैन होला' भन्ने विचारले उनी हेर्न आएका रहेछन्। अनि उनले भने कि– 'अरू (केही) नभए पनि बस्न ठाउँ एउटा त बनाउनु पर्ला। कति पैसा लाग्ला ?" अनागारिकाहरू पठाए भने त ठाउँ पुग्दैन' भनी मैले भनें। 'अहिले तुरन्तै क्याम्प एउटा बनाई खरको छानाले छाएर भए पनि स–साना घरहरू बनाई राख्नु पर्ला' भन्ने सल्लाहा भयो। 'त्यति गर्न खर्च कति लाग्ला' भनी उनले सोधे। तीन चार हज्जार जति लाग्ला' भनें। 'चार हज्जार रूपियाँ मैले दिने भएँ' भनी उनले भने। अनागारिकाहरू कोही कोही कुशीनगरमा आएर बसिसकेका थिए। तिनीहरूलाई खान पिनको केही ब्यवस्था गरी उनी फर्के। अनागारिकाहरूलाई महीना महीनाको खर्च पनि पठाई दिए। वर्षावास सिद्धिए पछि हामी सारनाथ बनारसमा गयौं। मणिहर्ष साहु पनि उहीं आए। त्यहाँ २,००० साल कार्तिक पूर्णिमाको दिन महास्थविर चन्द्रमणिज्यूको सभापतित्वमा धर्मोदय सभा एउटा पनि स्थापना भयो। साहुजीले त्यहीबेला हामी सबैलाई बोलाएर "कुशीनगरमा क्याम्प बनाउन" भनी ४,०००। रूपियाँ दिए। अर्को विशाखाले दान दिएको पसल बेचेको २,६००। रूपियाँ मध्ये आनन्दकुटी मन्दिरमा खर्च गरी बाँकी रहेको २०००। रूपियाँ

Downloaded from http://dhamma.digital

जम्मा ६,०००। रूपियाँ मलाई दिए। सभाको काम सबै सिध्याएर सारनाथको मेला भरेर उनी कालिम्पोङ्ग फर्के। हामीहरू पनि कुशीनगरमा नै फर्क्यौं। ३,०००। रूपियां उ कित्तिमा बावा कहाँ राखी अरू रूपियाँ मैले नै लिएर कुशीनगर गएँ। ५०, ६० हजार इँट लिने वन्दोवस्त गरें। पछि चन्द्रमणि गुरूजीले एक लाख इँट लिनु भयो। 'बढी भए बिक्री गर्नु परे पनि गरौंला' भन्नु भयो। जग्गाको विषयमा अति कुरा नमिलेकोले नबनाइकन वस्नु पर्‍यो। कुराको च्याङठ्याङ नमिलेकोले त्यो काम छोडी म कालिम्पोङ्ग गएँ। भाजुरत्न साहुको एघार माइलमा लिइराखेको घरमा गएर वसें। त्यहाँ बस्दाखेरि साहुजीले सबै कुरो सोधे। त्यस बेला "यो झन्झटमा लागिरहनु भन्दा दुयूलेमा गई एकान्तमा वसी भावना गर्न नै सबभन्दा बेस होला" भने झैं लाग्यो र मनमा लागेको कुरो साहुलाई भनें। साहुले भने "हुन्छ, त्यसो भए धर्मशाला वनाउने काम म नै गरूंला; तपाई जहाँ जान मन लाग्छ जानु होस्। तपाईले राम्रै मनमा राख्नु भयो। ल्हासातिर मात्र जानु भयो भने तपाईलाई मेरो जिन्दगी भर एकमाना ख्वाउन पुऱ्याइ राखुँला। धन्दा लिनु पर्दैन।" 'महादया' भनी मसंग भएको ३,०००। रूपियाँ भाजुरत्न साहुलाई बुझाई दिएँ। 'अरू रूपियाँ सारनाथमा उ कित्तिमा बावा कहाँ राखेर आएको छुँ' भनें। दुप्पा मुलुकमा म पहिले चीन जानु भन्दा पहिले वसेर आएको गुफामा नै जाने बिचार गरें। कालिम्पोङ्गबाट साहुहरूकै खच्चरबाट फारी सम्म पुऱ्याई दिए। फारीमा साहु-

Downloaded from http://dhamma.digital

हरूकै कोठीमा बस्न गएँ । साहुहरूको वेपार गर्ने मुदिताधरको साहुले मलाई चाहिने जति सामान पुऱ्याइ दिए । संयोगवश ल्हासाबाट सानो छोरो त्रिरत्न पनि त्यही दिन नेपालमा आउन फारी आइपुगेकोले हामी दुवैको त्यहीं भेट भयो, जसलाई मैले श्रीलंकामा लगी उसको दाजु अनिरूद्ध कहाँ छोडेर आएको थिएँ । त्यहाँ तीन वर्ष जति बसी दाजु अनिरूद्धसंग केही कुरोमा मत भेद भएकोले कलकत्तामा फर्केको थियो । त्यहाँबाट उसको मामा साहु महाधरले यो कुरो मलाई नेपालमा लेखेर पठाएको थियो । उसलाई काठमाडौं आउन दिनु भन्दा ल्हासामा मेरो दाजुको घरमा पठाई दिनु पर्ला' भन्ने विचारले "त्यहाँ जानू" भनी पठाएको थिएँ । त्यसबेला देखि एकपटक ल्हासामा भेट भएको थियो । त्यहाँबाट अहिले फारीमा भेट भयो । तिनोहरू फारीमा ६ सात दिन बसी कालिम्पोङ्ग गए । म १५,२० दिन बसेर दुगू पारू क्यों भन्ने ठाउँमा गएँ ।

त्यहाँबाट छुच्यासी भन्ने गुम्बामा पहिले बसेर आएको जङ्गल 'छ्यामकँन अर्थात गुफामा चार महीना जति बसें । त्यहाँ सबैले पहिलेकै जस्तै हेरविचार गरे । त्यहाँ चार महीना जति आनन्द पूर्वक बसिसकेपछि त्यहाँबाट ओर्लें । सात,आठ दिन यताउति हेर्न गएँ । अनि पहिलेको ञिधाः अर्थात पहिले ख्वाएर ल्याउने उहो पंबुको घरमा चार दिन बसें । फारीमा नै फर्कें । फारीमा आठ,दश दिन बसेर त्यहाँबाट घोमो पिपिथां भन्ने ठाउँ मा पंदाछाँको 'घुँइली अर्थात कारिन्दा पासां तेम्बा भन्ने कहाँ आएँ । मणिहर्ष साहुले उसकहाँ बस्न एउटा चिट्ठी पनि दिइ-

Downloaded from http://dhamma.digital

राखे रहेछ । पंदाछांले 'पिपिथाँमा बस्ने भए म कहाँ आउनू, मैले व्यवस्था मिलाई दिउँला' भनी लेखी पठाएको थियो। पहिले कालिम्पोङ्गबाट आए देखि पंदाछाँ घोमो देशको बडा हाकिम भइरहेका थियो । म पिपिथांमा पासां तेम्बाको घरमा पुगें । उनलाई पहिले नै मणिहर्ष साहुले भनेर पठाएका थिए– "भिक्षु धर्मालोक तपाई कहाँ आएर बस्न आउनु भयो भने उहाँलाई चाहिने खाने कुरो र अरू जे जे सामान चाहिन्छ जुटाइदिनु होला ।" यो कुरो उहाँले मलाई सुनाउनु भयो । त्यसैले होला उनले भने– "तपाईलाई बस्ने जह इक्छा लाग्छ त्यहाँ ठाउँको व्यवस्था गरी दिउँला ।" जङ्गलको कतै शून्य स्थानमा पानी र दाउरा प्रशस्त पाइने कुनै गुफामा 'छ्यामक' भएको ठाउँमा बस्न पाए हुन्थ्यो' भनी भनें। 'हुन्छ, बिचार गरूँला' भनी पासांतेम्बाको भाईले भने । त्यस पछि उनी पंदाँछांको घरमा गएछन् । उनले भने छन् "धर्मालोक भिक्षु आए। 'कहीं' गुफामा बस्न पाए हुन्थ्यो भन्नु भयो। उसलाई कहाँ राख्नु पर्ला ?" पंदाछांले भनेछन्– "खामबाट आएको एकजना लामा पहिले देखि माथि बसिरहेको छ। उस कहाँ गएर "त्यहाँ कसको ठाउँ खाली छ' बुझेर हेर्नू । बुझेर हेर्दा 'चुंग्य' भन्ने घोमोले बनाइ राखेको ठाउँ खाली छ' भनी थाहा पाएर उसलाई बोलाउन पठाएर सोद्धा उसले 'हुन्छ, त्यहीं राख्नू ! भन्यो । त्यहीं बस्ने लामालाई दिइराखेको छ। साँचो लिई मन लागेको बेलामा बस्न जानू ।" पंदाछांलाई यति भनेर ऊ गयो । अनि पंदाछां मकहाँ आएर भने– "लौ, ठाउँको

Downloaded from http://dhamma.digital

बन्दोवस्त भयो । तपाई कहिले जानु हुन्छ ?" मैले 'भोलि नै जान्छु' भन्दा पर्खनुस्, 'त्यहाँ दाउरा छ कि छैन हेर्न पठाउँला । एक, दुइ दिन बसेर पछि मात्र जानु होला' भने। उनको एउटा नोकरलाई पठाएर दाउरा लिइ राखेको छ, छैन । नभए जङ्गलमा गएर दाउरा अलि ल्याइ दिनू । भाडा कूडाँ र अरू के के चाहिने सबै छ, छैन सोधेर आउनू' भनेर पठाए । नोकर गएर 'त्यहाँ दाउरा प्रशस्तै लिइराखेको छ । भाडा वर्तन अरू चाहिने सामान सबै लामा कहाँ नै छन् ।" भन्ने खबर लिएर आयो । पर्सिपल्ट हेर्न गएँ । साँचै लामाले 'चाहिने चीज सबै दिउँला । केही ल्याउनु पर्दैन ।" भनेर ठाउँ पनि देखाएर पठाए । ठाउँ देखे पछि मन हलुका भयो । ठाउँ पनि एकान्त थियो । पानी लिन आउन मात्रै अलि टाढा । लामा कहाँ आएर लिन आउनु पर्थ्यो । त्यहाँ पनि वर्षादमा मात्र पानी आउँछ, हिउँदमा त अर्कै भीरमा गएर लिन जानु पर्छरे । ठाउँ हेरेर फर्के । मैले भोलिपल्टै वस्न जान्छु' भनेको तर उनीहरूले मानेनन् । 'पर्खनु होस, हामी कहाँ अलि दिन वस्नु पर्छ' भनेर दुइ, तीन, दिन पठाएनन् । चार दिन पछि म त्यहाँ वस्न गएँ । त्यहाँ वस्ने लामाले चाहिने भाडा कूँडा दिए । चार, पाँच गाग्री पानी अटाउने एउटा खासी र पानी लिन जाने ढ्याङ्ग पनि दिए । त्यहाँ आनन्द पूर्बक वसेँ । त्यस बेला आश्विन महीना थियो । मलाई देखेर तिनीहरू साह्रै खुशी भए । हप्ताको एक चोटि वाहीर निस्केर चार खेप पानी लिन आउँथें । आठ दिन सम्म कोही आउने भए हुँदैन्थ्यो । खाने–पिउने सबै पुऱ्याइ

Downloaded from http://dhamma.digital

दिएका थिए। एक महिना पछि पंदाछांले एक भारी चामल पुऱ्याउन पठाए। दुइ महिना जति पछि हिउँद आयो। नबु (ऊनको कपडा एक थान र भुवा उठेको सांगा एउटा फारीमा किनेर पठाएका थिए। त्यहाँ हिउँ पनि खूब पर्थ्यो। त्यस नबुं पासांतेम्वाको भाइ बुहारीले पहेँलो गरी रँगाइ दिइन्। त्यसको एउटा अन्तर वासक, एउटा वाउला भएको भोटो र टोपी एउटा लामाले सिई दिए। घोमोमा वसेको एउटा लामा भएकोले त्यहाँ मानिसहरू वरावर आएर दान दिन आउनेहरू थिए। दान दिन ल्याएको सबै लामाले लिइराख्थे। म हप्ताको एक पल्ट वाहिर आउँदा दान दिएको र चिट्ठी पत्र आएको जम्मा गरी सबै मलाई दिन्थे। चिट्ठी पठाउनु पर्ने पनि उसैलाई दिइराख्थे। उनले पठाइ दिन्थे। त्यहाँ स्यासिमा भन्ने ठाउँमा पोष्ट अफिस नजिक भएकोले सबैसंग चिट्ठी पत्र पनि आदान–प्रदान भयो। दुयूमा वस्दा खेरि कहींवाट चिट्ठीपत्र आउने बाटो नै थिएन। त्यहाँ पाँच, छ महिना बस्दा नेपालमा भइरहेको हाल खवर सुन्न र पत्रिकाहरू पनि हेर्न पाइयो। प्रश्न–उत्तर पनि गर्न पाइयो। पछि श्रीलंकावाट आयुष्मान अमृतानन्दले नारद भन्तेहरूलाई लिई नेपाल आउने खवर पाएँ। श्री ३ जुद्ध शम्शेर महाराज राजर्षि हुने हाल खवर सुनें। फेरि 'श्री ३ पद्म शम्शेर महाराज उदय भयो' भन्ने कुरो सुनें। अर्को यो खवर सुन्न पाएँ कि 'श्रीलंकावाट नारद भन्ते, प्रियदर्शी भन्ते, आयुष्मान अमृतानन्द, डा० रत्न सूर्य, प्रोफेसर आर्यपाल सहित एक शिष्ट–मण्डल नेपालमा जानु भयो। उहाँहरूले नेपालमा

Downloaded from http://dhamma.digital

स्थापना गर्न श्रीलंकाको अनुराधपुरमा पहिले पुरानो चैत्य जीर्णोद्धार गर्दा भेट्टिएका भगवान बुद्धका अस्थिधातु पनि ल्याउनु भएको रहेछ । यी सबै कुरो खोलेर पछि नेपालबाट खबर आयो कि काठमाण्डौ आउनु सजिलो पर्ने गरी कालिम्पोङ्गमा आइपुग्ने आदि आदि कुरा उल्लेख गरी आयुष्मान अमृतानन्दले पत्र पठाए। अनि म जङ्गलबाट ओर्लेर पासांतेम्वाको घरमा दुइ दिन बसी एक जना साथीसंग आएँ । घोमोबाट डेढ दिन जति आइसकेपछि पहाडमाथि–माथिसम्म पक्की सडक बनाइरहेकी देखें । पहिले नदेखेको बाटो देखेर सोद्धा 'यो सडक ग्याङतोक देखि फारीसम्म बनाउने रे' भने । नयाँ बाटोले गर्दा पहिले भन्दा ज्यादै सुविधा भयो । चार दिनमा ग्यानतोक पुगियो । त्यसको भोलिपल्ट मोटरबाट कालिम्पोङ्ग आएँ ।

## (५) आनन्दकुटीमा आनन्द

कालिम्पोङ्ग आइपुगेको चार, पाँच दिनपछि 'नेपालभित्र पस्ने अनुमति प्राप्त भयो' भन्ने चिट्ठी आयो । नारद भन्तेहरू नेपाल आउनु भई मैले भीमफेदीमा नासो राखि छोडेको भगवान बुद्धको मूर्ति आनन्दकुटीमा ल्याई प्रतिष्ठा पनि गरे क्यारे । पछि आयुष्मान अमृतानन्दलाई श्री ३ महाराजले 'नेपालबाट निष्काशित सबै भिक्षुहरू भित्र ल्याउनू' भन्ने हुकुम भयो । त्यसैले सब भन्दा पहिले मलाई तार आयो । तार आउने बित्तिकै म कालिम्पोङ्गबाट रक्सौल आएँ। तर बीरगंजमा हुकुमको प्रमाङ्गी नआएकोले सात, आठ दिन त्यसै त्यहीं बस्नु

Downloaded from http://dhamma.digital

पऱ्यो । त्यसबेला हिमालयको छेऊ टण्डा ठाउँमा बसेर आएकोले त्यहाँ जेष्ठ महीनाको गरम खप्न सार्है मुस्किल पऱ्यो । काठमाडौंबाट 'आज–भोलि नै आउँला' भन्ने टेलिफोन आइरहन्थ्यो । म भने त्यहाँ बस्नै नसक्ने भएँ । फेरि कालिम्पोङ्ग नै जाने बिचार गरें । त्यहीबेला टेलिफोन आयो । अनि बीरगंज गोस्वराले मलाई राहदानी दियो । भीमफेदी आइपुग्दा 'चाडै आउनु होस्' भनो टेलिफोन आयो । त्यहाँ एक रात बसी भोलिपल्ट भीमफेदीबाट हिंडेर एकै दिनमा २००३ साल जेष्ठ शुक्ल षष्ठी (६) को दिन काठमाडौं आइपुगें । सार्है थकाई लागेकोले छाउनीमा आधा घण्टा जति उतानो परि सुतें । स्वागत गर्न आउने उपासकहरू तीन, चार जना थिए । आनन्दकुटी पुग्दा बेलुका ७, ८ बज्यो । सबै ठाउँमा बत्ती बली सके । विजुली पनि सबै ठाउँमा झिलिमिली पारेका थिए । मुस्कुराएका उपासक, उपासिकाहरू पनि जम्मा भएका थिए । जाने बित्तिकै मन्दिरमा गएँ । भगवान बुद्धको मूर्ति स्थापना गर्ने उपासक, उपासिकाहरूलाई मेरो हृदयदेखि धन्यवाद दिएँ । फेरि परालको छानाले छाएर गएको घर वरण्डा राखी पक्की गरी तयार गरी राखेको देखें । त्यसबेला पनि उपासकहरूलाई हार्दिक धन्यबाद दिएँ । यसमा उपासकहरूले सार्है दुःख कष्ट सहेर 'गुमाइसकेको ठाउँलाई रक्षा गरी स्वर्ग तुल्य गराई राखें' भन्ने मनमा लागी ठूलो हर्ष भयो । मैले छोडेर जाँदा मन्दिर पनि सिद्धिएका थिएन । बलम्बु आइपुग्दा त्यहाँका उपासकहरूले भनेका थिए– 'मन्दिर तलैदेखि भत्काई बनाउनु पऱ्यो । बुद्धको मूर्ति भीमफेदी-

Downloaded from http://dhamma.digital

वाट ल्याएर स्थापना गरी सके ।' तिनीहरूको कुरा सुने पनि यत्तिको होला भन्ने विचार गरेको थिएन । साच्चै आएर हेर्दा त मलाई हुन सम्मको आनन्द अनुभव भयो । भगवान बुद्धको दर्शन गरिरहँदा बिजुलीको नीलो–नीलो रङ्ग भगवानको शरीरमा परेको दृश्य देख्दा त्यस वखत मेरो चित्त श्रद्धाले यति विभोर भयो कि त्यो क्षण मैले कहिल्यैं विर्सन सकिन । केही बेरपछि उठेर मनमनै राजालाई पनि धन्यवाद दिएं । अनि नारद भन्ते कहाँ गएर वन्दना गरें । उहाँ साहै खुशी हुनु भयो । 'केवल तपाईं आइपुग्नु नभएकोले मात्र पर्खिरहेको, अब आइपुग्नु भयो, राम्रो भयो' भनी भन्नु भयो । अरू हालखवर पनि सुनाउनु भयो । मसंग पनि केही खवर सोध्नु भयो । आनन्दकुटीमा वसिरहेका सबैको मन सन्तोष भएको देखी मलाई साच्चै नै आनन्दकुटोमा आनन्द अनुभव भयो । भोलिपल्ट सबै हेर्न आए । निराशा भइसकेका भन्तेहरूलाई फेरि भेटन पाएकोले सबै हर्षित थिए । धन्य नारद भन्तेहरूका दया । नेपालको बुद्ध शासनको निमित्त नारद भन्तेहरूले यति कष्ट नगरिदिनु भएको भए यति चाँडै नेपालमा शुद्ध बुद्ध शासन आशाको वदला निराशामा परिणत हुने थियो ।

स्थविर धर्मालोकको नेपाली अनुदित 'महाचीन–यात्रा' समाप्त भयो ।

–शुभम्–

Downloaded from http://dhamma.digital